सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० जेठ २०८१, बिहीबार (23 May 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ प्रधानमन्त्रीलाई सम्पादकहरूको ध्यानाकर्षण–

प्रेसमाथि दबाब र त्रास सिर्जना गर्न सिरोहियालाई पक्राउ गरियो



अदालतले नै पक्राउ गर्न आदेश दिएको अवस्थामा मैले त्यसो नगर्दै भन्न मिलेन, त्यसैले उहाँको पक्राउसम्बन्धी जिम्मेवारी मैले लिनुपर्छ, लिन्छु।

■ कांग्रेसले भन्यो- सिरोहिया पक्राउमा सरकारको बदनियत र प्रतिशोध

■ सर्वसाधारण र मन्त्रीलाई समान रूपमा कानुन लागू होस् : राप्रपा

■ सिरोहियाको पक्षमा जनकपुरका व्यापारी र नागरिक समाजको प्रदर्शन

अनुसन्धानका लागि सिरोहियालाई तीन दिन थुनामा राख्न अनुमति



कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई तीन दिन थुनामा राखेर अनुसन्धान गर्न धनुषा जिल्ला अदालतले अनुमति दिएको छ। मंगलबार काठमाडौंबाट पक्राउ परेका उनलाई बुधबार अदालतमा उपस्थित गराइएको थियो। करिब ४ घण्टा लामो बहसपछि मुख्य न्यायाधीश चूडामणि खड्काको इजलासले सिरोहियालाई पक्राउ परेको मितिदेखि लागू हुने गरी तीन दिन थुनामा राख्न अनुमति दिएको हो।

सिरोहियाको नागरिकता नम्बर त्यसअघि नै धनुषाका शिवजी साहु तेलीको नाममा देखिएको, नागरिकता लिँदा पेस परेको कागजातको अभिलेख फेला नपरेकोलगायतका विभिन्न ६ बुँदे कारण देखाई प्रहरीले अनुसन्धानका लागि ११ दिन थुनामा राख्ने गरी सरकारी वकिल कार्यालय धनुषामा अभियोगपत्र दर्ता गराएको थियो। सरकारी वकिल कार्यालयले भने सिरोहियालाई अनुसन्धानका लागि पाँच दिन थुनामा राख्न माग गरेको थियो।

सिरोहियाको पक्षमा काठमाडौंबाट रमणकुमार कर्ण, जनकपुरका वरिष्ठ अधिवक्ता विनोद शर्मा, नवलकिशोर लाभसहितले बहस गरेका थिए, भने सरकारको तर्फबाट धनुषाका सरकारी वकिल सुमन दंगालले बहस गरेका थिए।

अदालतको अनुमति लिएर अनुसन्धान गरिनु प्रेस स्वतन्त्रता हनन होइन : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टीले कान्तिपुरका अध्यक्ष कैलाश सिरोहिया पक्राउ सम्बन्धमा अपव्याख्या गरिएको टिप्पणी गरेको छ। महामन्त्री डा. मुकुल ढकालले बुधबार जारी गरेको विज्ञप्तिमा पत्रकार र सञ्चार उद्यमी एकै नहुने उल्लेख छ। 'नाफामूलक निजी व्यवसाय गर्ने व्यक्ति र समाचार लेख्ने श्रमजीवी पत्रकार एकै होइनन्। अदालतको अनुमति लिएर पर्याप्त आधारसहित अनुसन्धान गरिनु प्रेस स्वतन्त्रताको हनन होइन। यसको अपव्याख्याले प्रेसलाई स्वतन्त्र होइन अनुचित लेनदेनको दासी सञ्जाल बनाउँछ,' विज्ञप्तिमा भनिएको छ, 'न्यायको विधि पुगोस्। सञ्चारमाध्यमहरू लोभ, त्रास र सौदाबाजीका अस्त्र बने भने राज्य जान्पर्छ भन्ने सन्देश जनतामा जाओस्। अन्ततः लोकतान्त्रिक कानुनी राज्यको जित होस्।'

सिरोहियाको पक्राउले 'कानुनभन्दा माथि कोही हुँदैन' भन्ने मान्यता स्थापित गरेको रास्वपाको दाबी छ। 'विधिको शासनको अर्को सौन्दर्य हो- कानुनभन्दा माथि कोही हुँदैन। जो जतिसुकै शक्तिशाली भए पनि कानुनको पालना सबैले गर्नैपर्छ भन्ने मान्यता स्थापित हुनु लोकतन्त्रको जित हो,' विज्ञप्तिमा भनिएको छ।

प्रेस स्वतन्त्रता, जवाफदेही र पारदर्शितामा अमेरिकी चासो

नयाँ पत्रिका

कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई कार्यालयबाटै पक्राउ गरिएको सम्बन्धमा विभिन्न मिडियाका सम्पादकहरूले गम्भीर आपत्ति जनाउँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षण गराएका छन्। प्रेसमाथि दबाब र त्रास सिर्जना गर्ने उद्देश्यसहित सिरोहियालाई पक्राउ गरिएको उनीहरूको भनाइ छ।

'जुन परिस्थितिमा, जस्तो आरोप लगाएर, जसरी गिरफ्तार गरियो, त्यसले गम्भीर प्रश्न खडा गरेको छ। कुनै पनि सञ्चारगृहभित्र प्रहरी प्रवेश गरी पक्राउ गरिएको घटनालाई हामीले प्रेसमाथि दबाब र त्रास सिर्जना गर्ने उद्देश्यका रूपमा लिएका छौं,' प्रधानमन्त्रीलाई दिइएको ध्यानाकर्षणपत्रमा भनिएको छ, 'उनलाई लगाइएका आरोपबारे सरकारी निकायले कहिल्यै सोधपुछ गरेको छैन। हिजो एक्कासि उनलाई नागरिकतासँग जोडिएका केही प्राविधिक विषयलाई लिएर गिरफ्तार गरिएको छ। यो विषय अब अदालतले नै निरूपण गर्नेछ।'

सञ्चारमाध्यमभित्र प्रवेश गरी सरकार धरपकडमा उत्रिनुले गम्भीर प्रश्नचिह्न खडा गरेको सम्पादकहरूको बताएका छन्। 'नेपालको कानुन सबै नागरिकले समान रूपमा पालना गर्नुपर्छ र सिरोहियाले कानुनविपरीत कुनै पनि काम गरेका भए कानुनले तोकेबमोजिम सजाय भोग्नुपर्छ।

» पृष्ठ २ मा क्रमशः

विकल पौडेलविरुद्ध विशेषमा अर्को मुद्दा दायर

पाँच वर्षमा ६२ करोड अवैध आर्जन

एक दिनअघि मात्रै सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा नौ करोड ६२ लाख भ्रष्टाचारमा दोषी देखिएका पौडेलमाथि पछिल्लो पाँच वर्षमा ६२ करोड अवैध सम्पत्ति आर्जनको अर्को मुद्दा दायर, अब तीन मुद्दा विचाराधीन

सुवास भट्ट/नयाँ पत्रिका

सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा भ्रष्टाचार गरेको पुष्टि गर्दै विशेष अदालतबाट दोषी ठहर भएका सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा अर्को मुद्दा दायर भएको छ। पौडेलले केन्द्रको कार्यकारी प्रमुख रहँदा पाँच वर्षमा ६२ करोड रुपैयाँ गैरकानुनी आर्जन गरेको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। प्रेस खरिदमै अनियमितता गरेको र सरकारी पदमै रहँदा अमेरिकाको पिआर लिएको प्रकरणमा विकलविरुद्ध विशेषमै अन्य दुई मुद्दा पनि विचाराधीन छन्।

विकलले केन्द्रको प्रमुख छँदा आर्थिक वर्ष ०७४/७५ देखि ०७९/८० सम्मको अवधिमा उक्त गैरकानुनी सम्पत्ति आर्जन गरेको अख्तियारको दाबी छ। उनले पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य गतिविधिबाट आर्जित सम्पत्ति आफू र परिवारका सदस्यका नाममा देश-विदेशमा व्यवस्थापन गरेको देखिएको छ। अख्तियारले अनुसन्धानका क्रममा विकलको पाँच वर्षको आय-व्ययको विश्लेषण गरेको थियो। पारिश्रमिक बचत, सेयर बिक्री, बैंक मौज्दातलगायत गरी उनको कुल आम्दानी दुई करोड एक लाख ४३ हजार आठ सय

» पृष्ठ २ मा क्रमशः

पदको दुरुपयोग गरेर के-के गरे पौडेलले ?



- ठूला ठेक्काहरूको टेन्डर कोटेसन आफैंले बनाउने, चाहेका ठेकेदारहरूसँग मात्र ठेक्का सम्झौता
- विदेशी ठेकेदारद्वारा पौडेलको अमेरिका र सिंगापुरको खातामा कमिसनबापत २९ करोड डिपोजिट
- पदमा रहँदै सरकारको स्वीकृतिविनै सिंगापुरका दुई कम्पनीमा परामर्शदाता नियुक्त
- सिंगापुरमा बिक्री एजेन्ट भएर कमिसनबापत १० लाख ४९ हजार डलर बुझे
- पटकपटक गरी तीन करोड ७८ लाख चारजनालाई ट्रान्सफर
- सिंगापुरस्थित प्रुडियन्सल इन्स्योरेन्समा दुई करोड ४४ लाखको प्रिमियम भुक्तानी गरी जीवन बिमा गरे
- सिंगापुरकै युनाइटेड ओभरसिज बैंकमा दुई लाख अमेरिकी डलर लगानी
- कमिसनबापत दुई लाख १४ हजार डलर अमेरिकाको बैंकमा डिपोजिट
- कमिसनको पैसाले दुई अमेरिकी कम्पनीमा १३ करोड नौ लाख ९७ हजार २७६ रुपैयाँबराबरको सेयर खरिद
- नेपालमा सेयर र बैंक तथा वित्तीय संस्थामा ३८ लाख २७ हजार मौज्दात
- कमिसनबापत बुझेको रकमबाट अंशबन्डापश्चात् पनि बुबाआमाको नाममा घर जग्गा, सेयर र सवारीसाधनमा सात करोड ३२ लाख लगानी
- पत्नी एलिना बस्नेतका नाममा ६ करोड पाँच लाखमा अमेरिकामा घर खरिद
- सम्पत्ति लुकाउन अंशबन्डा गरी बकसपत्रका रूपमा एक करोड ७० लाख

■ चार महिनादेखि अख्तियारको हिरासतमा

विकल विगत चार महिनादेखि अख्तियारको हिरासतमा छन्। यसअघि चूडामणि शर्मा पनि करिब चार महिना अख्तियारको हिरासतमा बसेका थिए। पटक-पटक गरेर अख्तियारले आरोपीलाई ६ महिनासम्म हिरासतमा राख्न पाउने व्यवस्था छ। उजुरीमाथि छानबिन गर्न भन्दै अख्तियारले गत १० माघमा विकललाई पक्राउ गरेको थियो। मुद्दा अदालतमा विचाराधीन रहँदै विशेषमा उपस्थित हुनुपर्ने पत्रसमेत नबुझेर उनी फरार रहँदै आएका थिए। अख्तियारले नियन्त्रणमा लिने प्रयास गरे पनि पुस पहिलो साता विकल दुबई हुँदै अमेरिका भागेका थिए। गैरकानुनी सम्पत्ति आर्जनको उजुरीमाथि छानबिन अघि बढाइएपछि सम्पत्ति विदेश लैजाने र उतै 'सेटल' हुने उनको तयारी थियो। कामविशेषले नेपाल आएको सूचना पाएपछि अख्तियारले आफ्नो संयन्त्रमार्फत टोली खटाएर नियन्त्रणमा लिएको थियो।

■ सेक्युरिटी प्रेस खरिदमा मंगलबार मात्रै दोषी ठहर

सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा भ्रष्टाचार गरेको पुष्टि भएपछि विशेष अदालतले विकललाई मंगलबार मात्रै दोषी ठहर गरी फैसला सुनाएको थियो। अख्तियारले दायर गरेको मुद्दामा एक वर्षपछि विशेषले फैसला सुनाएको हो। उक्त मुद्दामा विकलसहित चारजना दोषी ठहर भएका छन् भने पाँचजनाले सफाइ पाएका छन्। अख्तियारले नौजनालाई प्रतिवादी बनाएर ३ वैशाख ०८० मा उनीहरूविरुद्ध मुद्दा दायर गरेको थियो।

केन्द्रको प्रमुख कार्यकारी निर्देशक रही निर्णायक भूमिकामा रहेका विकलका कारण नौ करोड ६२ लाख रुपैयाँभन्दा बढीको नोक्सानी भएको इजलासको ठहर छ। पौडेलले आफूमातहतका कर्मचारीलाई टिप्पणी तथा राय पेस गर्न लगाई टिप्पणी स्वीकृत गरी आफैंले नै सम्झौता गरेको, तर सम्झौताविपरीतका सामान स्वीकार गरी भुक्तानीसमेत गरेको भन्दै उनीविरुद्धको कसुर पुष्टि हुने फैसला भएको हो। पौडेललाई विशेषले दुई वर्ष कैद तथा बिगोको दामासाहीले हुन आउने रकम २५ करोड ४७ लाख रुपैयाँ जरिवाना तथा बिगोबराबरको रकम असुल हुने फैसला गरेको छ।

■ पौडेलविरुद्ध विशेष अदालतमा तीन मुद्दा विचाराधीन

गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा बुधबार अख्तियारले मुद्दा दायर गरेसँगै विशेष अदालतमा विकलविरुद्ध अब तीन मुद्दा दायर भएका छन्। यसअघि गत ३० वैशाखमा अख्तियारले प्रेस खरिद अनियमितताको आरोपमा ४० करोड रुपैयाँ बिगो कायम गरी उनीविरुद्ध मुद्दा दायर गरेको थियो। त्यस्तै, यसअघि सरकारी पदमै रहँदा अमेरिकाको पिआर लिएको भन्दै अर्को मुद्दा पनि दायर भएकोमा विचाराधीन नै छ।

संसदीय समिति छानबिनमा कांग्रेसको अडान कायमै

सरकार गैरजिम्मेवार, अनुदार, स्वेच्छाचारी, अलोकतान्त्रिक र निरंकुशताउन्मुख हुँदै गएको कांग्रेसको ठहर, सरकारी रवैया र प्रवृत्तिविरुद्ध संघ र प्रदेश संसद् तथा सडकबाट सशक्त प्रतिरोध गर्ने निर्णय

काठमाडौं/ कांग्रेसले विभिन्न सहकारी संस्थाका बचतकर्ताको बचत फिर्ता र सहकारी ठगी गर्नेमाथिको कारबाही सुनिश्चितता गर्न संसदीय समिति छानबिनको माग दोहोऱ्याएको छ। बुधबार बसेको पार्टीको केन्द्रीय कार्यसमिति र संसदीय दलको बैठकले सहकारी ठगी र अपचलनमा उपप्रधानमन्त्री तथा गृहमन्त्रीको संलग्नताबारे संसदीय विशेष छानबिन समितिको माग गरेको हो।

सुप्रिम, सूर्यदर्शन, सुवर्णलक्ष्मी, सहारालगायत विभिन्न सहकारीमा बचतकर्ताले राखेको बचत रकमको सुरक्षाको ग्यारेन्टी गर्न, बचत हिनामिना भएका बचतकर्ताको रकम फिर्ता गर्न, गैरकानुनी रूपमा रकम लेनदेन, ठगी र अपचलनमा संलग्न गोरखा मिडिया नेटवर्क प्रालिलगायतका कम्पनी, संलग्न व्यक्ति, कम्पनी सञ्चालक, सहकारी सञ्चालकलगायतमाथि छानबिन गरी कारबाही गर्ने सुनिश्चितता गर्न संसदीय छानबिन विशेष समितिको गठन हुनुपर्ने कांग्रेसको माग छ।

'विभिन्न सहकारीबाट रवि लामिछाने संलग्न गोरखा मिडिया नेटवर्क प्रालिलगायतका निजी कम्पनीमा सहकारी ऐन र प्रचलित कानुनविपरीत रकम लिने-दिने, संगठित रूपमा ठगी गर्ने, अनुचित लाभ लिने, बचतकर्ताको रकम दुरुपयोग गरी अपचलन गर्ने सम्बन्धमा सत्यतथ्य छानबिन गरी त्यस्तो कार्य गर्ने, सो कार्य गर्न मद्दत गर्ने व्यक्ति, संस्था, सहकारी सञ्चालक, कम्पनी सञ्चालक, प्रबन्ध सञ्चालकसमेतको अध्ययन गरी त्यस्ता कम्पनीबाट बचतकर्ताको बचत फिर्ता गर्न र कम्पनी र

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

भारतको निजी कम्पनी नेपाली बिजुली किन्न इच्छुक

टाटा पावरले पठायो दैनिक २०० मेगावाट किन्ने प्रस्ताव

सरकारी कम्पनीलाई मात्रै बिजुली बिक्री गरिरहेको विद्युत् प्राधिकरणलाई पहिलोपटक भारतको निजी क्षेत्रको आकर्षक प्रस्ताव, **हाल निर्यात गरिरहेकोभन्दा प्रतियुनिट १.०४ रुपैयाँ बढीमा खरिद गर्न इच्छुक**



मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतको निजी क्षेत्रले पहिलोपटक नेपालबाट बिजुली किन्ने प्रस्ताव पठाएको छ। टाटा पावरले यही बर्खामा दैनिक दुई सय मेगावाट बिजुली किन्ने प्रस्ताव ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई पठाएको हो।

तीन वर्षदेखि विद्युत् प्राधिकरणले भारतको दुई सरकारी कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन) र पावर ट्रेड कर्पोरेसन (पिटिसी) इन्डियामार्फत भारतमा विद्युत् निर्यात गरिरहेको छ। बर्खामा पर्याप्त मात्रामा बिजुली दिन सक्ने प्राधिकरणको पत्रपछि भारतीय निजी कम्पनीले पनि इच्छा देखाएको हो। प्राधिकरणले बर्खामा दैनिक १२ सय मेगावाटसम्म बिजुली भारतलाई दिन सक्ने प्रस्ताव पठाएको थियो। सरकार र निजी क्षेत्र साझेदार (बिटुजी मोडेल)मा विद्युत् किन्ने टाटाको प्रस्ताव छ।

ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले भारतको टाटा पावरबाट विद्युत् किन्ने प्रस्ताव आएको जानकारी दिँदै निर्यातका लागि सकारात्मक रहेको बताए। 'अहिले भारतको सरकारी कम्पनीसँग मात्रै विद्युत् व्यापार भइरहेको छ। तर, त्यहाँको निजी क्षेत्रको कम्पनीले पनि विद्युत् किन्ने प्रस्ताव पठाएको छ,' उनले भने, 'त्यो प्रस्ताव हामीले यसै हप्ता नेपाल विद्युत् प्राधिकरणमा पठाएका छौं।'

नेपालभित्र र अन्तरदेशीय विद्युत् व्यापार गर्ने अधिकार प्राधिकरणलाई मात्रै छ। त्यसैले यससम्बन्धी आवश्यक कामकारबाही प्राधिकरणले नै अगाडि बढाउने ऊर्जासचिव सुशीलचन्द्र तिवारीले बताए।

टाटा पावरले भारतका सरकारी कम्पनीले दिइरहेकोभन्दा बढी मूल्य दिने गरी विद्युत् किन्ने प्रस्तावसमेत गरेको छ। अहिले प्राधिकरणले खुला बजारबाहेकको अवस्थामा एनभिभिएन र पिटिसी इन्डियासँग प्रतियुनिट ५.२५ भारु (८ रुपैयाँ ४० पैसा) मा मध्यकालीन मोडेलमा विद्युत् बिक्री गरिरहेको छ। टाटाले त्योभन्दा बढी प्रतियुनिट ५.९० भारु (९ रुपैयाँ ४४ पैसा) दिने प्रस्ताव पठाएको छ। जुन हाल कायम दररेटभन्दा प्रतियुनिट एक रुपैयाँ चार पैसा बढी हो।

टाटाले आगामी तीनदेखि पाँच वर्षसम्म बर्खायाम (जुनदेखि अक्टोबरसम्म) मा बिजुली किन्ने र पश्चिम बंगाल राज्यमा विद्युत् बिक्री गर्ने प्रस्तावमा उल्लेख गरेको छ। प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले टाटाको प्रस्तावबारे पर्याप्त जानकारी नभएको, तर टाटाबाट प्रस्ताव आएको भए मुलुकका लागि धेरै सकारात्मक भएको बताए।

» पृष्ठ २ मा क्रमशः

ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंह भन्छन्–



अहिले भारतको सरकारी कम्पनीसँग मात्रै विद्युत् व्यापार भइरहेको छ। तर, त्यहाँको निजी क्षेत्रको कम्पनीले पनि विद्युत् किन्ने प्रस्ताव पठाएको छ। त्यो प्रस्ताव हामीले यसै हप्ता नेपाल विद्युत् प्राधिकरणमा पठाएका छौं।

■ भारतको निजी क्षेत्रसँग २२ सय मेगावाट निर्यातको समझदारी

नेपाल र भारतका निजी क्षेत्रबीच विद्युत् खरिद-बिक्री गर्ने समझदारी यसअघि नै भइसकेको छ। ०८० वैशाखमा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले काठमाडौंमा आयोजना गरेको पावर समिटमा नेपाल र भारतका निजी क्षेत्रबीच २२ सय मेगावाट विद्युत् खरिद-बिक्री गर्ने समझदारी भएको थियो। इप्पानले नै स्थापना गरेको नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स)ले भारतका विभिन्न कम्पनीसँग यस्तो समझदारी गरेको थियो।

तर, सरकारले निजी क्षेत्रलाई विद्युत् व्यापारका लागि लाइसेन्स नदिँदा उक्त समझदारी कार्यान्वयनमा आउन सकेको छैन। संसद्मा विचाराधीन विद्युत् विधेयकमा भने निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने प्रस्ताव छ।

सगरमाथामा रेकर्ड बनाउँदै तोड्दै कामिरिता

३०औँपटक सफल आरोहण

पवन तिमिल्सिना/नयाँ पत्रिका

आरोही कामिरिता शेर्पाले सगरमाथामा ३०औँपटक सफल आरोहण गरेर फेरि आफ्नै रेकर्ड तोडेका छन्। सबैभन्दा धेरैपटक सगरमाथा चढेको रेकर्ड बनाउँदै, आफ्नै रेकर्ड पुनः तोड्दै आएका कामिरिताले बुधबार बिहान ७ बजेर ४९ मिनेटमा ३०औँपटक कीर्तिमान राखेका हुन्।



कामिरितालाई पछ्याउँदै पासाङदावा

उनले गत ३० वैशाखमा २९औँपटक सगरमाथा चढेर नयाँ रेकर्ड बनाएका थिए। तर, यही सिजनमा दोस्रोपटक सगरमाथा चढ्दै उनले आफ्नै नामको रेकर्ड तोडेको सेभेन समिट ट्रेक्सका प्रबन्ध निर्देशक टासी लाक्पा शेर्पाले जनाए। कामिरिता सेभेन समिटको वरिष्ठ गाइडसमेत हुन्।

'यो आरोहणले उनलाई व्यक्तिगत रूपमा सगरमाथाको सबैभन्दा सफल आरोहणको उपाधि दिलाएको छ,' सेभेन समिटको तर्फबाट विज्ञप्ति जारी गर्दै टासीले भनेका छन्। कामिरिता करिब २० आरोहीसहितको पर्वतारोहण टोलीको नेतृत्व गरेर गएका थिए।


सोलुखुम्बुको थामे गाउँका ५४ वर्षीय कामिरिताले सन् १९९२ मा २२ वर्षको उमेरदेखि हिमाल आरोहण थालेका थिए। उनले सुरुका दिनमा आरोहण दलको सहयोगी भएर काम गरेका थिए। सन् १९९४ मा २४ वर्षको उमेरमा सगरमाथाको चुचुरोमा पहिलोपटक उनले पाइला राखेका थिए। १७ जनवरी १९७० मा जन्मेका कामिरिता दुई दशकभन्दा बढी समयदेखि पर्वतारोहणको क्षेत्रमा क्रियाशील रहेको सेभेन समिटले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः



कामिरिता शेर्पाको सगरमाथा आरोहण

- ३१ वैशाख ०५१
- ११ जेठ ०५४
- ११ जेठ ०५५
- ३० वैशाख ०५६
- १० जेठ ०५७
- ११ जेठ ०५९
- १६ जेठ ०६०
- ११ जेठ ०६१
- १६ जेठ ०६२
- ६ जेठ ०६३
- ८ जेठ ०६४
- ११ जेठ ०६५
- २२ वैशाख ०६६
- ९ जेठ ०६६
- २२ वैशाख ०६७
- १० जेठ ०६७
- ५ जेठ ०६९
- २७ वैशाख ०७०
- ८ जेठ ०७०
- ७ जेठ ०७३
- १३ जेठ ०७४
- २ जेठ ०७५
- १ जेठ ०७६
- ७ जेठ ०७६
- २४ वैशाख ०७८
- २४ वैशाख ०७९
- ३ जेठ ०८०
- ९ जेठ ०८०
- ३० वैशाख ०८१
- ९ जेठ ०८१



■ आठ दिनमै तीनपटक सगरमाथा चढेर अर्को रेकर्ड

सेभेन समिटका गाइड दाबाफिन्जोक शेर्पाले आठ दिन १३ घण्टा ३५ मिनेटमा तीनपटक सगरमाथा चढेर नयाँ रेकर्ड बनाएका छन्। उनले १२ मे, १७ मे र २० मेमा सगरमाथा चुचुरोमा पाइला टेकेका हुन्। उनले पूरक अक्सिजनको प्रयोग गरेर सगरमाथा चढेको सेभेन समिटले जनाएको छ।

प्रेसमाथि...

पृष्ठ १ बाट क्रमशः

यसका लागि आफू तयार रहेको सिरोहिया स्वयंले पनि सार्वजनिक रूपमै बताइसकेका छन्,' ध्यानाकर्षणपत्रमा भनिएको छ। प्रधानमन्त्रीनिवास बालुवाटार पुगेर सम्पादकहरूले ज्ञापनपत्र बुझाएका हुन्।

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले प्रतिशोध साँध्ने उद्देश्यले सिरोहियालाई पक्राउ गरिएको दाबी सम्पादकहरूको छ। सिरोहियालाई पक्राउ गर्नुको मुख्य कारण सहकारी ठगीसँग सम्बन्धित समाचार रहेको ध्यानाकर्षणपत्रमा उल्लेख छ। 'गृहमन्त्री रवि लामिछाने स्वयं र उनी पहिले साझेदार रहेको गोर्खा मिडिया नेटवर्कले विभिन्न सहकारीमा आममानिसले राखेको करिब एक अर्ब रुपैयाँ अपचलन गरेका समाचार मिडियाले निरन्तर लेखिरहेका छन्। मिडियाले लेखेका यिनै समाचारलाई उनले गरिमामय संसद्मा उभिएर आफूमाथि 'मिडिया ट्रायल' भएको बताएका छन्,' ध्यानाकर्षणपत्रमा उल्लेख छ, 'जब कि पालिका तहमा भएका छानबिन र स्वयं नेपाल प्रहरीको सिआइबीले गरेका छानबिनले उनी र उनी सञ्चालक रहेको मिडिया कम्पनीले सहकारीको रकम हिनामिना गरेको स्थापित गरेका छन्। सत्ता दुरुपयोग गरेर आफूमाथि अभियोजन हुने र मुद्दा लाग्ने कुरालाई गृहमन्त्रीले रोकेका छन्।'

गृहमन्त्री लामिछानेले सत्ता दुरूपयोग गरेर आफूमाथि अभियोजन हुने र मुद्दा लाग्ने कुरालाई रोकेको जिकिर गर्दै ध्यानाकर्षणपत्रमा भनिएको छ, 'हामी यसबारे पनि प्रधानमन्त्रीको ध्यानाकृष्ट गराउन चाहन्छौँ र उनीमाथि प्रहरीले गरिरहेको छानबिन निष्पक्षतापूर्वक अघि बढाउने र मुद्दाको निष्पक्षतापूर्वक अभियोजन हुने वातावरण बनाउनु तपाईंको जिम्मेवारी रहेको स्मरण गराउँछौँ।'

दुई देशको राहदानी बोकेको गम्भीर कसुरमा गृहमन्त्री लामिछाने सजायको भागीदार रहेको पनि सम्पादकहरूको भनाइ छ। 'प्रधानमन्त्रीज्यू, हामी तपाईंलाई स्मरण गराउन चाहन्छौँ- तपाईंको सरकारमा पहिलोपटक गृहमन्त्री बन्दा रवि लामिछाने नेपालका नागरिक थिएनन्। अदालतको फैसलापछि उनले नेपालको नागरिकता पुनः प्राप्त गरेका भए पनि एकैपटक दुई देशको राहदानी बोकेको गम्भीर कसुरमा उनी सजायका भागीदार थिए र छन्,' उनीहरूले भनेका छन्। आफूहरू प्रेस स्वतन्त्रता, कानुनको शासन र जिम्मेवारीप्रति सचेत रहेको तथा त्यसको रक्षा गर्न कुनै सम्झौता नगर्ने उनीहरूले बताएका छन्।

सम्पादकहरूको ध्यानाकर्षण पत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले अदालतको आदेशअनुसार प्रहरीले सिरोहियालाई पक्राउ गरेको बताए। 'हिजो (मंगलबार) बिहानसम्म पनि म कैलाशजीलाई समाउने बेला भएको छैन, त्यसो नगरौँ भन्नेमै थिएँ,' उनको भनाइ थियो, 'तर, अदालतले नै पक्राउ गर्न आदेश दिएको अवस्थामा मैले त्यसो नगरौँ भन्न मिलेन, त्यसैले उहाँको पक्राउसम्बन्धी जिम्मेवारी मैले लिनुपर्छ, लिन्छु।' सम्पादकहरूका तर्फबाट प्रतीक प्रधान, अमित ढकाल, मदन लम्साल र पुष्प दुलालले बालुवाटार पुगेर ध्यानाकर्षणपत्र बुझाएका थिए।

पक्राउमा सरकारको बदनियत र प्रतिशोध : कांग्रेस

सिरोहियाको पक्राउलाई लिएर कांग्रेसले पार्टीको ध्यान आकृष्ट भएको बताएको छ। 'राज्यले कुनै पनि व्यक्तिमाथि कानुनबमोजिम आवश्यकताअनुसार छानबिन, अनुसन्धान वा अभियोजन गर्न पाउने विषयमा दुईमत हुन सक्दैन र यो विधिको शासनको मूल मर्म हो,' कांग्रेसको विज्ञप्तिमा छ, 'तर, छानबिन, अनुसन्धान वा अभियोजनका नाममा सरकारले राज्यका संयन्त्रको दुरुपयोग गरी पूर्वाग्रहपूर्वक पक्राउ गर्ने, थुनछेक गर्ने र डरत्रास फैलाउने कार्य लोकतान्त्रिक व्यवस्थामा सह्य हुन सक्दैन।'

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टीले सर्वसाधारण र मन्त्रीलाई कानुन समान रूपमा लागू हुनुपर्ने माग गरेको छ। नागरिकता प्रकरणमा जुन ढंगबाट सिरोहियामाथि छानबिन सुरु भएको छ त्यसैगरी गृहमन्त्री रवि लामिछानेमाथि लागेका आरो पमाथि पनि छानबिन गर्नुपर्ने उसको माग छ।

जनकपुरका व्यापारी तथा नागरिक समाजको प्रदर्शन

नागरिकता किर्ते गरेको आरोपमा पक्राउ परेका सिरोहियालाई रिहाइको माग गर्दै जनकपुरधामका व्यापारी तथा नागरिक समाजले विरोध प्रदर्शन गरेको छ। जनकपुर उद्योग वाणिज्य संघको अगुवाइमा स्थानीय केही व्यापारी तथा नागरिक समाजले सिरोहियाको रिहाइको माग गर्दै भैरव चोकमा केही समय धर्नामा बसेका थिए। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले आर्थिक मन्दीका वेला राज्यले उद्योगी व्यवसायीलाई संरक्षण प्रवर्द्धन गर्नुपर्ने समयमा नागरिकतामा देखिएका प्राविधिक त्रुटिको विषयमा राज्यले प्रतिष्ठित व्यापारीलाई थुनामै राखेर अनुसन्धान अनुचित हुने बताए।

प्रेस स्वतन्त्रता, जवाफदेही र पारदर्शितामा अमेरिकी चासो

नेपालस्थित अमेरिकी दूतावासले बुधबार सामाजिक सञ्जाल फेसबुकमा भने को छ - अझ परिपूर्ण मुलुक बन्ने दिशामा आफ्नो प्रयास जारी राख्दै गर्दा अमे रिकाका निम्ति प्रेस स्वतन्त्रता, जवाफदेही र पारदर्शिता मार्गदर्शक सिद्धान्तहरू हुन्। कठिन संघर्षपश्चात् प्राप्त लोकतन्त्रलाई आकार दिने कार्यलाई नेपालले जारी राख्दै गर्दा सुशासन, प्रेस स्वतन्त्रता र जनताका मौलिक अधिकारहरू सुनिश्चित गर्नेबारे नेपाल सरकार र नेपाली जनताले पनि सार्थक संवाद गर्नेछन् भन्ने आशा हामीले राखेका छौं।'

पाँच वर्षमा

पृष्ठ १ बाट क्रमशः

८८ रुपैयाँ देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्यस्तै, व्ययतर्फ विदेशी बैंकमा मौज्दात तथा कम्पनीमा लगानी, स्वदेशी तथा विदेशका बैंक खातामार्फत गरेको खर्च, विदेश भ्रमण खर्च, बुबाआमाको नाममा गरेको लगानी, श्रीमतीका नाममा अमेरिकामा गरेको लगानीलगायत गरी ६४ करोड २० लाख ६२ लाख पाँच सय ७६ रुपैयाँ देखिएको छ। खर्चबाट आम्दानी घटाउँदा निस्किएको ६२ करोड १९ लाख १८ हजार ६ सय ८४ रुपैयाँको पौडेलले वैधानिक स्रोत खुलाउन नसकेपछि त्यसैलाई बिगो कायम गरी उनीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ।

गैरकानुनी गतिविधिद्वारा आर्जित सम्पत्तिबाट आफ्नो नाममा नगद, जिन्सी, सवारीसाधन, घरजग्गा खरिद गरी राखेको देखिएको भन्दै अख्तियारले विकलकी पत्नी एलिना बस्नेत, बुबा धर्मप्रसाद शर्मा पौडेल र आमा शीतल पौडेललाई पनि सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी कायम गरेको छ। विकलदम्पतीका नाममा सिंगापुर र अमेरिकाको बैंक मौज्दात, पत्नीका नाममा अमेरिकामा रहेको घर, नेपालमा सेयर र बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, आमा, बुबा र पत्नीका नाममा रहेको घरजग्गा, सेयर, बैंक मौज्दातलगायतबाट पनि बिगो असुल्नुपर्ने अख्तियारको दाबी छ। असुलउपर गर्न अपुग भएको १७ करोड ६६ लाख रुपैयाँ विभिन्न कानुनी व्यवस्थाबमोजिम असुल्न अख्तियारले भनेको छ। राष्ट्रसेवक रहँदाको बखत सम्पत्ति विवरण पेस गर्दा पूरा विवरण उल्लेख नगरी वास्तविक भएको सम्पत्ति लुकाई छिपाएको भन्दै लुकाई छिपाएको सम्पत्ति जफतको मागदाबी पनि अख्तियारले गरेको छ। सार्वजनिक पदाधिकारी भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको मागदाबी पनि अख्तियारले गरेको छ। बरामद भएका विद्युतीय उपकरणहरूबाट र स्वदेश तथा विदेशका विभिन्न निकायबाट प्राप्त प्रमाणहरूको अख्तियारले विश्लेषण गरेको थियो। पौडेलले केन्द्रको नेतृत्वमा छँदा विभिन्न ठेक्का लगाउने क्रममा स्वदेशी तथा विदेशी आपूर्तिकर्ता कम्पनीहरूबाट ठूलो मात्रामा कमिसन रकम प्राप्त गरी परिचालन गरेको देखिएको छ। उनीविरुद्ध अख्तियारले विशेषमा पेस गरेको आरोपपत्र नै ४०३ पेजको छ।

विकलको भ्रष्टाचार फेहरिस्त

सुरक्षण मुद्रण केन्द्रको कार्यकारी प्रमुख हुँदा पौडेलले अनियमितताका शृंखला नै चलाएको देखिएको छ। सूचना प्रविधिमा काम गर्ने केन्द्रले लगाउने ठूला ठेक्काहरूको टेन्डर कोटेसन पौडेल आफैँले बनाउने गरेको देखिएको छ। आफैँले बनाएको कोटेसनका आधारमा योजनाबद्ध ढंगले आफैँले चाहेको स्वदेशी आपूर्तिकर्ता डब्लुडिएन, ओबिसिआई (ओम्नी), म्याक्स र नेक्स्टजेनलगायतका कम्पनीसँग ठेक्का सम्झौता गर्ने गरेका थिए। ती स्वदेशी आपूर्तिकर्ताले विदेशी आपूर्तिकर्ता इन्स्टासेफ इंक र बैंकोटेक पिटिई लिमिटेडजस्ता कम्पनीसँग साझेदारी गरी सूचना प्रविधिसँग सम्बन्धित सामान आपूर्ति गर्ने गरेका थिए। साझेदारीबापत तिनै विदेशी आपूर्तिकर्ताले कमिसनस्वरूप पौडेलको सिंगापुरस्थित युनाइटेड ओभरसिज बैंक र अमेरिकास्थित बैंक अफ अमेरिकामा २८ करोड ९५ लाख ७५ हजार ६ सय ८९ रुपैयाँ जम्मा गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

केन्द्रको कार्यकारी निर्देशक रहँदा नेपाल सरकारको कुनै स्वीकृति तथा सहमति नलिई सिंगापुरको बैंकोटेक लिमिटेड र इन्स्टासेफ इंक कम्पनीमा अन्तर्राष्ट्रिय परामर्शदाताको नियुक्ति लिएर बिक्री एजेन्टका रूपमा काम गरेको पनि भेटिएको छ। यो नियुक्ति लिँदा उनले आफू नेपाल सरकारको कर्मचारी भएको व्यहोरा लुकाएको अख्तियारको दाबी छ। सन् २०१९ देखि २०२२ सम्मको अवधिमा बिक्री कमिसनबापत पौडेलले बैंकोटेकबाट नौ लाख नौ हजार चार सय ४१ र इन्स्टासेफबाट एक लाख ३९ हजार नौ सय ६४ अमेरिकी डलर लिएको व्यहोरा ती कम्पनीहरूले उपलब्ध गराएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

पौडेलले पटक-पटक गरी तीन करोड ७७ लाख ९१ हजार एक सय रुपैयाँ सायद ताहिर साह, अकबर हुसेन, मनोज कार्की, ऋचा खनालसमेतलाई ट्रान्सफर गरेको देखिएको छ। विभिन्न मितिमा सिंगापुरस्थित प्रुडियन्सल इन्स्योरेन्स कम्पनीमा दुई करोड ४४ लाख ६३ हजार आठ सय २२ रुपैयाँबराबरको प्रिमियम भुक्तानी गरी जीवन बिमा गरेको पनि भेटिएको छ। यसका अतिरिक्त सिंगापुरकै युनाइटेड ओभरसिज बैंकको 'वेल्थ एक्कुमुलेसन प्लान'अन्तर्गतको एउटा 'स्किम स्ट्रक्चर नोट'मा दुई लाख अमेरिकी डलर लगानी गरेको प्रमाण पौडेलले प्रयोग गरिरहेको हटमेलबाट खुल्न आएको छ।

सुरक्षण मुद्रणमा कार्यरत रहँदा प्रसान्थ जी भन्ने विदेशी व्यक्तिसँग कुरा गरी पटकपटक गरेर दुई लाख १४ हजार तीन सय अमेरिकी डलर कमिसन रकम अमेरिकास्थित बैंक अफ अमेरिकाको खातामा जम्मा गरेको खुलेको छ। यही कमिसनबापत बुझेको रकमबाट अमेरिकाका रोबिनहुड सेक्युरिटी एलएलसीमा आठ करोड ४७ लाख ६० हजार चार सय ४६ र रोबिनहुड मार्केट्सका विभिन्न सेयरहरूमा चार करोड ६२ लाख ३६ हजार आठ सय २९ रुपैयाँ लगानी गरेको भेटिएको छ। ती दुई कम्पनीमा गरेको कुल १३ करोड नौ लाख ९७ हजार दुई सय ७६ रुपैयाँबराबरको लगानी नेपाल राष्ट्र बैंक र उनको साथबाट बरामद भएको विद्युतीय उपकरणहरूबाट खुलेको छ।

भ्रष्टाचारबाट आर्जित सम्पत्ति लुकाउने-छिपाउने प्रयत्न पनि पौडेलले गरेका थिए। संयुक्त परिवारमा बस्दै आएका उनले सम्पत्ति लुकाउन नाटकीय रूपमा परिवारसँग १३ मंसिर ०७५ मा अंश बुझेको लिखित भर्पाई लिए। यद्यपि, विकलमाथि गैरकानुनी सम्पत्तिको अनुसन्धान गरिरहेका वेला आमा शीतलले बकसपत्र नै रद्द गरिदिएकी थिइन्। अंशबन्डा गरी बकसपत्रका रूपमा आमाले दिएको, तर पछि फिर्ता गरेको एक करोड ७० लाख रुपैयाँ पनि विकलले गैरकानुनी रूपमा आर्जन गरेको देखिएको अख्तियारको दाबी छ।

कमिसनबापत बुझेको रकमबाट अंशबन्डापश्चात् पनि बुबा र आमाको नाममा घरजग्गा, सेयर तथा सवारीसाधन खरिद गरेको देखिएको छ। आमा र दाइसँगको संयुक्त लगानीमा काठमाडौंको साबिक महांकाल- ८ मा आठ आना र भक्तपुरको छालिङमा पाँच रोपनी सात आना जग्गा खरिद गरेको भेटिएको छ। गैरकानुनी सम्पत्तिबाट आमाको नाममा घरजग्गा र बुबाका नाममा विभिन्न कम्पनीको सेयर तथा सवारीसाधनमा सात करोड ३१ लाख ८८ हजार नौ सय रुपैयाँ लगानी गरेको खुलेको छ। विकलसहित बुबा र पत्नीसमेतको बैंक तथा वित्तीय संस्थाहरूमा ११ करोड ६५ लाख नौ सय १२ रुपैयाँ लगानी देखिएको छ।

८ असोज ०७८ मा अमेरिकामा रहेकी श्रीमती एलिना बस्नेतका नाममा घर किन्न विकलले भ्रष्टाचारबाटै कमाएको सम्पत्तिबाट गिफ्टका नाममा एक करोड ५२ लाख ७० हजार सात सय ४० रुपैयाँ (एक लाख २९ हजार डलर) पठाएका थिए। नेपाली रुपैयाँ ६ करोड पाँच लाख ३३ हजारमा उक्त घर खरिद गरिएकोमा बाँकी चार करोड ५२ लाख ६२ हजार पनि गैरकानुनी रूपमा आर्जित रकमबाटै पूर्ति गरेको देखिएको अख्तियारको दाबी छ।

महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेश प्रदेश, नेपाल

महादेवा गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं । गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं ।
- तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं । कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा वहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं ।
- सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी
- सफा, सुन्दर बनाउन सहयोग गरौं । शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं ।
- २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

संसदीय समिति...

पृष्ठ १ बाट क्रमशः

सञ्चालकलाई कानुनी कारबाहीको दायरामा ल्याउन संसदीय छानबिन विशेष समितिको गठन नै आजको आवश्यकता हो भन्ने कांग्रेसको अडानलाई पुनः दोहोर्‍याउन चाहन्छ,' बैठकपछि कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा छ।

लामिछाने गृहमन्त्री भइसकेपछि अनुसन्धान प्रक्रिया अवरुद्ध भएको र अनुसन्धान अभियोजन गर्ने सबै संयन्त्रलाई लज्जास्पद रूपमा दुरुपयोग गरिएको कांग्रेसको भनाइ छ। 'नेपाल प्रहरी, महान्यायाधिवक्ताजस्ता सरकारी निकाय मात्र होइन, स्वयं प्रधानमन्त्रीले नै गैरजिम्मेवार अभिव्यक्ति दिनुले यो अनुसन्धान कति प्रभावित भएको छ भन्ने स्पष्ट हुन्छ,' कांग्रेसको निर्णयमा छ, 'सहकारीपीडितलाई दबाब र प्रभाव पार्ने, असहयोग गर्ने, हतोत्साही बनाउने, उजुरी नलिनेलगायतका कार्य गरेको पीडितले नै सार्वजनिक रूपमा बताइरहेको तथ्यले सरकार सहकारीपीडितको रकम सुरक्षा, फिर्ता र न्याय दिन तथा ठगी गर्नेलाई कारबाहीको दायरामा ल्याउन इच्छुक छैन, बरु ठगीमा संलग्नलाई संरक्षण गर्न उद्यत् छ भन्ने झनै प्रस्ट हुन्छ।'

३१ हजार तीन सय ७३ सहकारीमा आबद्ध ७३ लाख ८१ हजार सर्वसाधारणको बचत यसरी सहकारीका सीमित सञ्चालक र निजी कम्पनीहरूले संगठित रूपमा अपचलन, ठगी र दुरुपयोग गरेको कांग्रेसको भनाइ छ। कांग्रेसले विभिन्न सहकारीहरूबाट कानुनविपरीत बचतकर्ताहरूको रकम हिनामिना, दुरुपयोग, अपचलन र ठगी भई जोखिममा रहेको तथा डुबेको बचत अविलम्ब फिर्ता र सुरक्षा गर्नु आजको पहिलो प्राथमिकता रहेको बताएको छ। 'त्यसका लागि गैरकानुनी रूपमा रकम दिने-लिने, ठगी र अपचलन गर्नेहरूको अनुसन्धान गरी, सम्पत्ति, जायजेथा रोक्का गरेर सोबाट बचत फिर्ता अविलम्ब गर्न र ठगी र अपचलनमा संलग्न व्यक्ति, सहकारी सञ्चालक र कम्पनी सञ्चालकलाई कानुनी कारबाहीको दायरामा ल्याउन अपरिहार्य छ,' कांग्रेसको माग छ, 'यसका निम्ति आवश्यक नीतिगत, संरचनागत र कानुनी प्रबन्ध गर्न नेपाली कांग्रेसले अग्रसरता लिनेछ।'

यसैगरी, कांग्रेसले संसद्मा उपप्रधानमन्त्री तथा गृहमन्त्रीले अशिष्ट, आपत्तिजनक, अपमानजनक र हिंस्रक अभिव्यक्ति दिएको आरोप लगाएको छ। 'कांग्रेसका नेताहरूप्रति लक्षित गरी दिएको भ्रामक, कपोलकल्पित र लाञ्छनायुक्त अभिव्यक्तिबारे सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षणसहित सरकारको धारणा माग गर्ने यो बैठक निर्णय गर्दछ,' कांग्रेस बैठकपछि जारी विज्ञप्तिमा छ, 'अन्यथा गृहमन्त्रीले दिएको अवाञ्छित अभिव्यक्तिबाट उत्पन्न परिणामको जिम्मेवार स्वयं सरकार हुने चेतावनी दिन चाहन्छ।'

संसद्का नियमित गतिविधि अवरुद्ध नहुन् भनेर सचेततापूर्वक हदैसम्म लचिलो भएर संसद्का कामकारबाही गर्न र नीति तथा कार्यक्रम प्रस्तुत गर्न कांग्रेसले सहजीकरण गरेको विज्ञप्तिमा छ। तर, विपक्षी दलको जायज माग स्वीकार गर्नुपर्नेमा सत्तागठबन्धन सहकारी ठगीको विषय लुकाउन, गृहमन्त्रीको संलग्नताको ढाकछोप गर्न अनेकन प्रपञ्च गर्न थाल्यो, त्यसका लागि राज्य संयन्त्रको दुरुपयोगमा लागेको कांग्रेसको आरोप छ।

'सभामुखसँग मिलेर संसद् नै कब्जा गर्ने प्रयत्न भयो। प्रमुख प्रतिपक्षीलगायत विपक्षी दलहरूलाई पेलेर विश्वासको मतसमेत लिने प्रयास भयो,' कांग्रेसको विज्ञप्तिमा छ, 'यसले सरकार स्वयं नै सदनलाई मुठभेडतर्फ धकेल्ने, संसद्बाट उम्किने, प्रश्नबाट भाग्ने, प्रतिपक्षका आवाजलाई रोक्ने र संसद्लाई सहकारी ठगीमा संलग्न केही व्यक्तिको संरक्षणका लागि बन्धक बनाउने मनसायतर्फ उद्यत् देखिएको प्रस्ट हुन्छ।'

संसद् चल्ने वातावरण नबनाएर एकातर्फ प्रतिपक्षले उठाउने अनेकन नीतिगत भ्रष्टाचारका विषय, जनजीविकाका सवाल, योजना र बजेटका विषय, कानुन निर्माणका विषयलाई अवरुद्ध पार्ने अर्कोतर्फ सत्तागठबन्धनका दलहरूभित्र अनेकन विषयमा विषय र संलग्नताअनुसार मौनताको साँठगाँठ गर्ने प्रवृत्ति र रवैया देखिएको कांग्रेसको भनाइ छ। सरकार गैरजिम्मेवार, अनुदार, स्वेच्छाचारी, अलोकतान्त्रिक र निरंकुशताउन्मुख हुँदै गएको ठहर कांग्रेसको छ। 'सत्ताको यो प्रवृत्ति र रवैयाको विरुद्ध कांग्रेस संघीय संसद्, प्रदेश संसद् र सडकबाट समेत सशक्त प्रतिरोध गर्ने निर्णय गर्दछ,' निर्णयमा छ। समानीकरण अनुदानको २५.८९ प्रतिशत अर्थात् २४ अर्ब ४८ करोड रकम निकासा रोकिएको भन्दै कांग्रेसले असन्तुष्टि जनाएको छ।

ई.स्कुटर हरायो

मिति २०८१ जेठ ५ गते साँझ ७:०० बजे जनकपुरधामको संकट मोचन मन्दिर अगाडीबाट मेरो निम्न व्यहोरा भएको रातो रंगको **Pure** कम्पनीको **E Pluto 7G** मोडेल **1500 Watt** ई.स्कुटर हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : विद्यापति ठाकुर
मो.सा.नं.: प्रदेश २-०२-००५ प ३४६९
चेसिस नं. : MD9PUREHYJR473094
इन्जिन नं. : PUREESMT171850
सम्पर्क न. : ९८३५८१९२०

३०औँ पटक...

पृष्ठ १ बाट क्रमशः

कामिरिताले बुबा मिङ्माछिरी शेर्पाको पेसालाई निरन्तरता दिने क्रममा यो उपलब्धि हासिल गरेका हुन्। सगरमाथा आरोहणका लागि सरकारले सन् १९५० मा पहिलोपटक अनुमति सुरु गरेपछिको आरोहण दलमा उनका बुवासमेत सामेल थिए। सुरुवाती आरोहण दलमा रहेका उनका बुवा गम्भीर प्रकृतिको फ्रस्टबाइट रोगबाट पीडित बनेपछि छोटो समयमै पेसा छाड्न बाध्य भएका थिए। त्यसपछि सोही वर्ष सन् १९९२ देखि कामिरिताले पारिवारिक पेसालाई निरन्तरता दिने क्रममा हिमाल आरोहणको यात्रा सुरु गरेका थिए। कामिरिताले सगरमाथासँगै केटु, चोयु, ल्होत्से र मनास्लु हिमालको समेत सफल आरोहण गरिसकेका छन्। उनलाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सुप्रबल जनसेवाश्री विभूषणबाट सम्मानसमेत गरेकी थिइन्।

कामिरितालाई पछ्याउँदै पासाङदावा

कामिरितापछि सगरमाथामा सबैभन्दा धेरैपटक आरोहण गर्ने रेकर्ड पासाङदाबा शेर्पाको नाममा छ। उनले २७ पटक सगरमाथा चढिसकेका छन्। ४८ वर्षीय शेर्पाले कामिरितालाई पछ्याइरहेका छन्।

कर्जा सूचना केन्द्र लि. को कालो सूचीमा राखिनेबारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

सूचना प्रकाशन मिति : २०८१/०२/१० गते

यस बैंकबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा कार्यालय, दार्चुला

क्र.सं.	ग्राहकको नाम (व्यक्तिगत)	ठेगाना	ग्राहकको			वुबा/पतिको नाम	बाजे/ससुराको नाम	कर्जाको उद्देश्य युवा स्वरोजगार	साँवा	ब्याज (२०८१ वैशाख मसान्तसम्मको)	जम्मा तिर्नुपर्ने रकम
			नागरिकता नं	जारी मिति	जारी गर्ने जिल्ला						
१.	धर्मे टमटा	गुल्जर ४, ताकु	१६४२	१२/६/२०४४	दार्चुला	देबुवा टमटा	कसुवा टमटा	आरन उद्योग	२६०५१	३२५८४	५८६३५
२.	उदै सिंह डडाल	हिकला ९, गुना	२४५९२	४/९/२०६०	दार्चुला	ज्ञान सिंह डडाल	प्रश्न सिंह डडाल	व्यापार	१६०००	१८,२०५.००	३४,२०५.००
३.	जयलाल सिंह धामी	राप्ला ५, माल	४०६७/१२२१९	९/१९/२०५१	दार्चुला	मन्नाम धामी	धन सिंह धामी	व्यापार	४०,०००.००	५९,९००.००	९९९००
४.	टेक बहादुर बम	धारी ८, बत्थोली	१४०८८	८/५/२०५३	दार्चुला	डम्बर बहादुर	जै बहादुर	व्यापार	३८,२६८.००	६३,८४१.००	१०२१०९
५.	उत्तर राम टमटा	हिकिला ७, डडाली गाउँ	५६५८२	२/२६/२०६१	दार्चुला	कैलो राम टमटा	लाटो टमटा	व्यापार	१७,८९६.००	२५,०००.००	४२८९६
६.	मदन सिंह धामी	धौलाकोट ३, नाजी	७२/१/४/७३०७/८०६४	६/६/२०४४	दार्चुला	जोगा सिंह	दिलिप	खच्चर पालन	५०,०००.००	८९,२९०.००	१३९२९०
७.	गोपाल टमटा	हुती ९, जैपुर	७२/१/५/८७१७/७४६२	२/२०/२०४३	दार्चुला	चिङडे टमटा	चनबिर टमटा	रंगरोगन	२००००	३६,३८३.९३	५६३८३.९३
८.	बिरा राम लुहार	धारी २, फारा	१३२९५	१२/८/२०५२	दार्चुला	धनिराम लुहार	गजुवा लुहार	व्यापार	१८,८७७.००	२१,७०६.७४	४०५८३.७४
९.	बिर सिंह कुँवर	पिपल चौरी ८, सौताली	३७९	१२/२४/२०४४	दार्चुला	गेडी कुँवर	दलुवा कुँवर	सिलाई	२९,५८६.००	३९,०००.००	६८५८६
१०.	जय सिंह महर	गुल्जर ५, ताकु	२९०६५	३/७/२०६२	दार्चुला	काशी महर	अर्जुन महर	व्यापार	४०,०००.००	७२,७१९.७९	११२७१९.७९
११.	जनक राम दमाई	खरकडा १, पाती	१८१०६	९/२५/२०५६	दार्चुला	सोवे दमाई	कल्यान दमाई	सिलाई	२९८२१	३३,८१८.७७	६३६३९.७७
१२	हर्क बहादुर वम	पिपलचौरी ४	६१२८/०१४६	१२/१/२०४४	दार्चुला	नर बहादुर बम	धन बहादुर बम	व्यापार	१,८८३.००	२,२७५.५१	४१५८.५१
१३.	दिनेश राम कामी	खलंगा ४	७२/१/०११/५६३५/२२७२६	७/२४/२०५९	दार्चुला	बहादुर राम कामी	लाली राम कामी	व्यापार	५००००	९१,००१.३८	१४१००१.३८
१४.	विश्राम खडायत	शिखर ३, सैनबन	७२३०२२/२०७	१०/१४/२०६३	दार्चुला	ललित खडायत	हरि भक्त खडायत	व्यापार	५०,०००.००	९०,८९८.३८	१४०,८९८.३८
१५.	हरक सिंह धामी	गुल्जर ८, घोल्जर	७२/१/१८/५०८/१७५९९	४/६/२०५६	दार्चुला	गम्भीर सिंह धामी	धन धामी	बाख्रा पालन	१३,४८०.०८	११,०६०.०६	२४५४०.१४
१६.	गौर सिंह ठगुन्ना	खार ८	६२४०/३६१	१०/७/२०६३	दार्चुला	दलपति ठगुन्ना	कालु ठगुन्ना	खच्चर पालन	३९९९३	७१,३५३.२२	१११३४६.२२

कृषि विकास बैंक लि.
कर्जा असुली तथा सङ्कलन विभाग
मुख्य कार्यालय : रामशाहपथ, काठमाडौं

टाटा पावर...

पृष्ठ १ बाट क्रमशः

'टाटाको प्रस्ताव आएको भए कार्यान्वयनका लागि केही प्रक्रियागत चुनौती हुन सक्छ। किनकि, भारत सरकारले त्यहाँको खुला बजारमा विद्युत् व्यापार गर्न एनभिभिएन र प्रदेश (राज्य)हरूमा विद्युत् व्यापार गर्न पिटिसी इन्डियालाई एजेन्सीको रूपमा तोकिदिएको छ। तीबाहेकका संस्थाबाट विद्युत् व्यापार गर्न मिल्दैन। त्यसले केही चुनौती देखिन्छ,' उनले भने। पुरानो सर्तमा संशोधन गरेर निजी क्षेत्रलाई समेत बिजुली बिक्री गर्न सके राम्रो हुने उनको भनाइ छ।

प्राधिकरणले ०७८ को बर्खादेखि भारतमा व्यावसायिक रूपमा विद्युत् निर्यात गर्दै आएको छ। त्यसमा प्राधिकरणले पहिले भारतको 'डे अहेड' बजारमा प्रतिस्पर्धी मूल्यमा मात्रै विद्युत् बिक्री गर्दै आएको छ।

‘हाइपर फन्ड’का नाममा ठगी

सिआइबीद्वारा एक आरोपी पक्राउ, ठगी र संगठित अपराध कसुरमा अनुसन्धान सुरु

नयाँ पत्रिका

‘हाइपर फन्ड’का नाममा हजारौँ सर्वसाधारण ठगिएको पाइएपछि प्रहरीले अनुसन्धान थालेको छ। नेटवर्किङ शैलीको यस्तो अपराधमा संलग्न एक आरोपीलाई पक्राउ गरी प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान अघि बढाएको छ। ललितपुरको इमाडोल बस्ने नानु घिमिरे (काजल)लाई दुई साताअघि पक्राउ गरी सिआइबीले अनुसन्धान थालेको हो। हालसम्म ४० जनाले करिब पाँच करोड रुपैयाँ ठगी भएको भनेर जाहेरी दिइसकेका छन्। ठगीमा ५० भन्दा धेरै व्यक्तिको संलग्नता देखिएको छ। २४ जनाविरुद्ध जिल्ला अदालत, काठमाडौंले पक्राउ पुर्जी जारी गरिसकेको छ।

‘हाइपर फन्ड’का नाममा संगठित प्रकृतिको ठगी भइरहेको देखिएपछि यसमा अनुसन्धान अघि बढाइएको सिआइबीका निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवालीले बताए। ‘लगानी गरेको छोटो अवधिमै तेब्बर आम्दानी हुने प्रलोभन देखाएर ठगी गरिएको देखिन्छ। खासगरी यो गिरोहबाट विदेशमा भएका नेपाली ठगिएको उजुरी आएका छन्,’ उनले भने, ‘ठगी गर्ने गिरोका नाइकेहरू पनि विभिन्न देशमा रहेका छन्।’

पक्राउ परेकी घिमिरे सो समूहको नेपालकी प्रमुख रहेको हालसम्मको अनुसन्धानमा देखिएको छ। धेरै रकम उनी र उनीनिकट व्यक्तिको बैंक खाताबाट कारोबार भएको छ। २० महिनाभित्र तेब्बर फिर्ता दिने आश्वासनसहित धेरैजसोलाई सुरुमा तीन सय अमेरिकी डलर लगानी गर्न लगाइन्थ्यो। सुरुमा थोरै प्रतिफल दिएर मोटो रकम लगानीका लागि प्रोत्साहित गरिन्थ्यो। यसका लागि उनीहरूले एक वेबसाइट बनाएका थिए। जहाँ गएर सदस्य बनेकाले आफ्नो ब्यालेन्स हेर्न पाउँथे। कम्पनी आधिकारिक नै भएको आश्वासनमा यसरी वेबसाइटमा ब्यालेन्स देखाएर ठगी भएको हो। सो वेबसाइट नै बन्द भएपछि सर्वसाधारणले आफूहरू ठगी भएको थाहा पाएका छन्।

एकैजनाको एक करोड ३८ लाख रुपैयाँसम्म ठगी भएको उजुरी प्रहरीमा परेको अनुसन्धानमा संलग्न सिआइबीकी इन्स्पेक्टर जयन्ती थापा बताउँछिन्। सबैभन्दा धेरै पोर्चुगल र बेलायतमा रहेका नेपालीसँग पैसा उठाइएको छ। खाडी देशमा समेत गिरोहको सञ्जाल थियो। गैरआवासीय नेपाली संघमा आबद्ध कतिपय व्यक्तिसमेत ठगीमा संलग्न रहेको पीडितले जनाएका छन्। नेपालमा बस्ने पनि ठगिएका छन्। हालसम्मको अनुसन्धानमा गिरोहका मुख्य नाइके बेलायतमा र त्यसपछिका दुईजना पोर्चुगलमा रहेको अनुसन्धानमा खुलेको छ।

सुरुमा हाइपरभर्स नाममा खोलिएको सो कम्पनीको मुख्य कार्यालय अस्ट्रेलियामा रहेको र चिनियाँ मूलका अस्ट्रेलियन नागरिकलाई प्रमुख बनेर चिनाइएको थियो। वेबसाइटमा पनि सोही विवरण राखिएको थियो। पिरामिड शैलीको नेटवर्किङ कारोबारमा थप सदस्य बनाएमा आफ्नो आम्दानी बढ्दै जाने गरी एकपछि अर्कोलाई यसरी ठगीको जालमा फसाइएको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्। यस कसुरमा मंगलबार जिल्ला अदालतले संगठित कसुरमा समेत अनुसन्धान गर्न अनुमति दिएको सिआइबीकी इन्स्पेक्टर थापाले बताइन्। हाइपर फन्डबाट ठगिएकालाई उजुरी गर्नसमेत सिआइबीले आग्रह गरेको छ। ‘हाइपर फन्ड’का नाममा धेरै समूहले पैसा उठाउँदै आएका छन्। यसको सूचना पाएपछि दुई वर्षअघि नै नेपाल राष्ट्र बैंक र सिआइबीले सूचना प्रकाशन गरी ‘हाइपर फन्ड’ अवैध भएकाले यसमा लगानी नगर्न सचेत गराएको थियो।

श्याम पाण्डेको ठगी यात्रा

अपहरणमा परेको भन्दै प्रहरीमा उजुरी, फरार रहेको पाइएपछि जेल चलान

टेकराज थामी/नयाँ पत्रिका

अपहरणमा परेको भन्दै प्रहरी गुहार्न पुगेका नुवाकोट बेलकोटगढी नगरपालिका- १३ का ३७ वर्षीय श्यामराज पाण्डे जेल चलान भएका छन्। वैदेशिक रोजगार ठगीमा सर्वोच्च अदालतले दोषी प्रमाणित गरेको भेटिएपछि प्रहरीले उनलाई जेल चलान गरेको हो।

अपरिचित युवाबाट अपहरणपछि कुटपिटमा परेको भन्दै पाण्डेले सोमबार प्रहरी गुहारेका थिए। सूचनापछि उनको उद्धार गर्न प्रहरी वृत्त दारबारमार्गको टोली घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थलबाट उनीसहित विज्ञान रेग्मी, श्रवणकुमार ओलीलगायत युवालाई नियन्त्रणमा लिएको थियो। अनुसन्धानपछि पाण्डेविरुद्ध सर्वोच्चले वैदेशिक रोजगार कसुरमा दोषी प्रमाणित गर्दै एक लाख ५० हजार जरिवाना, चार लाख ८७ हजार पाँच सय क्षतिपूर्ति र एक वर्ष ६ महिना कैद सजाय ठहर गरेको खुलेपछि प्रहरीले उनलाई डिल्लीबजार कारागार चलान गरेको हो।



● **एसपी नवराज अधिकारी**
प्रवक्ता, जिल्ला प्रहरी परिसर काठमाडौं

सर्वोच्च अदालतले दोषी ठहर गरेपछि श्यामराज पाण्डे फरार रहेछन्। पक्राउ गरेर सजाय भुक्तान गर्न उनलाई कारागार चलान गरिएको छ।

■ पाण्डेसँग दुईवटा पासपोर्ट

ठगीमा संलग्न पाण्डेसँग १२३४३४१२ र १०५९५१२५ नम्बरका दुईवटा राहदानी (मेसिन रिडएबल पासपोर्ट) छ। जसलाई वैदेशिक रोजगार विभागले समेत पुष्टि गरेको छ। तर, घटना सम्बन्धमा हालसम्म अनुसन्धान भएको छैन। यस सम्बन्धमा नयाँ पत्रिकाले यसअघि नै समाचार लेखेको थियो। प्राप्त विवरणअनुसार पाण्डेले प्रयोग गर्ने १२३४३४१२ नम्बरको एउटा राहदानी २५ अगस्ट ०२१ मा जारी भएको देखिन्छ, जसको म्याद २४ अगस्ट ०३१ सम्म छ। त्यसमा प्रयोग भएको नागरिकता नम्बर १३७७६ छ।

त्यस्तै, १०५९५१२५ नम्बरको अर्को राहदानी भने २३ अक्टोबर ०१७ मा जारी भएको देखिन्छ। राहदानीको म्याद २२ अक्टोबर ०२७ सम्म रहेको देखिन्छ। उक्त राहदानीमा नागरिकता नम्बर ७३७७६ प्रयोग भएको छ। दुवै राहदानीमा वाहकको नाम श्यामराज पाण्डे उल्लेख छ। जन्ममिति ३ डिसेम्बर १९८३ उल्लेख छ। ठेगानामा नुवाकोट भनिएको छ। दुवैमा श्रीमती नवीना पन्त उल्लेख छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले अपहरणमा परेको भन्दै प्रहरी गुहार्ने पाण्डे नै अदालतबाट दोषी ठहर भएको खुलेपछि कारागार चलान गरिएको बताए। ‘सर्वोच्च अदालतले दोषी ठहर गरेपछि श्यामराज पाण्डे फरार रहेछन्। पक्राउ गरेर सजाय भुक्तान गर्न उनलाई कारागार चलान गरिएको छ,’ उनले भने। प्रहरीका अनुसार उनले क्यानडा पठाइदिने प्रलोभनमा १७ असार ०६५ मा ललितपुर महानगरपालिका- ९ च्यासलका पुरुषोत्तम खतिवडासँग नौ लाख ७५ हजार लिएका थिए। सोही कसुरमा वैदेशिक रोजगार न्यायाधिकरणले उनीविरुद्ध २६ मंसिर ०६८ मा दोषी ठहर गरेको थियो। सो फैसलाविरुद्ध पाण्डे सर्वोच्च पुगेका थिए। सर्वोच्चले न्यायाधिकरणकै फैसला सदर गरेपछि त्यसयता उनी फरार थिए। तर, ठगीको शिलशिला भने रोकिएको थिएन। सोही क्रममा उनले अमेरिका पठाइदिने प्रलोभनमा विज्ञान रेग्मीसँग ३५ लाख, कपिला दुवाडीसँग पाँच लाख ५० हजार, मेडिकल सामग्री उपलब्ध गराइदिने प्रलोभनमा मेडिकल व्यवसायी श्रवणकुमार ओलीसँग ८५ लाख रुपैयाँ लिएका थिए। फरार रहेका उनलाई श्रवण र विज्ञानको समूहले सोमबार महाराजगन्जस्थित होटेलमा फेला पारेको थियो। पाण्डेले आफू अपरिचित युवाबाट अपहरणमा परेको भन्दै प्रहरीलाई फोन गरेका थिए। घटनास्थल पुगेको प्रहरीले उनलाई उद्धार गरी प्रहरी वृत्त दरबारमार्ग ल्याएका थिए। कुटपिटमा संलग्न श्रवण र विज्ञानलाई भने प्रहरीले पक्राउ गरेको थियो। उनीहरूविरुद्ध अहिले शरीर बन्धक तथा अपहरण कसुरमा अदालतबाट म्याद थप भई अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।



श्यामराज पाण्डे

■ डेढ वर्षअघि विमानस्थलबाटै फरार

पाण्डेविरुद्ध वैदेशिक रोजगार विभागले जिल्ला प्रहरी परिसर काठमाडौंलाई १५ साउन ०७९ मा पक्राउ गर्न पत्र काटेको थियो। वैदेशिक रोजगार कसुरमा छुना गुरुङलगायतको उजुरी परेपछि विभागले काठमाडौं परिसरलाई पक्राउ गर्न पत्र काटेको थियो। तर, उनलाई प्रहरीले पक्राउ गर्न सकेको थिएन। यही क्रममा जापान जाने सूचनापछि उनलाई रोक्न विभागले ६ कात्तिक ०७९ मा अध्यागमन विभागलाई पत्र काटेको थियो। तर, पत्रको बेवास्ता गर्दै अध्यागमनका कर्मचारीले उनलाई त्यसको भोलिपल्ट भगाएका थिए। त्यसको करिब एक घण्टापछि मात्रै उनीहरूले उनको सम्बन्धमा प्रहरीलाई जानकारी गराएका थिए। त्यसवेला अध्यागमनको सिस्टममा उनको पासपोर्ट कालोसूचीमा देखिएपछि अध्यागमन कर्मचारीले प्रहरीलाई बुझाउनुपर्नेमा उनलाई भगाएपछि मात्रै खबर गरेको प्रारम्भिक छानबिनले देखाएको थियो। घटनामा अध्यागमन कर्मचारीको भूमिका शंकास्पद देखिएपछि विभागले छानबिनसमेत गरेको थियो। छानबिनमा अध्यागमनका तत्कालीन अधिकृत सन्तोष सुवेदी आफैं उनलाई लिन एक तलामुनि झरेका खुलेको थियो। उनै सुवेदीले पाण्डेलाई प्रस्थान अनुमति दिलाउन पहल गरेका थिए। तर, अन्य कर्मचारीले आनाकानी गरेपछि पाण्डेलाई भगाउन सुवेदीले सहयोग गरेका थिए।

तलब बढाउन र नयाँ गाडी उपलब्ध गराउन संसद्का पदाधिकारीको माग

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्का पदाधिकारीले आफूहरूको सेवासुविधा समयानुकूल बनाउन सरकारसँग माग गरेका छन्। बुधबार अर्थमन्त्री वर्षमान पुन र अर्थसचिव मधुकुमार मरासिनीलाई बोलाएर आगामी आर्थिक वर्ष ०८१/८२ को बजेटमा संसद्लाई उच्च प्राथमिकतामा राख्न ध्यानाकर्षण गराएका हुन्।

सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल, उपसभामुख इन्दिरा राना, दुवै सभाअन्तर्गतका समितिका सभापतिहरू सहभागी बैठकमा संसद् सचिवालयका पदाधिकारीले चालू आवमा बजेट अभावले संसद्ले भोग्नुपरेको समस्या प्रस्तुत गरेका थिए।

सचिवालयका तर्फबाट सचिव रोजनाथ पाण्डेले बजेट अभावले सभा र समिति सञ्चालनमा असर परेको, नयाँ गाडीहरू किन्न नसकिएको, पुरानोमा मर्मतमै धेरै पैसा जाने गरेको सुनाएका थिए। ‘राष्ट्रिय सभा अध्यक्षको गाडी १७ वर्ष पुरानो छ। संसद् सचिवालयले ०७३ यता एउटा पनि नयाँ गाडी किनेको छैन। कोही १७, कोही २० वर्ष पुराना गाडी छन्। मर्मतमै बढी पैसा जान्छ। अर्थले मर्मतमा जति पनि पैसा दिने, तर नयाँ गाडी किन्न दिएको छैन,’ पाण्डेले भने।

गाडीकै विषयमा प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले ‘मेलै चढेको गाडी दुर्घटना भयो। अहिले दिइएको एकदमै पुरानो छ। मर्मतमा धेरै खर्च हुन्छ’ भनेका थिए। पुरानो गाडी चढ्दा बाटोमै बिग्रिने र आफूले धेरै दुःख पाएको भन्दै सभापति खानले नयाँ गाडी नदिए अर्थ मन्त्रालयमै धर्ना बस्ने चेतावनी दिएका थिए।

उपसभामुख राना चढ्ने गाडी पनि २० वर्ष पुरानो हो। आगामी बजेटमा नयाँ गाडी खरिदको विषयमा मन्त्री पुन प्रवेशै गरेनन्। उनले पूर्वभिभिआइपीलाई सवारी सुविधा दिने विषयमा कानुन नभएको स्मरण गराउँदै व्यावहारिक रूपमा मिलाएर जानुपर्ने बताए। राष्ट्रिय सभा अध्यक्ष दाहाल १८ वर्ष पुरानो गाडी चढिरहेका छन्। छलफलमा सभामुख र राष्ट्रिय सभा अध्यक्षको पारिश्रमिक मिलानको विषय उठेको थियो। अहिले उनीहरूको उपसभामुख र उपाध्यक्षभन्दा कम तलब छ।

संसद्का पदाधिकारीले तलब स्केल नमिलेर अवकाश हुने कर्मचारी (सवारीचालक र कार्यालय सहयोगी)को पेन्सनपट्टा नमिलेको, संसद् सचिवालयका सवारीसाधन ज्यादै पुरानो भएको, नयाँ किन्न बजेट नभएको, समितिको मुख्य कार्यभार अनुगमनमा जान बजेट पर्याप्त नभएको विषय अर्थमन्त्रीसमक्ष राखेका थिए।

● **देवराज घिमिरे**, सभामुख



छलफल धेरै भयो। बजेट अभावले समिति चल्न सकेन, कर्मचारी चलाउन सकिएन। सिंगो संसद् सञ्चालनमै असर परेको छ। अब दिने भए दिने भन्नुस्। नदिने भए नदिने भनौं। क्लियर कट गरौं।

● **अब्दुल खान**, सभापति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति



मेलै चढेको गाडी दुर्घटना भयो। अहिले दिइएको एकदमै पुरानो छ। मर्मतमा धेरै खर्च हुन्छ। नयाँ गाडी नदिए अर्थ मन्त्रालयमै धर्ना बस्ने अवस्था आउँछ।

● **विमला सुवेदी**, सभापति, कानुन समिति



सदनको बैठक र समिति बैठक सँगै चलाउन गाह्रो भएकाले बजेटको व्यवस्था गरिदिए सजिलो हुन्छ भनेकी छु। अनुगमन निगरानीको विषय पनि राखियो।

● **रोजनाथ पाण्डे**, सचिव, संघीय संसद् सचिवालय



राष्ट्रिय सभा अध्यक्षको गाडी १७ वर्ष पुरानो छ। संसद् सचिवालयले ०७३ यता एउटा पनि नयाँ गाडी किनेको छैन। कोही १७, कोही २० वर्ष पुराना गाडी छन्। मर्मतमै बढी पैसा जान्छ। अर्थले मर्मतमा जति पनि पैसा दिने, तर नयाँ गाडी किन्न दिएको छैन।

● **मधुकुमार मरासिनी**, अर्थसचिव



आवश्यक पर्ने बजेट उपलब्ध गराउँछौं। सकेसम्म चाँडै बाँकी भुक्तानी निकासा गर्छौं। आगामी बजेटमा संसद्लाई सकारात्मक रूपमा हेर्छौं।

अर्थमन्त्री पुनले स्रोतको सीमितता भए पनि संसद्लाई आवश्यक बजेट दिने प्रतिबद्धता जनाए।

छलफलमा उद्योग समिति सभापति खान, कानुन समिति सभापति विमला सुवेदी, विधायन समिति सभापति जयन्ती राई, पूर्वाधार समिति सभापति, दीपक सिंह, महिला समिति सभापति किरणकुमार साह, शिक्षा समिति सभापति अम्मरबहादुर थापा र प्रत्यायोजित विधायन समिति सभापति मायाप्रसाद शर्मा सहभागी थिए।

किमाथांका र टिप्ताला नाका खुला गरिँदै

कोरोना संक्रमणका वेला चार वर्षअघि बन्द दुवै नाका १२ जेठदेखि सञ्चालनमा आउने



संखुवासभाको किमाथांका

संखुवासभामा **नवीन गुरुङ** र ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

कोरोना संक्रमणका वेला बन्द गरिएका संखुवासभाको किमाथांका र ताप्लेजुङको टिप्ताला नाका चार वर्षपछि खुला हुने भएका छन्। उत्तरी क्षेत्र चीनसँग जोडिएको दुवै नाका १२ जेठदेखि खुला हुने भएको हो।

कोरोना संक्रमण फैलिने डरले चीनले ०७७ देखि किमाथांका नाका बन्द गरेपछि चार वर्षदेखि नेपाल र चीनबीच पूर्ण रूपमा आवतजावत ठप्प भएको थियो। नाका बन्द भएपछि भोटखोलावासी सबैभन्दा बढी समस्यामा परेका थिए। त्यसपछि नाका खुलाउन नेपाल सरकारका तर्फबाट पटक-पटक आग्रह गरिए पनि चीनले चासो देखाएको थिएन। नेपालले परराष्ट्र मन्त्रालयमार्फत पटक-पटक चीनसँग गरिएको आग्रहपछि किमाथांका खुल्ने भएको हो।

शनिबार किमाथांका नाका खुलाउन चीनका तर्फबाट औपचारिक रूपमा निमन्त्रणा आएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले बताए। उनले नाका खुला गर्ने पत्र औपचारिक रूपमा परराष्ट्र मन्त्रालय हुँदै गृह मन्त्रालयमा र गृहबाट जिल्ला प्रशासन कार्यालय संखुवासभामा आएको स्पष्ट पारे। नाका खुला गर्ने कार्यक्रममा दुवै मुलुक उच्चपदस्थ व्यक्तित्वको सहभागिता रहने जनाइएको छ। नेपालबाट उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, प्रतिनिधिसभा सदस्य दीपक खड्का, कोशीका स्वास्थ्यमन्त्री राजेन्द्र कार्की, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत सहभागी हुनेछन्। ‘नेपालको १४ वटा नाका एकैपटक खुला गर्ने योजना छ। तीमध्ये ११ वटा नाका कोशी प्रदेशभित्रै पर्ने रहेछ,’ प्रजिअ खड्काले भने।

०३५ मा किमाथांका भन्सार कार्यालय स्थापना भएको थियो। सशस्त्र द्वन्द्वका कारण भोटखोला गाउँपालिकाको केन्द्र हटियामा रहेको सीमा भन्सार कार्यालय ०५७ देखि सदरमुकाम खाँदबारीमै छ। लामो प्रयासपछि नाका खुला हुने औपचारिक रूपमा जानकारी आएको प्रभावित क्षेत्र भोटखोला गाउँपालिकाका अध्यक्ष वाङछेदर भोटेले बताए। चौतर्फी पहलपछि मात्रै नाका खुलाउन सम्भव भएको उनले बताए।

सदरमुकाम खाँदबारीदेखि १६२ किमि उत्तरमा रहेको किमाथांका नाका खुल्ने भएपछि भोटखोलावासी खुसी भएका छन्। किमाथांका नाका खुलाउन सीमा प्रशासन कार्यालयले यसअघि नै ६ सय ४० जना भोटखोलाका स्थानीयलाई अस्थायी प्रवेशपत्र वितरण गरिसकेको छ। सो प्रवेशपत्रका आधारमा पालैपालो चीन प्रवेश र आवतजावत गर्न पाइने बताइएको छ।

● स्थानीय प्रशासनबाट १३० जनालाई अनुमतिपत्र वितरण

टिप्ताला नाका ७ मेबाटै खुल्ने भनिए पनि तिब्बततर्फबाट तयारी पूरा नभएको भन्दै नखुलाएको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताए। आगामी २४ मेमा खुला हुने भनेर अनौपचारिक रूपमा भनिए पनि औपचारिक पत्र नआएको उनको भनाइ छ। तिब्बत प्रवेश गर्न स्थानीय प्रशासनबाट १३० जना ओलाङचुङगोलावासीलाई अनुमतिपत्र वितरण सकिएको आचार्यले बताए।

फक्ताङलुङ गाउँपालिकाका उपाध्यक्ष रवीन साम्रा लिम्बूले पनि नाका खोल्नेबारे तिब्बततर्फबाट औपचारिक पत्र नआएको बताए। फक्ताङलुङ गाउँपलिका- ७ ओलाङचुङगोला अर्थात् टिप्ताला नाका भएको क्षेत्रका वडाध्यक्ष छेतेन शेर्पाले २४ मेमा स्थानीयवासीलाई तिब्बतबाट बोलाएको जानकारी दिए। बन्दको असर सबैभन्दा धेरै ओलाङचुङगोलामा परेको छ। यहाँका मानिसले चिनियाँ बजारबाट खाद्यान्न आयात गर्दै आएका थिए। विराटनगरको रानी भन्सार नाका हुँदै ताप्लेजुङको टिप्तालासम्म पुग्ने सडकलाई चीन-भारत जोड्ने नेपालकै छोटो मार्गका रूपमा लिइन्छ।

■ महाकालीमाथि चार लेनको पुल



कञ्चनपुरको महाकाली नदीमा निर्माणको अन्तिम चरणमा रहेको चार लेनको पक्की पुल। तीन अर्ब ६६ करोडको लगानीमा निर्मित पुलसँगै पारि दोधारा-चाँदनीतर्फ सुक्खा बन्दरगाह निर्माणको समेत प्रक्रिया अघि बढेको छ। **तस्बिर : रासस**

गण्डकीका मुख्यमन्त्रीको रिट हेर्दाहिँदैमा

कास्की/ सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्रीको विश्वासको मतविरुद्धको रिट लगातार दोस्रोपटक हेर्दाहिँदैमा राखेको छ। एमाले संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेश सभामा २३ वैशाखमा लिएको विश्वासको मतविरुद्धको रिट यसअघि मंगलबार पनि हेर्दाहिँदैमा थियो। न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासमा मंगलबारदेखि सुरु बहस नसकिएपछि रिटलाई हेर्दाहिँदैमा राखेर बुधबारलाई पेसी तोकिएको थियो। बुधबार वादी र प्रतिवादीका कानुन व्यवसायीले बहस गरेका थिए। दुई पक्षको बहससँगै सुनुवाइ नसकिएपछि अदालतले रिट हेर्दाहिँदैमा राखेको अदालतका सूचना अधिकारी गोविन्द्रप्रसाद घिमिरेले जानकारी दिए। बिहीबार सार्वजनिक बिदा परेपछि रिटको पेसी शुक्रबारलाई तोकिएकाले शुक्रबारसमेत सुनुवाइले निरन्तरता पाउने उनले बताए।

६० सदस्यीय गण्डकी प्रदेश सभाको २३ वैशाखमा सम्पन्न बैठकमा मुख्यमन्त्री अधिकारीले विश्वासको मत माग्ने क्रममा ६० मध्ये ३० सदस्यले पक्षमा, २७ ले विपक्षमा र दुई सदस्यले कतै पनि मत जाहेर नगरेको अवस्थामा सभामुख कृष्ण धितालले ३० सदस्यको समर्थनलाई बहुमत मान्दै विश्वासको मत पाएको घोषणा गरेका थिए। त्यसविरुद्ध काग्रेस संसदीय दलका नेतासमेत रहेका निवर्तमान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले २५ वैशाखमा सर्वोच्चमा रिट दर्ता गरेका थिए। अबहुमतका लागि ३१ जनाको समर्थन आवश्यक रहेकोमा ३० लाई नै सभामुखले बहुमत मानेपछि पाण्डेले संविधानको धारा १३३ (२) (३) बमोजिम उत्प्रेषणयुक्त परमादेशलगायतको जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरिपाऊँ भनी रिट निवेदन दर्ता गरेका थिए। रिटमा प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख सगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशलाई विपक्षी बनाइएको छ।

■ पर्वत, मानिस र जलवायुसम्बन्धी विश्वव्यापी संवाद

पर्वतीय देशमा जलवायु परिवर्तनको प्रभाव अकल्पनीय : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पर्वतीय मुलुकमा जलवायु परिवर्तनको असरको मुद्दालाई अगाडि बढाई दिगो समाधान खोज्न विश्वव्यापी सहमति र समर्थनको यात्रा तय गर्नुपर्ने बताएका छन्। काठमाडौंमा बुधबार सुरु भएको ‘पर्वत, मानिस र जलवायुसम्बन्धी विश्वव्यापी संवाद’को उद्घाटन समारोहमा उनले भने, ‘हाम्रो अवस्था स्पष्ट छ, हामीमाथि गरिएको यो भयावह अन्यायका कारण हाम्रा देशका नागरिक र पर्वतीय पारिस्थितिकी प्रणाली जलवायु-प्रेरित प्रकोपले गम्भीर रूपमा प्रभावित भएका छन्। हामी जोडदारसँग न्यायको माग गर्दछौं।’

प्रचण्डले पर्वतीय देशमा जलवायु परिवर्तनको प्रभाव अकल्पनीय रहेको संकेत गरेको र जलवायु संकटको अग्रपंक्तिमा रहेका पर्वतीय देश तातोको प्रतिकूल प्रभावले अत्यधिक प्रभावित भएको उल्लेख गरे। ‘यसले पर्वतीय क्षेत्रमा हिउँ र हिमनदी पग्लिने दरलाई तीव्र बनाउँदै लगेको छ। जल उपलब्धता परिवर्तन गर्दै चरम अवस्था निम्त्याइरहेको छ,’ जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसी)का हालैका प्रतिवेदन उल्लेख गर्दै प्रचण्डले भने, ‘यसले जल सुरक्षामा गम्भीर चुनौती पैदा गरेको छ र जलस्रोतमा निर्भर रहेका लाखौं मानिस, माथिल्लो र तल्लो भेगका देशलाई असर पुऱ्याइरहेको छ।’

आइपिसिसीले सन् ०५० सम्ममा पर्वतीय देशमा औसत तापमान १.८ डिग्री सेल्सियसले बढ्ने चेतावनी दिइसकेको छ। वर्तमान उत्सर्जनको अवस्था चलिरहँदा यो शताब्दीको अन्त्यसम्ममा हिमनदीहरूको वर्तमान आयातन ८० प्रतिशत हराउनेछ।

प्रचण्डले हिमताल विस्फोट भएर आउने बाढी नेपाल र अन्य पर्वतीय देशको बारम्बारका खतरा रहेको बताए। ‘पर्वतीय अर्थतन्त्र कृषि, पर्यटन, जलविद्युत् र भौतिक पूर्वाधारजस्ता जलवायु संवेदनशील क्षेत्रमा परेको खराब असरका कारण पर्वतीय समुदाय र पारिस्थितिक प्रणालीमा सबैभन्दा खराब जलवायु प्रभाव देखिएका छन्,’ उनले भने, ‘स्रोतमा आएको कमी, उत्पादन र उत्पादकत्वमा घट्दो क्रम एवं यहाँका बासिन्दाको संस्कृति, सम्पदा, ज्ञान र अभ्यासको विस्थापनबाट जलवायु प्रेरित प्रकोप र अन्य प्रभावहरूले पर्वतीय जीविकोपार्जनलाई गम्भीर असर पुऱ्याएको छ।’

विश्वको तापमान वृद्धिदर १.५ डिग्री सेल्सियसमा सीमित गर्न, हिमाली क्षेत्रका जनताको जीविकोपार्जनमा सुधार गर्न, पारिस्थितिकी प्रणालीको विविधता, स्थिरता र स्थायित्व बढाउन र स्थानीय आवश्यकतालाई ध्यानमा राख्दै दिगो विकासका विकल्प पहिचान गर्न क्षेत्रीय र विश्वव्यापी सहयोगमा ध्यान केन्द्रित गर्नुपर्ने उनको भनाइ छ।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले जलवायु परिवर्तनले निम्त्याएका समस्या न्यूनीकरणका लागि साझा प्रयत्न जरुरी रहेको बताए। ‘जलवायु परिवर्तनले ल्याएका समस्या अझै बढ्ने अवस्था छ। यसबाट हिमाली क्षेत्रमा बढी असर गरिरहेकाले त्यहाँको जनजीवन अझै कठिन बन्दै जाने देखिन्छ,’ उनले भने, ‘विश्व समुदाय नै तापमान वृद्धि रोक्न एकजुट भए लाग्न जरुरी छ।’ वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीले हिमाली देशमा जलवायु परिवर्तनले असर गर्ने प्रतिकूलता विश्वका अन्य क्षेत्रभन्दा बढिरहेको बताए। बंगलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री सबर हुसैन चौधरीले नेपालसहित हिन्दु-कुस हिमालय क्षेत्रमा हिउँ पग्लिँदा बंगलादेशमा बाढीलगायत समस्या सिर्जना हुन सक्ने बताए।



विकसित देशले ८१ प्रतिशत कार्बन उत्सर्जन गर्दा नेपाल, बंगलादेशजस्ता विकासोन्मुख मुलुकले समस्या भोग्नुपरेको उल्लेख गर्दै उनले भने, ‘विकसित देशले अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा गरेको प्रतिबद्धता कार्यन्वयन गर्न सकिरहेका छैनन्। सरकारले मात्रै गरिबी निवारण र जलवायु परिवर्तनको असर रोक्न सक्दैन। अनुकूलन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापनमा लाग्नुपर्छ।’

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)का अध्यक्ष ह्यारी भिरेउले जलवायु परिवर्तनको असरका कारण बाढी-पहिरोलगायत विपत् निम्तिरहेको बताए। जलवायु परिवर्तनको असर समाधान सबै मिले खोजिनुपर्नेमा उनले बताए।

नेपाललगायत पर्वतीय देशले जलवायु परिवर्तनका कारण भोगिरहेको समस्या विश्वलाई जानकारी दिने र संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धिअन्तर्गतका कार्यक्रममा सहकार्यको वातावरण बनाउने लक्ष्यका साथ आयोजित संवाद बिहीबारसम्म चल्नेछ। सम्मेलनमा २५ पर्वतीय देश, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासहित दुई सयजनाको सहभागी छन्। तीनवटा प्रमुख विषयगत क्षेत्रमा आधारित रहेर दुईवटा प्लेनरी र सातवटा संवाद भइरहेको छ।

कसरी बढाउने लुम्बिनी बसाइ ?

नेपालले बौद्ध तीर्थस्थलको प्रचारप्रसार र तीर्थयात्रु ल्याउन अरू मुलुकसँग सहकार्य गर्ने हो, अरूको भर पर्ने होइन



● डा. विमलकुमार शर्मा

अग्रलेख

लुम्बिनी घुम्न आउनेलाई आकर्षित गर्ने प्रशस्तै ठाउँ भए पनि मानिसको रुचिअनुसार एउटालाई मनपर्ने कुरा सबैलाई चाखलाग्दो नहुन सक्छ । मायादेवी मन्दिर, अशोकस्तम्भ आदिको दर्शन तथा अवलोकनपछि प्रायः मानिस यहाँका दुई-चारवटा विहारमा घुम्न पुग्छन्, तस्बिर खिच्छन् र फर्किन्छन् । यस्ता मानिसको वास यहाँ कसरी लम्ब्याउने भन्ने नै अहिलेको मुख्य चुनौती हो । सनातनीका चारधाममा पनि धार्मिक आस्थाका व्यक्तिहरू लामो समय बसेको देखिँदैन । हज गर्न जाने नेपाली पनि सीमित समय र खर्च लिएर हिँडेका हुन्छन् । राम्रो आम्दानी भएका व्यक्ति चारधाम जाऊन् कि हज, उनीहरू सुविधा खोजेरै बसेका हुन्छन् । त्यसैले, केही आस्थावान्का लागि बिहारका पटांगिनी र सुविधा खोज्नेका लागि होटेल पुग्दा हुन्छ । धर्मशालामा बस्नेजस्ता धार्मिक व्यक्तिहरू मात्र त्यहाँ पुग्दैनन् । लाखौँ खर्च गरेर आउने मान्छेले सुविधासम्पन्न ठाउँ नै खोज्छन् । लुम्बिनीभित्रका विहारतर्फ औंला ठड्याउनुभन्दा बढी होटेलहरूले आफ्नो प्रचारप्रसार पनि गर्नुपर्छ । कोष र नेपाल सरकार पनि उत्तिकै जिम्मेवार हुनुपर्छ । अहिले नेपालमा पर्यटकको बढोत्तरीलाई विचार गर्दा सरकार, कोष र होटलको संयुक्त प्रयासबाट पर्यटक भरिभराउ हुन सक्छन् ।

त्यसो त लुम्बिनीमा समय बिताउने मनग्य ठाउँ निर्माण भएका छन् । शान्तिदीप, ध्यानकेन्द्रहरू, विविध आस्थाअनुसारका विहार, संग्रहालय, पुस्तकालय आदि भ्रमण अवलोकन गर्ने तथा यथेष्ट समय बिताउने स्थान हुन् । ध्यान बस्ने, पुस्तकालयमा अध्ययन गर्ने काम नौका विहारजस्तो एक-दुई घण्टामा पूरा हुने होइन । लुम्बिनीमा रुचिअनुसार समय बिताउने र एक-दुई रात बस्न बाध्य पार्ने क्रियाकलाप सञ्चालन गरिनुपर्छ । समग्रमा लुम्बिनी आउने पर्यटकलाई चार समूहमा बाँड्न सकिन्छ । पहिलो, एकदिने शैक्षिक भ्रमणजस्तो कार्यक्रम बनाएर आउने आन्तरिक तथा बाह्य पर्यटक । दोस्रो, वनभोज, सभा-सम्मेलन तथा सेमिनार आदिका निमित्त आउने पर्यटक । तेस्रो, धार्मिक आस्थाअनुसार पूजापाठ गर्ने छोटो समयकै लागि भए पनि ध्यान बस्ने तथा बुद्धसँग सम्बन्धित अन्य स्थलतर्फ पनि आकर्षित हुने आस्थावान् र चौथो, धार्मिक, सामाजिक, आर्थिक, ऐतिहासिक तथा पुरातात्त्विक अध्यन अध्यापन तथा खोज अनुसन्धान गर्ने व्यक्तिहरू । पहिलो समूहका व्यक्तिको मुख्य आकर्षण मायादेवी मन्दिरवरिपरिको क्षेत्र मात्र हुने गर्छ । त्यस्ता समूहका मानिस मन्दिर दर्शनपछि दुई-चार विहारमा छरिन्छन् । वनभोज स्थलतिर दगुर्छन् वा आआफ्ना खाजाको पोको खाएर निस्किन्छन् । दोस्रो समूहको मूल काम सभा, सेमिनार तथा मनोरञ्जन आदि भएको हुनाले मन्दिरपरिसर घुम्ने, नौका विहार गर्ने र आफ्नो सभा, सम्मेलन सक्ने उद्देश्य रहन्छ । मिलेसम्म यो समूहका मानिसले एक-दुई रात यहाँ बिताउन सक्छन् । तेस्रो समूहका व्यक्ति भने सम्भव भएसम्म आआफ्ना आस्थाका बिहार वा होटेलमा वास बसी बिहान मन्दिर दर्शन गर्न आएका हुन्छन् । बिहानै पुग्नेहरू पनि दर्शन आदिको काम सकाएर सम्भव भएसम्म सोही दिन फर्कन्छन् । उक्त समूहका थोरै प्रतिशत मानिस लुम्बिनीमा रात बिताउने पनि हुन्छन् । चौथो समूहका व्यक्तिलाई पर्यटक भन्नुभन्दा विज्ञ-अनुसन्धानकर्ता भन्नु उपयुक्त देखिन्छ । यी समूहका व्यक्ति कतिपय वेला लामो समय कुरेर अनुकूलता मिलाई आएका हुन्छन् । उनीहरूले आफ्नो अभीष्ट पूरा नहुन्जेल लुम्बिनी र वरपर नै समय बिताउँछन् ।

पर्यटन विकास तथा पर्यटकको बसाइ वृद्धि गर्न लुम्बिनीले योजनाबद्ध रूपमा कामसमेत गर्दै रहेको भए पनि समयसापेक्ष केही कुरा पूरा हुन नसक्दा पर्यटकको बसाइ खासै लम्बिन सकेको छैन । भारतीय नाकामा हुने केही ढिलासुस्ती, भारत सरकारको आक्रामक प्रचार र नेपाली पक्षका केही कमी-कमजोरीले आगन्तुकको लुम्बिनी बसाइ लम्बिन सकेको छैन । वस्तुतः बसाइ लम्ब्याउनेभन्दा धेरै आस्थावान् एवं पर्यटकलाई आकर्षित गर्ने योजना बन्नुपर्छ । साधारण घुम्न आउनेलाई पनि आकर्षित गर्ने गरी मनमोहक बगैंचा निर्माणका साथै अन्य मनोरञ्जनात्मक तथा शैक्षिक, धार्मिक क्रियाकलाप सञ्चालन गरिनुपर्छ । जस्तै- देख्दै मन लोभिने फूल तथा बगैंचा भए मानिस एक-दुई घण्टा त्यसै रमाउँछन् । फिल्म र भिडियो बनाउनेहरूलाई पनि यसले आकर्षित गर्न सक्दा रात बिताउने वातावरण बन्छ । त्यस्तै, अहिले धेरै ठाउँमा देखिने म्युजिकल फाउन्टेन अनि बुद्धका जीवनीको वृत्तचित्र देखाउने व्यवस्था गरिँदा पहिलो, दोस्रो र तेस्रो समूहका मानिससँगै चौथो समूहका मानिसलाई पनि लुम्बिनीमा रात बिताउने बहाना हुन्छ । धार्मिक आस्थाका व्यक्तिहरूले लुम्बिनी पुगेपछि मन्दिरपरिसरमा पूजाअर्चना अवश्य गरेका हुन्छन् । उनीहरूलाई मुख्य केन्द्रमा राखी हरेक पूर्णिमामा विशेष पूजाआजासँगै ध्यानशिविर सञ्चालन गरिनुपर्छ । पहिलो विश्व बौद्ध शिखर सम्मेलनपछि मन्दिरपरिसर छेउछाउ बत्ती बाल्ने व्यवस्थाका लागि स्ट्यान्ड निर्माण गरी शुल्क लिने व्यवस्था गरिएको थियो । यसैवेला पूर्णिमामा पाठ गरिन्थ्यो । लुम्बिनीका सबै विहारलाई आमन्त्रण गरिन्थ्यो र कार्यक्रम भिक्षु स्वयंले सञ्चालन गर्नुहुन्थ्यो । पूर्णिमाको पहिलो कार्यक्रम म्यानमारका भिक्षुहरूले गरेको मलाई सम्झना छ ।



लुम्बिनीमा बसाइ लम्ब्याउन सरोकारवालाले निम्न काम गर्दा राम्रो हुने देखिन्छ । सर्कुलर लेभी घुमेर मात्र दर्शन गर्ने परिपाटी बसालिनुपर्छ । अझ केन्जो टांगेको सोचअनुरूप गर्भको आकार देखिने ठाउँमा स्नानगृह बनाइनुपर्छ । तेलारको पानीलाई स्वच्छ बनाएर नुहाउने धारामा प्रयोग गरिनुपर्छ । यो प्रक्रियालाई मायादेवीले लुम्बिनी भ्रमण गरेको र सिद्धार्थ जन्मेपछि उनलाई नुहाएको प्रसंगसँग जोडेर प्रचार गरिनुपर्छ । यसो हुँदा धार्मिक आस्थावान् व्यक्तिको बसाइ त्यसै लम्बिन जान्छ । बसाइ लम्ब्याउन उहिले बिहान पूर्णिमाको पूजा र राति बत्ती बाल्ने व्यवस्थाको सोच बनाइएको थियो । म्युजिकल फाउन्टेनका लागि सिंगापुरमा रहेका नेपाली युवासँग पटक-पटक कुराकानी र छलफल भएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य सम्भवतः जापान जाने वेला र कोषबाट हामी डब्लुएफबीको सम्मेलनमा अस्ट्रेलिया जाने क्रममा बुद्धको जीवनीलाई अडियो-भिडियोमा उतार्ने विषयमा छोटो कुराकानी गर्ने मौका मिलेको थियो । आन्तरिक पर्यटकको समेत बसाइ बढाउने गरी लुम्बिनीमा वनस्पति उद्यान बनाउने योजना तर्जुमा भएको थियो । लुम्बिनी क्षेत्रभित्रैको रुख बिरुवा सप्रिन नसकेको स्थलमा वनस्पति उद्यान निर्माण गर्ने योजना थियो । सो उद्यानमा हिमाल, पहाड, तराई सबै क्षेत्रका वनस्पति हुर्काइ अध्ययन, अवलोकन र मनोरञ्जनसमेत हुने गरी तयार पारिएको थियो । वनस्पति उद्यानका लागि पाँच-सात वर्ष बजेटसमेत निकासा भएको थियो । तर, योजनाअनुसार कुनै काम अघि बढेको देखिएन । यसको चर्चा अरू कुनै सन्दर्भमा गरिनेछ । म्युजिकल फाउन्टेन सोही बगैंचाको कुनै ठाउँमा निर्माण गरिने वा शान्तिदीपभन्दा दक्षिण र मायादेवी मन्दिरको उत्तरतर्फ कतै राख्ने सोच थियो ।

> भारतीय नाकामा हुने केही ढिलासुस्ती, भारत सरकारको आक्रामक प्रचार र नेपाली पक्षका केही कमी-कमजोरीले आगन्तुकको लुम्बिनी बसाइ लम्बिन सकेको छैन

श्रव्यदृश्य सामग्रीमा कपिलवस्तु, नवलपरासी क्षेत्रका महत्त्वपूर्ण बौद्ध स्थलबारे सूचना समावेश गरिनुपर्छ । ती स्थल घुम्ने सवारीसाधन सञ्चालन हुनुपर्छ । १९९८ मै सानो चार्जिङ स्टेसन बनाई सफा टेम्पो चलाउने र त्यसमै अडियोभिडियो देखाउने योजना बनेको थियो । हालै अनुदानमा प्राप्त विद्युतीय बसहरूबाट केही समय सञ्चालन भएको समाचार आएको थियो । के कारणले हो, सो सेवा पुनः बन्द भएको छ । तीर्थयात्रीका परिवारलाई आकर्षण गर्ने गरी लुम्बिनीको चौतर्फी पर्खाल डिजाइन गरिएको थियो । एक मिटर पर्खाल निर्माण गर्नेलाई शुल्क निर्धारण गरी आफ्ना पुर्खाको पाँच ग्रामसम्म अस्तु राख्न दिने योजना थियो । यसो हुँदा झन्डै साढे बाह्र किलोमिटर पर्खाल निर्माण गर्न त्यति नै परिवारको संलग्नता बढ्ने थियो । आफ्ना पुर्खाको अस्तु भेट्न, हेर्न पुस्तौं पुस्तासम्म परिवारका सदस्यको आवतजावत बढ्ने थियो । यसबाट कालान्तरमा लुम्बिनी आउने व्यक्तिहरूलाई पालो लिनुपर्ने, कुर्नुपर्ने पनि हुन सक्थ्यो ।

धेरै व्यक्ति लुम्बिनीलाई भारतीय बौद्धस्थलसँग जोडेर प्रचार गरिनुपर्छ भन्ने धारणा राख्छन् । त्यसै त भारत ठूलो देश र बुद्धले भनेअनुसार पनि चारमध्ये तीनवटा तीर्थ भएको ठाउँ हो । यसो भन्दै गर्दा लुम्बिनी बौद्ध तीर्थस्थलको एक चौथाइ मात्र हुन आउँछ । तर, त्यसो हुँदै होइन । हाम्रो मानसिक दरिद्रता मात्रै हो यो । लुम्बिनी समग्रमा पहिलो तीर्थस्थल हो । लुम्बिनी नपुगुन्जेल बौद्ध धर्मावलम्बी/आस्थावान्को धार्मिक यात्रा पूरा हुन सक्दैन । कपिलवस्तु बुद्धले २९ वर्ष बिताएको शाक्यहरूको राजधानी सहर हो । त्यो अन्यत्र हुन सक्दैन । कपिलवस्तुमै पाँच मानव बुद्धमध्ये क्रकुच्छन्द र कनकमुनी बुद्धको जन्म र कर्मस्थल रहेको प्रमाण कपिलवस्तुमा रहेका अशोक स्तम्भहरूले बयान गर्छन् । एकजना मानव बुद्ध जन्मेकै छैनन् र अर्का कश्यपको जन्मस्थल पत्तो लाग्न बाँकी नै छ । यसरी लुम्बिनी र कपिलवस्तुमा गरी तीनवटा ज्ञात बुद्धको जन्मस्थल भ्रमण गर्ने सौभाग्य चानचुने होइन भन्ने प्रचार गरिनुपर्छ ।

कोलीयहरूको राजधानी सहरको पुरातात्त्विक उत्खनन् एवं पहिचानका धेरै काम बाँकी नै रहे पनि रामग्रामको अस्तु स्तूप अक्षुण्ण रहेको छ । पर्यटकीय र पुरातात्त्विक मात्र होइन, एक मात्र अस्तु स्तूपको चाहिनेजति प्रचार गरिनुपर्छ । यी सबै कुरालाई धार्मिक भावनासँग पनि जोडेर प्रचार गरिँदा अरू मुलुकसँग जोडिराख्नुपर्ने आवश्यकता देखिँदैन । केही कालदेखि मायादेवी हिँडेको बाटो भनी गरिएको प्रचारलाई अझै व्यापकता दिने र माथि सुझाइएका कामलाई पूरा गर्न सके लुम्बिनीमा पर्यटकको आगमन थेगिनसक्नु हुन सक्छ ।

भारतबाहेक श्रीलंका, म्यानमार, थाइल्यान्डलगायत मुलकमा समेत बौद्ध तीर्थस्थल छन् । तर, बुद्धले भनेजस्तो चार तीर्थ भने नेपाल र भारतमा मात्र छन् । नेपालबाहेक अन्य कुनै पनि स्थलमा तीन बुद्धको जन्म भएको छैन । शाक्यमुनी बुद्धको नखोलिएको अस्तु स्तूप पनि संसारको अन्य कुनै स्थलमा प्रमाणित भएको छैन । त्यसबाहेक काठमाडौं उपत्यकामा रहेका स्वयम्भू, बौद्ध आदि बौद्ध तीर्थस्थल नेपाल आउने पर्यटकका लागि थप आकर्षण हुन् । त्यसैले नेपालले बौद्ध तीर्थस्थलहरूको प्रचारप्रसार र तीर्थयात्रु ल्याउन अरू मुलुकसँग साधारण सहकार्य गर्ने हो, अरूको भरपर्ने होइन ।

(डा. शर्मा लुम्बिनी विकास कोषका पूर्वसदस्यसचिव हुन्)

---

३ प्रश्न

बौद्ध दर्शनका अध्येता एवं लेखक **वसन्त महर्जन**लाई



▪ बुद्ध जयन्तीबारे केही बताइदिनुस् न ?

जयन्ती भन्दा हामीले सामान्यतया जन्मेको दिनलाई बुझ्छौं, तर भोलिको दिन वैशाख पूर्णिमा हो । वास्तवमा वैशाख पूर्णिमाका दिन बुद्धको जीवनसँग सम्बन्धित महत्त्वपूर्ण तीन घटनालाई सम्झिइन्छ । इसापूर्व ५६३, ५२८ र ४८३ को वैशाख पूर्णिमामा बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण (देहावसान) भएको थियो । बुद्धका जीवनका यी तीन घटनाको संस्मरणमा वैशाख पूर्णिमाका दिन महोत्सव मनाइएको हो । नेपाल, भारत र श्रीलंकामा बुद्ध जयन्ती भनेर उत्सव मनाइन्छ भने अन्यत्र बुद्ध पूर्णिमा वा 'फुल मुन डे अफ वैशाख' भनेर मनाइन्छ ।

▪ हालका समयमा बुद्ध दर्शनको सान्दर्भिकता कति छ ?

बुद्धले हामीलाई जुन शिक्षा दिनुभएको थियो, त्यसैलाई हामी बुद्ध दर्शन वा धर्म भन्छौं । हामीले बुद्ध धर्म, दर्शन र शिक्षालाई पर्यायका रूपमा बुझ्छौं । यसको सान्दर्भिकता बुद्धको जीवनकालमा पनि थियो, अहिले पनि छ र भोलि पनि रहनेछ किनभने यो हामी प्राणीको समस्यासँग जोडिन्छ । यी समस्या भनेको लोभ, मोह, तृष्णालगायत मानवीय स्वभाव हुन्, जो हिजो पनि थिए आज पनि छन् र भोलि पनि रहनेछन् । हामीमाझ रहेका दुःख, कोलाहल झगडा, युद्ध र अशान्ति यिनै मानवीय स्वभावसँग जोडिन्छन् । बुद्धको शिक्षामार्फत यी समस्यालाई जरैदेखि उखेल्न सकिन्छ । उदाहरणका लागि लोभ, मोह कम गर्दै लग्दा हाम्रो दुःख कम हुँदै जान्छ ।

▪ विश्वमा बढिरहेको अशान्तिबीच चाहिँ बुद्ध दर्शनको सान्दर्भिकता के हुन सक्छ ?

विश्वमा हुने युद्ध, अशान्ति प्राकृतिक घटना होइनन् । यी घटना मानवीय अवगुणका कारण सिर्जित हुने हुन् । समस्या हामीसँगै छ । हामीले नै युद्ध, अशान्ति निम्त्याइरहेका हौं । बुद्ध दर्शन अपनाएर आफ्ना अवगुणलाई पहिचान गर्न थाल्यौं भने मात्रै दिगो शान्ति सम्भव हुन्छ ।

प्रेरक प्रसंग

बुद्ध र किसान

गौतम बुद्ध भिक्षाटनका क्रममा गाउँगाउँमा पुग्ने क्रममा एकपटक एउटा गरिब किसानले उनलाई आफ्नो गाउँमा आउन आग्रह गरे । ती किसानको आग्रह स्विकारेर बुद्ध गाउँमा पुगे । तब सारा गाउँका मानिस उनलाई हेर्नका लागि ओइरो लागे । बुद्ध एउटा चौतारोमुनि बसेका थिए । उनलाई मानिसले चारैतिरबाट घेरेका थिए । सारा गाउँले उपस्थित भएको सो स्थानमा बुद्धलाई निम्त्याउने किसान भने उपस्थित थिएनन् । त्यस दिन बुद्धलाई गाउँमा बोलाउने ती किसानको गोरुको जोडी कतै हरायो । किसान बडो धर्मसंकटमा फसे । आफैंले बोलाएर उनको गाउँमा आइपुगेका महात्मा बुद्धको प्रवचन सुन्न जाऊँ या आफ्नो गोरु खोज्नतिर लागूँ । धेरै सोच विचारपछि उनले आफ्नो गोरु नै खोज्न जाने निर्णय गरे ।



घन्टौं खोजेपछि उनले गोरु भेट्टाए । गोरु खोज्दा-खोज्दा थाकेका किसान साँझमा घर आइपुगे र खाना खाएर सुते । अर्को दिन उनी अप्ठ्यारो मान्दै गौतम बुद्धलाई भेट्न गए । उनले बुद्धलाई अघिल्लो दिनको आफ्नो समस्या जस्ताको तस्तै सुनाएर आफू उपस्थित हुन नसक्नुको कारण बताए । बुद्धले उनको समस्या बुझे र मुस्कुराउँदै सबैले सुन्ने गरी भने, 'मेरो दृष्टिमा यी किसान नै मेरा सच्चा अनुयायी हुन् । यिनले उपदेशलाई भन्दा धेरै कर्मलाई महत्त्व दिए । यदि हिजो यी आफ्नो गोरु नखोजी मेरो प्रवचन सुन्न आएका थिए भने यिनले मेरा कुरा बुझ्ने थिएनन् । किनकि यिनको मन अन्तै कतै दगुरिरहेको हुन्थ्यो । यिनले कर्मलाई प्राथमिकता दिएर सराहनीय कार्य गरेका छन् ।' बुद्धको कुरा सुनेर गाउँलेले पनि ती किसानको प्रशंसा गरे ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

समृद्धिका लागि केले छेकेको छ ?

नेपालमा जता हेऱ्यो त्यतै भताभुंग अवस्था देखिन्छ । लोकतान्त्रिक गणतन्त्रमा दल र तिनका नेताले जनताका व्यथा र देशको आवश्यकतामा ध्यान नदिई आआफ्नो स्वार्थपूर्तिमा मात्र ध्यान दिएकाले देश समृद्धिको बाटोमा अघि बढ्नुको साटो पछि परिरहेको अवस्था छ । नेताहरूलाई सत्ता, शक्ति र सम्पत्तिबाहेक अर्को केही चाहिएको छैन । देश र जनताको आर्थिक उन्नति र समृद्धि उनीहरूको प्राथमिकतामा कहिल्यै पर्न सकेन । एक-अर्कामा हिलो छ्यापाछ्याप गर्नुको साटो देश र जनताको समृद्धिका लागि एक भई बढ्न केले छेकेको छ र ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

संसद्को गतिरोध अन्त्य गर

वेल घेराउ र नाराबाजीबीच दुवै सदनमा नीति तथा कार्यक्रम पेस भएर छलफलसमेत सुरु भएको समाचार पढियो । संसद् लड्ने, भिड्ने र प्रतिपक्षीलाई पेल्ने थलो होइन । यहाँ प्रतिपक्षीका खबरदारी सुन्दै सरकारले आफूलाई सच्याउँदै अघि बढ्नुपर्ने हो । सरकार र प्रतिपक्षीबीच हार्दिकतापूर्ण सम्बन्ध जरुरी हुन्छ । यसका लागि प्रतिपक्षले पनि हलो अड्काउन खोजेर हुँदैन भने सत्तापक्षले पनि पेलेरै जाने नियत देखाउन हुँदैन । गतिरोध अन्त्य गरेर अघि बढ्नुको विकल्प छैन ।

● **गौरी विक**
थापाथली, काठमाडौं

ढिलासुस्ती किन ?

अढाई वर्षमा सकिनुपर्ने हुलाकी सडक आठ वर्ष बित्दा पनि पूरा नभएको समाचार पढ्दा दुःख लाग्यो । यो देशमा सायद समयमै सकिएको कुनै आयोजना नै छैन कि जस्तो लाग्छ । यहाँ जुनसुकै आयोजना पनि सुरु गर्न हतारिने तर पूरा गर्न भने कहिल्यै चासो नदिने परम्परा नै बसिसकेको छ । समयमै काम सम्पन्न नगर्दा अनेक नाममा समय र लगानी बढाउन पाइने र त्यसबाट मनग्गे लाभ लिन सकिने हुनाले यस्तो ढिलासुस्ती भइरहेकामा शंका छैन ।

● **भीम महर्जन**
कीर्तिपुर, काठमाडौं

जीवनरक्षार्थ सहयोगको अपिल

हुम्ला घर भई बौद्धस्थित समता स्कुलमा अध्ययनरत मेरो १७ वर्षीय छोरा विपेश कार्कीको एक्कासि दुवै खुट्टा नचल्ने, बाथरोग, उच्च ज्वरो र टाउकामा पानी जम्नेलगायत गम्भीर प्रकृतिको रोग लागेको छ । उनलाई चार महिनासम्म वीर अस्पताल, ग्रान्डी इन्टरनेसनल अस्पताल, अन्नपूर्ण न्युरो अस्पताल, नर्भिक अस्पताल र नेपाल मेडिकल कलेजमा राखेर उपचार गरिसकियो । तर, अझै रोगको सही निदान र उपचार हुन सकेको छैन ।

परिवारबाट ऋण सापट गरेर धान्न सक्नेसम्मका सबै उपचार भइसक्यो । अहिले आर्थिक अभावमा उपचार गर्न नसक्दा निजको स्वास्थ्य अवस्था झनै बिग्रिँदै गएको छ । उनको उपचारका लागि हजुरहरूको सहयोग आवश्यक भएको छ । अस्पतालले पेट स्क्यानका लागि ७० हजार र एकपटक इन्जेक्सन लगाएको मात्रै दुई लाख १० हजार रुपैयाँ चाहिने बताएको छ । तर, कमजोर आर्थिक अवस्था भएको हाम्रो परिवारबाट रकम जुटाएर उपचार गर्ने अवस्था अब रहेन । त्यसैले उनको उपचारका लागि आर्थिक सहयोग गरिदिन हुन सबैसमक्ष हार्दिक आग्रह गर्छु । सहयोग गर्न इच्छुक सहृदयी महानुभावले सिटिजन्स् बैंकमा मेरो नाममा रहेको बचत खाता नम्बर ०२७०१०००००७२६००९ वा ९८६२५७५८५६ नम्बरमा रहेको इसेवा आइडीमार्फत सहयोग गर्न सक्नुहुनेछ ।



● **गडबहादुर कार्की**, सर्केगाड गाउँपालिका-१, हुम्ला

बुद्धदर्शनको सामयिकता

लगभग २६ सय वर्षअघि दुःखमुक्ति र सुखी जीवनका लागि भगवान् बुद्धबाट दिइएको अष्टांगिक मार्गको ज्ञान आज पनि उत्तिकै सामयिक छ



● आचार्य श्रीस्वामी ध्रुव

फ्रायडले ३० वर्षसम्म मानवीय मनको अध्ययन र अनुसन्धान गर्नुभो र अन्त्यमा भन्नुभो- मानवको जीवन जिउने जुन तरिका छ, त्यस आधारमा उसको दुःख कहिल्यै समाप्त हुँदैन । त्यसलाई कम गर्न मिल्छ, तर एकदमै समाप्त गर्न सकिँदैन । किनकि, सानो-सानो कुरामा अपेक्षा जोडिएको हुन्छ । जुन कहिल्यै पूरा हुँदैन । यति मात्र होइन, अपेक्षाको रुख नै छ हाम्रो मनमा, त्यसका हजारौं-हजार हाँगा पनि छन् । भगवान् बुद्धले पनि भन्नुभएको छ- जीवन दुःख हो, दुःखको कारण छ र दुःख मुक्तिको उपाय पनि हो । आर्य अष्टांगिक मार्ग यसका प्रथम र अन्तिम उपाय हुन् । अज्ञान दुःख हो, ज्ञान सुख हो ।

लगभग छब्बीस सय वर्षअघि दुःखमुक्ति र सुखी जीवनका लागि भगवान् बुद्धबाट दिइएको अष्टांगिक मार्गको ज्ञान आज पनि उति नै लाभकारी र उपयोगी छ, जति त्यो वेला थियो । ज्ञान जीवनको आधार हो । ज्ञानविना जीवनको कल्पना गर्न सकिँदैन । ज्ञानको सिमाना छैन । यो असीमित छ ।

अष्टांगिक मार्गका आठ सिद्धान्त निम्न छन् :

१. **सम्यक् दृष्टि** : कुनै पनि घटनाको असली अर्थ हामीलाई थाहा हुँदैन । कहिलेकाहीं पछि थाहा हुन्छ । सम्यक् दृष्टिको सिद्धान्तअनुसार कुनै पनि घटनालाई पक्ष-विपक्ष वा नकारात्मक-सकारात्मकमा सन्तुलन राखेर हेर्नुपर्छ । कुनै पनि घटनाको परिणामलाई अधिकतम सकारात्मक र शुद्ध बुझ्नु नै सम्यक् दृष्टिको ज्ञान हो ।

२. **सम्यक् संकल्प** : संकल्पविना केही हुँदैन । यसकारण सधैं संकल्पको सिद्धान्त याद राख्नुपर्छ । सामान्य इच्छालाई संकल्पको शक्तिबाट सफलतासम्म पुऱ्याउन सकिन्छ । अहिलेसम्म हामीले जे प्राप्त गरेका छौं, त्यो हाम्रो संकल्प शक्तिकै परिणाम हो । कुनै कुरा चाहेर पनि प्राप्त नसक्नु संकल्प शक्तिको कमी हुनु हो । कमजोर इच्छाशक्तिलाई संकल्पको सहयोगबाट शक्तिशाली बनाउन र पूरा गर्न सजिलो हुन्छ ।

३. **सम्यक् वाणी** : हाम्रो सम्बन्धमा अहंकार र अज्ञानले गर्दा नराम्रो वाणीका कारण धेरै समस्या भइरहेको हुन्छ । यसकारण सम्यक् वाणीको सिद्धान्त हामीले याद राख्नुपर्छ । सम्यक् वाणी विनम्रताको प्रतीक हो । राम्रो कुरालाई पनि नराम्रो तरिकाले बोल्दा नराम्रै परिणाम निस्किन्छ । नराम्रो कुरालाई पनि राम्रो तरिकाले बोल्दा राम्रो परिणाम निस्किन्छ । हामीलाई विनम्रता मन पर्छ भने अर्कालाई पनि मन पर्छ । बोल्दा बढी बोल्नुहुँदैन । बढी बोल्दा काम खराब हुन सक्छ ।

४. **सम्यक् कर्म** : दैनिक जीवनमा कार्य गर्दा सन्तुलनको सिद्धान्त याद राख्नुपर्छ । हाम्रो कर्म नै हाम्रो सुखदुःखका लागि जिम्मेवार हुन्छ । सम्यक् कर्मको सिद्धान्तले जीवनलाई सुखी बनाउन सहयोग गर्छ । हामीले कुनै पनि कार्यमा सन्तुलन राख्नुपर्छ ।

५. **सम्यक् आजीविका** : व्यापार गर्ने वेला यसबाट अर्काको नोक्सानी नहोस् र समाजका लागि कल्याणकारी होस् भन्ने सोचेर रक्सी, चुरोट, बन्दुक आदिको व्यापार गर्न हुँदैन ।

६. **सम्यक् स्मृति** : हामी कहिले भूतलाई लिएर चिन्तामा रहन्छौं । कहिले भविष्य सोचेर दुःखी हुन्छौं । वर्तमानमा हामी रहँदैनौं । यो एक प्रकारको बेहोसी हो । यस बेहोसीमै काम, क्रोध, लोभ, मोह हामीमाथि हाबी रहन्छ ।



सम्यक् स्मृतिका अनुसार हामीले सकेसम्म होसमा रहनुपर्छ, जसले गर्दा मन शान्त र सन्तुलित रहन्छ ।

७. **सम्यक् स्वीकार** : हाम्रो जीवनमा जति पनि तनाव, दुःख, पीडा वा नकारात्मक विचार छ, त्यो अस्वीकारका कारण उत्पन्न हुने हो । किनकि, अस्वीकार गरेपछि असन्तुष्टि जन्मन्छ । असन्तुष्टिले क्रोध र दुःख बढाउँछ । यसकारण दैनिक जीवनका सबै परिणामलाई सहृदय स्विकार्नुपर्छ । राम्रो हुनका लागि प्रयास गरे पनि जे प्राप्त हुन्छ, त्यसैलाई सन्तोषपूर्वक स्वीकार गर्नुपर्छ ।

८. **सम्यक् व्यायाम/समाधि** : मानवको तीन प्रकारका कामना वा समस्या छन्- मानसिक, शारीरिक र आध्यात्मिक । हामी सारा जीवन मानसिक र शारीरिक समस्या समाधान गर्न लगाउँछौं । तैपनि, शान्ति हुँदैन । यसैकारण हामीले आध्यात्मिक इच्छा पूरा गर्नुपर्छ । यसैलाई महात्मा बुद्धले भन्नुभएको छ- दैनिक जीवनमा ध्यान, साधना पनि गर्नुपर्छ । ध्यान साधनाबाट मनको फोहोर सफा हुन्छ, चित्त निर्मल हुन्छ ।

विपस्यना ध्यान : यो अति प्राचीन ध्यानविधि हो । मध्यकालमा बिस्तार-बिस्तारै यो विधि विलुप्त हुँदै गयो । पछि भगवान् बुद्धले यसको खोज गर्नुभो र आफ्नो हजारौं भिक्षुमाथि प्रयोग गर्नुभो । विपस्यना ध्यान विधि अन्तर्मनको गहराइमा पुगेर आफूलाई आत्मनिरीक्षण गरेर आत्मशुद्धि गर्ने विज्ञान हो । विपस्यनाको शाब्दिक अर्थ हो विशेष रूपमा आफनो श्वास प्रश्वासलाई हेर्नु र अनुभव गर्नु ।

भूतकालको चिन्ता नगर्नु र भविष्यको आशंका र डरबाट असन्तुलित नहुनु, वर्तमानमा रहनु र जस्तो स्थिति छ, त्यस्तै स्वीकार गरेर बस्नु महात्मा बुद्धको दर्शन हो ।

भगवान् बुद्धको अति महत्वपूर्ण उपदेश :

१. डराउने मान्छे कहिल्यै धार्मिक हुन सक्दैन । २. हाम्रो सबैभन्दा ठूलो शत्रु शंका हो । ३. मानव जीवनको परम सत्य मृत्यु हो । ४. जसरी हुरीबतासले पहाड हल्लिँदैन, त्यस्तै साधकको मन कुनै पनि स्थितिमा विचलित हुँदैन । ५. जसरी पात्रलाई औषधिको ज्ञान हुँदैन, त्यस्तै अज्ञानीलाई ज्ञानको जानकारी हुँदैन ।

(आचार्य ध्रुव माइन्ड म्यानेजमेन्ट मुभमेन्टका प्रणेता हुन्)
dhruvswamig@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुसले नयाँ युद्धमोर्चा खोलेपछि उच्च दबाबमा युक्रेन

रुसले युक्रेन कमजोर भएको समयमा दोस्रो ठूलो सहरतर्फ सेना अघि बढाएको छ





● माइकल कोफम्यान र रोब ली

माइकल कोफम्यान 'कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिस'का वरिष्ठ अध्येता हुन् भने रोब ली फरेन पोलिसी रिसर्च इन्स्टिच्युटको युरेरिसा कार्यक्रमका शीर्ष अध्येता हुन्। दुबैजना रुसी सैन्य तथा आधुनिक युद्धका विशेषज्ञ हुन्।



गत हप्ता रुसी सेनाले युक्रेनमा जारी युद्धमा नयाँ मोर्चा खोल्यो। उत्तरपूर्वी खार्किभ प्रान्तमा खोलिएको यस मोर्चाअन्तर्गत रुसी फौजले युक्रेनको सिमानादेखि निकै भित्रसम्म पसेर कैयौं सीमावर्ती गाउँ पुनः कब्जामा लिन सफल भएको छ। तथापि ऊ खार्किभ सहरको पूर्वमा तैनाथ युक्रेनी प्रतिरक्षाको बलियो घेरासम्म भने पुगेको छैन। प्रतिरक्षा घेरालाई उन्नत हतियारले सुसज्जित अनुभवी ब्रिगेडले पहरा दिइराखेकाले रुस त्यहाँसम्म नजाला। यसका बाबजुद पछिल्लो समय युक्रेनको स्थिति बिग्रिएको छ। खार्किभ युक्रेनको दोस्रो ठूलो जनसंख्या भएको सहर हो। यस सहर कब्जा हुन नदिन युक्रेनी सेनाले अब पूर्वी भेगका मुख्य युद्धमैदानका जनशक्ति तथा हातहतियार यस भेगतर्फ स्थानान्तरण गर्नुपर्ने हुन्छ।

अहिलेका लागि युक्रेनको मुख्य प्राथमिकता युद्धमोर्चालाई स्थिर पार्नु र रूसलाई ठूलो सफलता हासिल गर्नबाट रोक्नु देखिन्छ, जसमा उसले ठूलो चुनौती सामना गर्नुपर्नेछ। विशेषतः गत वर्षदेखि जम्मा हुँदै गएका चुनौतीका शृंखला सम्बोधन गर्न व्यस्त भएको समयमा नयाँ मोर्चा खोलिएको छ। अमेरिकी कंग्रेसमा लामो समयदेखि रोकिएको अर्बौं डलरको विशाल आर्थिक सहायता विधेयक पास भपछि उसले राहतको सास फेरेको थियो। यी सहयोग युद्धमोर्चामा पुग्न समय लाग्नेछ, त्यति वेलासम्म युक्रेनले रुसी फौजको अग्रगमनलाई रोक्नुपर्नेछ। रुसको उद्देश्य खार्किभलाई पूर्ण रूपमा कब्जामा लिनुभन्दा पनि सहरतर्फ आफ्नो सेना अघि बढाएर बमबारीको डर देखाउनु हुनेछ। रुससँग यस सहरमाथि पूर्णस्तरको आक्रमण गर्ने स्रोत नभए पनि ऊ प्रतिद्वन्द्वीलाई द्विविधामा राख्ने रणनीति अपनाउनेछ।

युक्रेनी सेना पहिलेदेखि फराकिलो भागमा छरिएर लडिरहेको छ। यस्तोमा खार्किभ सहर रक्षाका लागि थप स्रोत तथा जनशक्ति परिचालन गर्न बाध्य हुँदा युद्धमोर्चाका अन्य भाग युक्रेनी अवस्थिति कमजोर बन्नेछ। रुस मुख्यतः दोनेत्स्कको बाँकी भाग कब्जा गर्न केन्द्रित छ। त्यस्तै ऊ रुसी भूमि र क्रिमियाबीचमा पर्ने भूमिका प्रमुख ट्रान्जिट हब र जनसंख्या केन्द्रलाई नियन्त्रण लिने रणनीतिमा छ। रुस फौज अगाडि बढेसँगै केही युक्रेनी एकाइहरू दोनेत्स्कबाट खार्किभतर्फ तैनाथ हुन सुरु भइसकेको छ। यस्तो समयमा रुसले उसको रिजर्भ फोज दोनेत्स्कतर्फ परिचालन गऱ्यो भने सो क्षेत्र रुसी अतिक्रमणको जोखिममा पर्नेछ। रुसी सेनाले खार्किभको पूर्वतर्फ रहेको कुपियान्स्क र दक्षिणी क्षेत्र जापोरिझियामाथि पनि दबाब बनाइराखेको छ। सुमी र चेर्निहाइभका सीमा क्षेत्रमा छिट्टै रुसी फौजले घुसपैठ गर्न सक्छ।

युक्रेन अहिले कमजोर भएको समयमा पछिल्लो रुसी आक्रमणमा तीव्रता आएको छ। गत वर्ष जाडो सुरु हुनुअघिदेखि उसले तीनवटा अन्तरसम्बन्धित समस्या झेल्दै आएको छ- गोलाबारुद, जनशक्ति तथा बलियो प्रतिरक्षा घेराको अभाव। युक्रेनले वसन्त ऋतुमा प्रतिरक्षा घेरा निर्माणमा प्रगति हासिल गरेको छ। अमेरिकाको आर्थिक सहायता प्याकेजले उसको गोलाबारुदको अभाव पनि कम हुनेछ। जहाँसम्म युद्ध मैदानमा देखिएको जनशक्तिको अभाव छ, त्यसको समाधान छिटै हुने संकेत देखिँदैन।

> युक्रेनी सेना पहिलेदेखि फराकिलो भागमा छरिएर लडिरहेको छ। यस्तोमा खार्किभ सहर रक्षाका लागि थप स्रोत तथा जनशक्ति परिचालन गर्न बाध्य हुँदा युद्धमोर्चाका अन्य भाग युक्रेनी अवस्थिति कमजोर बन्नेछ। रुसी फौज अगाडि बढेसँगै केही युक्रेनी एकाइहरू दोनेत्स्कबाट खार्किभतर्फ तैनाथ हुन सुरु भइसकेको छ। रुसले आफ्नो रिजर्भ फौज दोनेत्स्कतर्फ परिचालन गऱ्यो भने सो क्षेत्र रुसी अतिक्रमणको जोखिममा पर्नेछ।

युक्रेनले विशेषतः स्थलसेनाको चरम अभाव भोगिरहेको छ। गत वर्षको ग्रीष्ममा युक्रेनले सुरु गरेको प्रत्याक्रमण मुख्यतया स्थलसेनाकै कमीका कारण उलेख्य सफलताविना टुंगियो। र, त्यसयता उसले सो अभाव हटाउन संघर्ष गरिरहेको छ। यसको मतलब युद्धको अग्रभागमा बनाइएका प्रतिरक्षा घेरामा पहरा दिने र समय-समयमा पालो दिन पुग्ने स्थल सैनिकको अभाग छ। यस्तो स्थितिमा जो जति युद्धमैदानमा छन्, उनीहरू लामो समयको सक्रियताका कारण चाँडै थाक्छन्। यसले सेनामा स्वयंसेवा गर्न चाहनेलाई निरुत्साहित गर्छ। अहिले अधिकांश युक्रेनी ब्रिगेड न्यून जनशक्तिको समस्या झेलिरहेका छन्। भएका जनशक्तिमध्ये पनि धेरै ४० वर्षभन्दा माथिको उमेर समूहका छन्।

युक्रेनमा युद्धमोर्चामा सेवा गर्न सक्ने पुरुषको कमी भएको भने होइन। अहिलेको समस्या खासमा सैन्य परिचालन प्रणालीको सुधारमा लगाइएको लामो समयले निम्त्याएको हो। महिनौंको छलफलपछि भर्खरै युक्रेनले सैन्य परिचालनसम्बन्धी केही कानुन पारित गरेको छ। यी कानुनले सेना परिचालन गर्न आह्वान गर्न सकिने युवाहरूको न्यूनतम उमेर घटाएको छ। त्यस्तै सेनामा सेवा गर्नबाट उम्किन खोज्नेहरूलाई सजायको व्यवस्था गरेको छ। त्यस्तै केही अवस्थामा कैदीहरूलाई समेत युद्धमोर्चामा प्रयोग गर्ने बाटो खुलाइएको छ। त्यस्तै युद्धमा स्वयंसेवा गर्न चाहनेहरूलाई विशेष व्यवस्था अघि सारिएका छन्। यी कानुनको कार्यान्वयनमार्फत युक्रेनको जनशक्ति समस्या सम्बोधन हुने आशा राखिएको छ। तथापि धेरै कुरा तिनको कार्यान्वयनमा भर पर्छ। सबै कुरा अपेक्षाअनुरूप चले पनि जनशक्तिको अभावमा सुधार ल्याउन महिनौं लाग्नेछ।

जनशक्ति तथा गोलाबारुदको अभावबाट हुन सक्ने क्षति कम गर्न युक्रेनको सेनाले आफ्ना उत्कृष्ट ब्रिगेड तथा एलिट इकाइहरूलाई युद्धको सबैभन्दा अग्रभागमा परिचालन गरिरहेको छ। यो रणनीति बखमुत र अभ्डिकाका कठोर लडाइँमा प्रयोगमा ल्याइएको थियो। तर, यस रणनीतिअन्तर्गत युक्रेनी फौजले पर्याप्त आराम गर्न नपाएको अध्ययनले देखाएको थियो। त्यसबाहेक युक्रेनले केही युद्धमोर्चालाई सुदृढ पार्न व्यक्तिगत बटालियन तैनाथ गरिरहेको छ, जसले तिनका बाँकी बटालियनको साथ पाउँदैनन्। यी अल्पकालीन समाधान हुन्, जसको दीर्घकालीन असर हुनेछ। किनकि यी एकाइ समयसँगै कम हुँद जान्छन्। युक्रेन जनशक्तिको अभावसँग जुधिरहेको रुस भने गत वर्ष यो समस्यालाई सम्बोधन गर्न सफल भयो। अहिले उसले प्रत्येक महिनामा झन्डै ३० हजार करारका सेना भर्ती गरिरहेको छ। यो जनशक्ति हातहतियार ओसारपसार, ड्रोन सञ्चालन र निर्देशित बम प्रहारमा प्रयोग भएकाले यसले रुसलाई फाइदा पुगिरहेको छ।

रुसले जनशक्तिको अभाव हुन नदिए पनि उसले भर्ती गरेका प्रायः जनशक्ति उच्चस्तरका सिपाही होइनन्। त्यस्तै तिनको ठूलो हिस्सा ४० वर्षमाथिको छ। न्यून गुणस्तरको सेना नेतृत्वमा पुगेको क्षतिका कारण रुसले अग्रगमनलाई ठूलो सफलतामा रूपान्तरण गर्न सकिरहेको छैन। साथै उसले ठूलो परिमाणको गोलाबारुद प्रयोगमा ल्याइरहेको छ, जसमध्ये अधिकांश भण्डारणबाट निकासा गरिएका हुन्। अर्को वर्ष अर्थात् सन् २०२५ देखि उसले गोलाबारुद अभावको सामना गर्ने स्थिति देखिँदै छ। युक्रेनलाई दिइने आर्थिक सहायतासम्बन्धी विधेयक अमेरिकी संसद्बाट पारित भएपछि युक्रेनलाई सहयोग आउने सुनिश्चिता प्रदान गरे पनि कठिनाइ कम गरेको छैन। ऊ अहिले हतियार युद्धमोर्चामा आइपुग्ने समय पर्खी बसेको छ। यो रकमले युक्रेनी फौजलाई उसको स्थिति थप बलियो बनाउन वा केही स्थानमा भूमि फिर्ता हासिल गर्ने अवसर प्रदान गर्न सक्छ। यदि युक्रेनले यस वर्ष रुसलाई सामान्य लाभमै सीमित गर्न सक्यो भने मस्कोको अग्रगमन सकिने सम्भावना छ। त्यसपछि अर्को वर्ष उसको सापेक्षिक लाभ कम हुन थाल्नेछ। यसअवधिमा युक्रेनले पश्चिमले दिने गोलाबारुद वा हातहतियार प्राप्त गर्ने मात्र होइन, जनशक्तिको लामो समयको अभाव सम्बोधन गर्दै तिनको प्रभावकारी व्यवथापन गर्न सक्छ। यस्तोमा आगामी केही महिना युक्रेनले ठूलो दाउ खेल्नुपर्नेछ।

- द न्युयोर्क टाइम्सबाट

आयरल्यान्ड, नर्वे र स्पेनले दिए प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता



ब्रसेल्स/ आयरल्यान्ड, नर्वे र स्पेनले बुधबार प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने निर्णय गरेका छन्। प्यालेस्टाइनको स्वतन्त्रताका लागि दशकौंदेखि शान्तिपूर्वक संघर्ष गरिरहेको 'प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)' र सशस्त्र संघर्ष गरिरहेको हमासले यस निर्णयको स्वागत गरेका छन्। प्यालेस्टाइनलाई अलग राष्ट्रको मान्यता दिने तीन युरोपेली देशको निर्णयको इजरायलले भने कडा विरोध जनाएको छ। इजरायलले विरोधस्वरूप ती देशमा रहेका आफ्ना राजदूत फिर्ता बोलाएको छ। हमासले अक्टोबर ७ मा इजरायलमाथि अकस्मात गरेको आक्रमणपछि इजरायलले गाजामा कारबाही केन्द्रित गरेपछि यस क्षेत्रमा अहिलेसम्मकै सबैभन्दा रक्तपात भएको छ।

आयरल्यान्ड, नर्वे र स्पेनले गाजा युद्धको सात महिनापछि मे २८ पछि अलग प्यालेस्टिनी राज्यलाई औपचारिक मान्यता दिने घोषणा गरेका हुन्। 'हामी यसलाई हाम्रो भूमिमाथि आफ्नो आत्मनिर्णयको अधिकार राख्ने दिशातर्फ एक महत्त्वपूर्ण कदम ठान्छौं,' युरोपेली देशको पछिल्लो निर्णयपछि एक विज्ञप्ति जारी गर्दै हमासले भनेको छ, 'साथै, विश्वभरका अरू देशलाई पनि हाम्रो वैध राष्ट्रिय अधिकारलाई मान्यता दिन आह्वान गर्छौं।'

हमासका वरिष्ठ अधिकारी बासेम नइमले प्यालेस्टिनी जनताको 'साहसिक प्रतिरोध'का कारण तीन युरोपेली मुलुकले यो कदम चालेको दाबी गरे। एएफपीसँगको कुराकानीमा उनले भने, 'यी क्रमिक स्वीकृति हाम्रा जनताको साहसी प्रतिरोध र प्यालेस्टिनीहरूको कठोर दृढताले हासिल भएको हो। प्यालेस्टिनी मुद्दामा अन्तर्राष्ट्रिय अडान थप बदलिने भन्नेमा हामी पूर्ण रूपमा विश्वस्त छौं।' हाल अन्तर्राष्ट्रिय रूपमा मान्यता पाएको प्यालेस्टिनी जनताको एक मात्र वैध प्रतिनिधि 'प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)'ले यो निर्णयलाई 'ऐतिहासिक' भन्दै स्वागत गरेको छ। पिएलओ कार्यकारी समितिका महासचिव हुसेन अल शेखले सामाजिक सञ्जाल एक्समा लेख्दा छन्, 'आयरल्यान्ड, नर्वे र स्पेनको यो कदम 'ऐतिहासिक क्षण' हो। सत्य र न्यायका एक दिन अवश्य जित हुनेछ।' अमेरिकालगायत अधिकांश पश्चिमा सरकार पनि इजरायललाई मनाएर स्वतन्त्र प्यालेस्टिनी राज्य निर्माण गर्ने पक्षमा छन्। त्यसबाहेक प्यालेस्टाइन सीमारेखा र जेरुसेलमको स्थितिजस्ता मुद्दामा सहमति हुनु आवश्यक हुने उनीहरूको धारणा रहेको छ।

इतिहासमा आज



सन् १९५८ : माओत्सेतुङले चीनमा 'महान् अग्रगामी छलाङ अभियान' सुरु भएको घोषणा गरे। केही वर्षभित्रै देशलाई कृषिबहुल अर्थतन्त्रबाट औद्योगिक महाशक्तिमा बदल्ने लक्ष्य लिएको यस अभियानका क्रममा कृषकलाई बलपूर्वक कृषिबाट औद्योगिक क्षेत्रमा स्थानान्तरण गर्दा र त्यही समय विशाल खडेरी आउँदा कृषि उब्जनी ह्वात्तै घट्न पुग्यो। यसले सन् १९५९ देखि चीनमा मानव इतिहासकै ठूलो भोकमरी आयो।

सन् १७८५ : अमेरिकी स्वतन्त्र सेनानी तथा राजनीतिज्ञसमेत रहेका वैज्ञानिक बेन्जामिन फ्र्यांकलिनले टाढा र नजिक नदेख्ने समस्या एकैपटक समाधान गर्ने 'बाइफोकल' चस्मा आविष्कार गरेको घोषणा गरे।

सन् १९०१ : फिलिपिन्सलाई अमेरिकी औपनिवेशिक शासनबाट स्वतन्त्र गराउन लडिरहेका इमिलियो अगुइनाल्डो पत्राउ परे। पछि गएर इमिलियो स्वतन्त्र फिलिपिन्सको पहिलो राष्ट्रपति बने।

सन् १९४९ : दोस्रो विश्वयुद्धको अन्त्यमा अमेरिका, बेलायत र फ्रान्सको कब्जामा रहेको भूमि मिलाएर आजकै दिन संघीय गणतन्त्र (पश्चिम) जर्मनी गठन गरियो।

सन् १९६० : इजरायलले दोस्रो विश्वयुपछि अन्त्यपछि भागेर अर्जेन्टिनामा लुकी बसेका एक शीर्ष नाजी नेता एडोल्फ हिटलरलाई पत्राउ गरेको घोषणा गऱ्यो।

सन् १९९८ : अप्रिल १० मा हस्ताक्षर भएको 'गुड फ्राइडे सम्झौता'को विषयमा अधिल्लो दिन भएको जनमत संग्रहको परिणाम आजको दिन सार्वजनिक भएको थियो। खसेकोमध्ये ७५ प्रतिशत मत सम्झौताको पक्षमा पऱ्यो।

भारतमा बंगलादेशी सांसद बेपत्ता, खोजी अभियान सुरु



ढाका/ गत हप्तादेखि भारतबाट बेपत्ता भएका एक बंगलादेशी सांसदको खोजी गर्न उच्चस्तरीय खोजी अभियान सुरु भएको छ। बंगलादेशको सत्तारूढ पार्टी अवामी लिगका सांसद अनवारुल आजिम १२ मेमा भारत गएका थिए। आजिम मे १३ मध्याह्नतिर साथीहरूसँग मेडिकल जाँचका लागि कोलकातानजिकैको विधाननगरको घरमा अन्तिमपटक देखिएको उनको पारिवारिक स्रोतले जनाएको छ। निकटवर्तीका अनुसार आजिमले दिल्ली जाने बताएका थिए। तर, मे १३ देखि उनी बेपत्ता छन्। ढाकामा उनको परिवारलाई विधाननगरका साथीले आजिम दिल्लीतर्फ गएको जानकारी गराएको बताइएको छ। सांसदका परिवारलगायत सांसदकी छोरीले बुबासँग सम्पर्क गर्न असमर्थ भएको जनाएका छन्। आजिमका परिवारले विधाननगरको बारानगर पुलिस स्टेसनमा बेपत्ता भएको उजुरी दिएको छ। सांसद आजिमको परिवारले जारी गरेको विज्ञप्तिमा 'छोरीले बुबासँग कुराकानी गर्न सबै परिचितलाई फोनमा सम्पर्क गरेको तर सम्पर्क हुन नसकेको' उल्लेख छ। दिल्लीका उच्चायुक्त र कोलकातास्थित बंगलादेशी वाणिज्य दूतावासले खोजीका लागि समन्वय गरेपछि भारतीय अधिकारीले अनुसन्धान सुरु गरेका छन्। सांसदको परिवार र साथीहरूले आजिमको भारत भ्रमण मुख्यतया चिकित्सा उद्देश्यका लागि भएको बताएका छन्।

Putalibazar Municipality
Office of Municipal Executive
Gandaki Province, Syangja, Nepal

Invitation for Bid

Date of Second Publication: 2081/02/10 B.S.)

1. Putalibazar Municipality, Office of Municipal Executive invites electronic bids from eligible and qualified bidders form the following Project.

S. N.	Contract No	Description of works	Estimate Amount Nrs. (Including VAT)	Bid Purchase Amount Nrs.	Bid submission Date before	Bid security amount	Date of Bid Opening and time
1.	07/PM/NCB/ WORKS/ 080/081(Re)	Badhkhola Nayabazar Pauwaigaude Taksar Road Maintenance Work	1,32,77,675.05	3000.00	2081/02/25 12:00 hours	Nrs. 3,35,000.00	2081/02/25 13:00 hours

2. Information to depost the cost of bidding document and bid bond:

Office Name	Putalibazar Municipality, Office of Municipal Executive	
Rajaswo Khata No	07203000001001000001	Nepal Bank Limited,Syangja
Dharauti Khata No	Ga -3 -0 07203000003000000001	

3. Electronic bids must be submitted to Putalibazar Municipality, Office of Municipal Executive, Syangja through PPMO website www.bolpatra.gov.np.
4. Putalibazar Municipality, Office of Muicipal Executive, Syangja reserves the right to accept or reject any bid, and to annul the process and reject all bid at any time prior to contract award.

Chief Administrative Officer

नेपाल सरकार
शहरी विकास मन्त्रालय
पदाधिकारी सिफारिस समितिको सचिवालय, सिंहदरबार
प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/१० गते

यस मन्त्रालय अन्तर्गत अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको रिक्त रहेको कार्यकारी निर्देशक पदमा खुला प्रतियोगिताबाट पदपूर्तिका लागि आवेदन दिएका आवेदकहरूमध्ये तपसिल बमोजिमका ७ (सात) जना आवेदकहरूको नामावलीको संक्षिप्त सूची एवं निजहरूको व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको मिति र समयका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

सि. नं.	आवेदकको नाम थर	स्थायी ठेगाना	व्यवसायिक कार्य योजनाको प्रस्तुती तथा अन्तर्वार्ताको मिति र समय
१.	श्री तेज बहादुर राई	ऐसेलुखर्क गा.पा.-५, खोटाङ	२०८१/०२/१८ गते समय : दिउँसो ३:३० बजे
२.	श्री अर्जुन प्रसाद बराल	बुढानिलकण्ठ न.पा.-७, हात्तीगौडा, काठमाडौं	
३.	श्री पंकज कुमार दास	प्रतिभा चोक, बिराटनगर-१३ (हाल १०), मोरङ	
४.	डा. लछी सिंह	ललितपुर म.न.पा.-१९, टंगाल टोल विकास, ललितपुर	
५.	श्री राम प्रसाद पौडेल	मैवाखोला-३, ताप्लेजुङ	२०८१/०२/१८ गते समय : बेलुकी ५:०० बजे
६.	श्री मिलन कुमार शाक्य	का.म.न.पा.-१५, डल्लु आवास, सेवा मार्ग, काठमाडौं	
७.	श्री सुवर्ण कुमार कर्माचार्य	रामेछाप न.पा.-३, साँघुटार बजार, रामेछाप	

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १० जेठ ०८१

भवन अलपत्र पार्ने ठेकेदारलाई कामभन्दा बढी भुक्तानी

- दुई करोड ७४ लाखमा ठेक्का लागेको कृषि निर्देशनालयको भवन अलपत्र पार्ने कम्पनीलाई तीन करोड ३३ लाख भुक्तानी
- मत्स्य केन्द्रको भवन बनाउन दुई करोड ८६ लाखको सम्झौता भए पनि निर्माण कम्पनीलाई दुई करोड ८९ लाख भुक्तानी



जनकपुरधाममा **हदिश खुद्दार**

निर्माणाधीन कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको भवन निर्माण ६ वर्षदेखि अलपत्र छ। आर्थिक वर्ष ०७५/०७६ मा मधेश प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनकपुरधाम- ८ स्थित बागबानीको जग्गामा कृषि विकास निर्देशनालय र पशुपन्छी मत्स्य विकास निर्देशनालयको भवन बनाउन बजेट विनियोजन गरेको थियो। सोहीअनुसार मन्त्रालय र निर्माण कम्पनी जयधन्जय रावानी जेभीबीच दुवै भवनको निर्माण सम्झौता भएको थियो। कृषि मन्त्रालय र निर्माण कम्पनीबीच १९ कात्तिक ०७६ मा १४ महिनाभित्र निर्माण सक्ने सम्झौता भएको थियो। कृषि विकास निर्देशनालयको भवन भ्याटसहित दुई करोड ७४ लाख ४४ हजार ६६५ मा र पशुपन्छी मत्स्य विकास निर्देशनालयको भवन भ्याटसहित दुई करोड ८६ लाख ७२ हजारमा सम्झौता भएको थियो।

सम्झौताअनुसार काम नगरेपछि कम्पनीले बारम्बार म्याद थप गरी निर्माणको समय लम्ब्याउँदै आएको छ। अन्तिमपटकको सम्झौताअनुसार कम्पनीले २० असार ०८० भित्र निर्माण सक्नुपर्थ्यो। तर, अझै २० प्रतिशत काम बाँकी रहेको मन्त्रालयका इन्जिनियर रामकुमार यादवले बताए। तर, कम्पनीले भुक्तानी भने निर्माण गरेकोभन्दा धेरै पाइसकेको उनको भनाइ छ। दुई करोड ७४ लाख ४४ हजारमा ठेक्का लागेकोमा निर्माण कम्पनीले अहिलेसम्म तीन किस्तामा तीन करोड ३३ लाख ७९ लाख ९४८ रुपैयाँ भुक्तानी पाइसकेको छ। ठेकेदार र मन्त्रालयका तत्कालीन सचिव नम्रता सिंहको मिलेमतोमा थप रकम भुक्तानी दिइएको आरोप छ।

तत्कालीन सचिव सिंहले सार्वजनिक खरिद ऐनविपरीत बजेटमा २३.३४ प्रतिशत रकम थप गरी भुक्तानी दिएको पाइएको छ। ऐनअनुसार सहसचिवस्तरका कर्मचारीले बजेट अपुग भएमा बढीमा १५ प्रतिशतसम्म थप भुक्तानी दिन सक्ने प्रावधान छ। मत्स्य केन्द्रको भवनको अवस्था पनि उस्तै छ। सम्झौता दुई करोड ८६ लाखको भए पनि निर्माण कम्पनीले दुई करोड ८९ लाख भुक्तानी पाइसकेको छ। तर, भवन निर्माण अधुरै छ। ठेकेदार कम्पनीले भने मन्त्रालयकै कारण निर्माणमा ढिलाइ भएको जिकिर गरेको छ।

■ भवनको डिपिआरमै समस्या

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष ०७४/७५ मा काठमाडौंको आरके डिजाइन नामक एक कन्सल्टेन्सीसँग दुवै भवनको डिजाइन र इस्टिमेट गराएको थियो। त्यसबापत मन्त्रालयले ३६ लाख भुक्तानी गरेको थियो। मन्त्रालयसँग प्राविधिक नरहेकाले भवनको निर्माणको अनुगमनका लागि भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका इन्जिनियर रुद्रनारायण दासलाई जिम्मेवारी दिएको थियो। तर, इन्जिनियर दासले भवनको डिजाइनमा समस्या भएको नदेखाएर प्राविधिक हिसाबले मस्यौदा डिजाइनमै निर्माण सुरु गर्न निर्देशन दिए।

आधुनिक भवन भए पनि दुवै भवनमा बत्ती, शौचालय कोठाको डिजाइन गरिएको थिएन, पछि त्यसलाई थप गरिएको छ। भवनको कार्यालयजस्तो डिजाइन गर्नुपर्ने त्यस्तै गरिएको थियो, कृषि मन्त्रालयका एक कर्मचारीले बताए। भवन लामो समयदेखि अलपत्र रहनुमा इन्जिनियर दासको ठूलो हात रहेको उनको भनाइ थियो। सरकारी सुविधा खाएर ठेकेदार कम्पनीलाई सहयोग गरेको उनको आरोप छ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बागमतीमा व्यापार र अन्य प्रदेशमा कृषि क्षेत्रको योगदान धेरै

- गण्डकी, लुम्बिनी र बागमती प्रदेशको आर्थिक वृद्धि राष्ट्रिय वृद्धिदर ३.८७ प्रतिशतभन्दा धेरै तथा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिमको थोरै हुने प्रारम्भिक अनुमान

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ मा बागमतीमा थोक तथा खुद्रा व्यापार क्षेत्रको र अन्य प्रदेशमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी हुने अनुमान छ। राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको तथ्यांक सार्वजनिक गर्दै चालू आवमा राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्रले मधेश प्रदेशमा पनि दोस्रो हिस्सा नै ओगट्ने अनुमान सार्वजनिक गरेको छ। त्यसैगरी, बागमतीमा घरजग्गासम्बन्धी कारोबार तथा आफ्नै आवास सेवाको हिस्सा दोस्रो स्थानमा छ। कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र रक्षा क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको देखिन्छ।


वृद्धिदरका हिसाबले आवास तथा भोजन सेवाको सबैभन्दा धेरै रहने अनुमान छ। लुम्बिनी प्रदेशबाहेक अन्य सबै प्रदेशको सबैभन्दा धेरै वृद्धिदर यही क्षेत्रको रहने कार्यालयको भनाइ छ। लुम्बिनी प्रदेशमा विद्युत् क्षेत्रको वृद्धिदर सबैभन्दा धेरै देखिन्छ। त्यसैगरी, सुदूरपश्चिम र कोशी प्रदेशमा उद्योग क्षेत्रको वृद्धिदर सबैभन्दा न्यून देखिन्छ। अन्य प्रदेशमा निर्माण क्षेत्रको वृद्धिदर सबैभन्दा न्यून देखिन्छ।

चालू आर्थिक वर्ष ०८०/८१ मा देशकै ठूलो अर्थतन्त्र भएको बागमती प्रदेशको आर्थिक वृद्धिदर सुधिने सरकारी अनुमान छ। चालू आर्थिक वर्षमा सुधार भएर आर्थिक वृद्धिदर ३.९६ प्रतिशत पुग्ने अनुमान गरेको छ। गत आर्थिक वर्ष ०७९/८० मा १.७७ प्रतिशतको कमजोर आर्थिक वृद्धिदर हासिल गर्दै बागमती प्रदेश पाँचौं स्थानमा थियो।

सबैभन्दा ठूलो हिस्सा व्यापारले ओगटेकाले बागमतीमा आर्थिक गतिविधि शिथिल भएको र आर्थिक वृद्धिदर कमजोर भएको केन्द्रीय तथ्यांक कार्यालयका प्रवक्ता हेमराज रेग्मीले बताए। देशको अर्थतन्त्रमा ठूलो हिस्सा बोकेको बागमती प्रदेशमा आर्थिक वृद्धिदर खस्किनेबित्तिकै त्यसको असर राष्ट्रको कुल गार्हस्थ्य उत्पादनमा परेको उनले बताए। बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन चालू आवमा करिब २० खर्ब ७५ अर्ब पुग्ने प्रारम्भिक अनुमान छ। यो उपभोक्ताको मूल्यमा गरिएको अनुमान हो। गत आवमा करिब १९ खर्ब ३७ अर्ब थियो। देशको कुल गार्हस्थ्य उत्पादन भने ५७ खर्ब ५ अर्ब पुग्ने अनुमान छ।

चालू आवमा यो प्रदेशले देशको कुल गार्हस्थ्य उत्पादनमा ३६.३६ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ। गत आवमा यो प्रदेशले ३६.२२ प्रतिशत योगदान पुऱ्याएको थियो। कोशी प्रदेशले १५.८ प्रतिशत, लुम्बिनी प्रदेशले १४.३ प्रतिशत, मधेश प्रदेशले १३.१ प्रतिशत, गण्डकी प्रदेशले ९.१ प्रतिशत, सुदूरपश्चिम प्रदेशले ७.१ प्रतिशत र कर्णाली प्रदेशले ४.३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ। आव ०८०/८१ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान २१.५३ प्रतिशत योगदान थोक तथा खुद्रा व्यापार, मोटर भेहिकल मर्मत क्षेत्रको रहने अनुमान छ। त्यस्तै, सबैभन्दा न्यून ०.२८ प्रतिशत योगदान पानी आपूर्ति तथा फोहोर व्यवस्थापन क्षेत्रको रहने प्रारम्भिक अनुमान छ। गत आव ०७९/८० मा पनि थोक तथा खुद्रा व्यापार, मोटर भेहिकल मर्मत क्षेत्रको योगदान अग्रस्थान २१.९८ प्रतिशत थियो। पानी आपूर्ति तथा फोहोर व्यवस्थापन क्षेत्रको योगदान ०.३० प्रतिशतमा थियो।

बागमतीमा आव ०८०/८१ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै २०.९३ प्रतिशत आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै २.७१ प्रतिशत ऋणात्मक निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान छ। संघीयतामा गएपछि सातवटा प्रदेशको अर्थतन्त्रको अवस्थाबारे बुझ्न प्रत्येक वर्ष प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको अनुमान सार्वजनिक गर्दै आएको प्रवक्ता रेग्मीले बताए। उनले भने, 'प्रदेश सरकारलाई आर्थिक नीति तय गर्न र आगामी आर्थिक वर्षको बजेट ल्याउन यसले सहयोग पुग्छ।' अर्थतन्त्रको अनुमानलाई यथार्थपरक बनाउन सुरुमा प्रादेशिक जिडिपी अनुमान निकालेर अन्तिममा राष्ट्रिय जिडिपी सार्वजनिक गर्नुपर्ने भए पनि नेपालमा यसको कार्यान्वयन गर्न नसकिएको उनको भनाइ छ।



■ प्रतिव्यक्ति आम्दानीमा बागमतीको धेरै

चालू आवमा प्रतिव्यक्ति आम्दानी (कुल गार्हस्थ्य उत्पादनमा) सबैभन्दा धेरै बागमती प्रदेशको देखिएको छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बागमती प्रदेशको २ हजार ४ सय ८४ अमेरिकी डलर रहने अनुमान छ।

सबैभन्दा थोरै मधेश प्रदेशको रहने अनुमान छ। गण्डकी प्रदेशको १ हजार ५ सय ५७ डलर, कोशीको एक हजार ३ सय ३६, लुम्बिनी प्रदेशको १ हजार १ सय ५९, सुदूरपश्चिम प्रदेशको १ हजार १ य ११, कर्णाली प्रदेशको १ हजार ६६ र मधेश प्रदेशको ८ सय ९२ हुने प्रारम्भिक अनुमान छ। चालू आवमा राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १४३४ डलर हुने प्रारम्भिक अनुमान गरिएको छ। यस हिसाबले बागमती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसतभन्दा कम रहेको देखिन्छ।



राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता हेमराज रेग्मी भन्छन्-

संघीयतामा गएपछि सातवटा प्रदेशको अर्थतन्त्रको अवस्थाबारे बुझ्न प्रत्येक वर्ष प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको अनुमान सार्वजनिक गर्दै आएका छौं। प्रदेश सरकारलाई आर्थिक नीति तय गर्न र आगामी आर्थिक वर्षको बजेट ल्याउन यसले सहयोग पुग्छ।

■ आर्थिक वृद्धिदरमा उछिन्दै गण्डकी प्रदेश

अर्थतन्त्रको आकारको हिसाबले पाँचौं स्थानमा रहेको गण्डकी प्रदेशले अन्य ६ प्रदेशलाई उछिन्दै आर्थिक वृद्धिदर हासिल गरिरहेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आवमा ४.५५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। गत आवमा ३.३० प्रतिशत थियो। देशमा पर्यटकको आगमन बढेसँगै गण्डकी प्रदेशको अर्थतन्त्र तीव्र रूपमा विस्तार हुने गरेको रेग्मीले बताए।

गण्डकीको कुल गार्हस्थ्य उत्पादन करिब पाँच खर्ब १७ अर्ब हुने प्रारम्भिक अनुमान छ। गत आवमा करिब चार खर्ब ८४ अर्ब थियो। चालू आवमा यो प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ९.०६ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ। गण्डकीको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको २५.७२ प्रतिशत रहने कार्यालयको अनुमान छ। गण्डकीपछिको धेरै वृद्धिदर लुम्बिनीको ४.०५ प्रतिशत रहने अनुमान छ। सबैभन्दा थोरै ३.३९ प्रतिशतको वृद्धिदर कर्णाली प्रदेशको अनुमान छ। देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा गण्डकी, लुम्बिनी र बागमती प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा धेरै र बाँकी प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा थोरै हुने प्रारम्भिक अनुमान छ।

लुम्बिनीमा विदेशीभन्दा आन्तरिक पर्यटकको घुइँचो

लुम्बिनीमा **विष्णुप्रसाद घिमिरे**

बौद्ध धर्मालम्वीहरूको आस्थाको थलो लुम्बिनीमा आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्न थालेको छ। यहाँ विदेशीको तुलनामा आन्तरिक पर्यटक धेरै पुग्ने गरेको लुम्बिनी विकास कोषले जनाएको छ।

सन् २०२४ को पहिलो चार महिनामा २ लाख ३६ हजार ९ सय ३९ आन्तरिक पर्यटक घुम्न आएको कोषले जनाएको छ। त्यसपछि ८७ हजार २ सय १७ भारतीय पर्यटकले लुम्बिनी भ्रमण गरेका थिए।

आन्तरिक पर्यटकपछि भारतीयहरू ठूलो संख्यामा पुग्ने गरेको कोषले जनाएको छ। सन् २०२३ मा ६ लाख ५६ हजार २ सय १८ नेपालीले भ्रमण गरेका थिए भने २ लाख ६६ हजार ५ सय १० भारतीय पर्यटक पुगेको कोषले जनाएको छ।

यहा सन् २०२० मा २ लाख १० हजार ३३, सन् २०२१ मा ४ लाख ६३ हजार ९ सय ६३ र सन् २०२२ मा ६ लाख ४९ हजार ७८ नेपालीले भ्रमण गरेको कोषले जनाएको छ। यहाँ सन् २०१७ मा सबैभन्दा बढी १२ लाख ५१ हजार ३ सय ४६ नेपालीले भ्रमण गरेका थिए। लुम्बिनीमा वार्षिक ९ लाखको संख्यामा भारतीय र नेपाली पर्यटक पुग्ने गरेको कोषको तथ्यांकमा उल्लेख छ।

लुम्बिनीमा आन्तरिक, भारतीय तथा तेस्रो मुलुकका पर्यटक वृद्धि गर्नु आवश्यक रहेको र त्यसका लागि पर्यटनमैत्री वातावरण बन्न नसकेको नेपाल एसोसिएसन अफ ट्राभल्स एन्ड टुर्स (नाटा) लुम्बिनीका निवर्तमान अध्यक्ष सागर अधिकारीले बताए। लुम्बिनीका होटेल पर्यटनमैत्री हुनुपर्ने र पर्याप्त मात्रामा टुर गाइडको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ।

बुटवल नारायणगढ सडक निर्माणले गति लिन नसक्दा पनि पर्यटक आगमनमा असर परेको उनको बुझाइ छ। त्यस्तै, भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनमा ल्याई पर्यटकलाई सहज बनाउनुपर्ने उनले बताए।आज २,५६८औं बुद्धजयन्ती एवं लुम्बिनी दिवस भव्य कार्यक्रम गरी मनाइने कोषको उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे)ले जानकारी दिए। कोषाध्यक्ष ढुण्डिराज भट्टराईले लुम्बिनीसहित रामग्राम, कपिलवस्तु र देवदहमा कार्यक्रम गरिने बताए।

सन्दर्भ : २५६८औं बुद्धजयन्ती

सन् २०२४ को पहिलो चार महिनामा पर्यटक आगमन

- **नेपाली** : २ लाख ३६ हजार ९ सय ३९
- **भारतीय** : ८७ हजार २ सय १७
- **तेस्रो मुलुक** : ४८ हजार दुई सय १



लुम्बिनीको शान्ति दीप

सद्भाव फैलाउन बुद्ध शिक्षामा विश्वास गरौं : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गौतम बुद्धको शिक्षामा विश्वास गरे व्यक्ति, समुदाय र राष्ट्रहरूबीच रहेका विवाद समाधान गर्न र सद्भाव फैलाउन मद्दत पुग्ने बताएका छन्।

२५६८औं बुद्धजयन्तीको पूर्वसन्ध्यामा आज आयोजित चित्रकला प्रदर्शनी कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले बुद्धले शाश्वत वाणी विश्वमा भन्ने सान्दर्भिक हुँदै गएको बताएका हुन्। 'बुद्धको शाश्वत अहिंसा, करुणा र आन्तरिक शान्तिको सन्देश आजको विश्वमा झन् सान्दर्भिक भएको छ,' उनले भने, 'म विश्वस्त छु, बुद्धको शिक्षाको विश्वासपूर्ण अनुसरणले व्यक्ति, समुदाय र राष्ट्रहरूबीच विवाद समाधान गर्न र सद्भाव फैलाउन मद्दत गर्नेछ।'

नबिल बैंक लिमिटेड, हिले शाखा, धनकुटा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०२/१०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्तालेे बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

	तपसिल
१	**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**
	प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनकुटामा मिति २०७८/०५/१० मा उद्योग दर्ता नं. ६६३३/०७८/०७९ अन्तर्गत दर्ता भएको **कोहीनुर बहुउद्देश्य कृषि फर्म।** ठेगानाः धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. २, बिचटोल, धनकुटा। **ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः** पदम सिं राईकी नातिनी, पूर्ण बहादुर राईकी छोरी धनकुटा जिल्ला फूलेक गाउँ पञ्चायत वडा नं. ७, स्थायी घर भई हाल धनकुटा न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ३१५ (जारी मिति २०४५/०१/२९, स्थान तेह्रथुम) भएकी **श्रीमती बिबा माया राई।**
	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण
	फुल मान राईको नाति, बल बहादुर राईको छोरा धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ३१६ (जारी मिति २०४८/०१/१३, स्थान धनकुटा) भएको **श्री पुरुण बहादुर राई।**
२	**ऋणीको नाम र ठेगानाको विवरण**
	शुभ लाल गनगाईको नाति चन्देश्वर प्रसाद सिंहको छोरा मोरङ्ग जिल्ला महादेवा गा.वि.स. वडा नं. ७ बस्ने, ना.प्र.नं. ०५२०४४-१३९४३ (जारी मितिः २०७०/०३/२८, स्थान मोरङ्ग) भएका **ललीत नारायण सिंह गनगाई।**
	व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	महेन्द्र गनगाईकी छोरी चन्देश्वर प्रसाद सिंहकी बुहारी ललीत नारायण सिंह गनगाईकी श्रीमती मोरङ्ग जिल्ला रतुवामाई न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला महादेवा गा.वि.स. वडा नं. ७ बस्ने, ना.प्र.नं.०५-०६-७७-०२९३७ (जारी मितिः २०७७/११/२३, स्थान मोरङ्ग) भएकी **ललिता कुमारी सिंह।**
३	**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**
	प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनकुटामा मिति २०७७/११/१८ मा उद्योग दर्ता नं. ६३११/०७७/०७८ अन्तर्गत दर्ता भएको **साजन मोटरसाईकल वर्कसप।** ठेगानाः धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ६, नासल चोक, धनकुटा। **ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः** विर मान खड्गीकी नातिनी, कर्ण मान खड्गीकी छोरी ताप्लेजुङ जिल्ला सांग न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. २१५४६ (जारी मिति २०४५/०२/२१, स्थान धन्कुटा) भएकी **श्रीमती लक्ष्मी सेर्पा।**
	व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	१. काले शेर्पाको छोरा, कुशाहाङ्ग शेर्पाकी बुहारी, काले शेर्पाकी श्रीमती धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ०७१०२१/४४८१ (जारी मिति २०६७/०५/२९, स्थान धनकुटा) भएको **श्री साजन शेर्पा।** २. पेवेरे शेर्पाको नाति, कुशाहाङ्ग शेर्पाको छोरा ताप्लेजुङ जिल्ला सांग न.पा. वडा नं. ५ स्थायी घर भई हाल धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १०३३१ (जारी मिति २०४१/०२/१८, स्थान धनकुटा) भएको **श्री काले शेर्पा।**
	धितोको विवरण
	धितोमा रहेको घर/जग्गाको विवरण ताप्लेजुङ जिल्ला सांग न.पा. वडा नं. ५ बस्ने, **श्रीमती लक्ष्मी सेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनकुटा जिल्ला, वेलहरा गा.वि.स. वडा नं. ०६ सिट नं ६ मा अवस्थित कि.नं. क्रमश २०, ५१३ र ५२८ क्षेत्रफल क्रमश ३-१५-३-०, २-०-०-० र ७-०-०-० रोपनी जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७१८७१

Government of Sudur Pashchim Province
Ministry of Social Development

Province Health Logistic Management Center

Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

Date of publication: ***2081/02/10 (May 23, 2024)***

1. *This office invites* ***electronic*** *bids from eligible bidders for the following goods under National competitive bidding* ***Single Stage Single Envelope procedures*** *specified in public procurement Act & Regulations as:*

IFB No:-	*Description of Goods:*	*Bid Security*	*Bid Security Validity*
PHLMCSP/G/NCB-16/2080-081	The Procurement, Supply and Delivery of Pneumonia Vaccines For Elderly People.	Nrs.22,95,000/-	2081/07/05 (October 21 2024) Or 30 days after bid validity period

2. *Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com*

Acting Director

सन नेपाल लाइफको लाभांश र हकप्रद पारित



काठमाडौं/ सन नेपाल लाइफ इन्स्योरेन्सको साधारणसभाबाट लाभांश र हकप्रद सेयर पारित भएको छ। बुधबार सम्पन्न कम्पनीको सातौँ वार्षिक साधारणसभाले गत आर्थिक वर्षको मुनाफाबाट लाभांश र हकप्रद सेयर पारित गरेको हो।

साधारणसभाले कम्पनीको गत आव ०७९/८० को मुनाफाबाट हाल कायम चुक्तापुँजीको २३.८० प्रतिशत बोनस र १.२५२६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो। हाल कम्पनीको चुक्तापुँजी तीन अर्ब २० करोड रुपैयाँ रहेको छ।

त्यसको २३.८० प्रतिशत अर्थात् ७६ करोड १६ लाख बोनस सेयर र कर प्रयोजनार्थ १.२५२६ प्रतिशत चार करोड ८४ हजार दुई सय नगद लाभांश वितरण गर्न प्रस्ताव पारित भएको हो।

यस्तै, कम्पनीले २७ प्रतिशत हकप्रद सेयर जारी गर्ने प्रस्ताव पनि साधारणसभाबाट पारित गरेको छ। कम्पनीले बोनस सेयर वितरण गरेपछि कायम हुने तीन अर्ब ९६ करोड १६ लाख रुपैयाँ चुक्तापुँजीको २७ प्रतिशत हकप्रद जारी गर्ने भएको हो। नियामक निकाय नेपाल बिमा प्राधिकरणको निर्देशनअनुसार जीवन बिमा कम्पनीले न्यूनतम पाँच अर्ब रुपैयाँको चुक्तापुँजी कायम गर्नुपर्नेछ। सोही प्रयोजनका लागि कम्पनीले बोनस सेयर र हकप्रद वितरण गर्न लागेको हो। साधारणसभाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र सो सम्बन्धमा नियामक निकायबाट प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पनि पारित गरेको छ।

साधारणसभाले सर्वसाधारण सेयरधनी समूहबाट स्नेहा शर्मालाई सञ्चालक समितिमा चयन गरेको छ। यसैगरी, आव ०८०/८१ का लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आएबमोजिम बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने साधारणसभाबाट प्रस्ताव पारित गरेको छ।

सिटिजन्स बैंकका ग्राहकलाई न्युरो कार्डियोमा छुट

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र विराटनगरस्थित न्युरो कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटलबीच छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले न्युरो कार्डियो हस्पिटलका सेवामा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले १९० शाखा, १५३ एटिएम र ९८ शाखारहित बैंकिङ इकाइबाट सेवा प्रदान गर्दै आएको छ।

महालक्ष्मी विकास बैंकले गर्‍यो छात्रवृत्ति वितरण

काठमाडौं/ महालक्ष्मी विकास बैंकले ३०औँ वार्षिकोत्सवको अवसर पारेर श्री नन्दी माध्यमिक विद्यालय नक्साल, काठमाडौंमा अध्ययनरत छात्र सन्तोषकुमार मण्डललाई १० कक्षा अध्ययनका लागि स्व. लक्ष्मणबाबु श्रेष्ठ जेहेनदार छात्रवृत्ति प्रदान गरेको छ।

विभिन्न सातवटा वित्तीय संस्था मिलेर महालक्ष्मी विकास बैंकको एक संस्था तत्कालीन मनकामना विकास बैंकका संस्थापक अध्यक्ष स्व. लक्ष्मणबाबु श्रेष्ठको स्मृतिमा स्थापित सो छात्रवृत्ति वितरण गरिएको हो। स्वर्गीय श्रेष्ठका छोरा तथा मनकामना दर्शन प्रालिका निर्देशक राजेशबाबु श्रेष्ठले विद्यालयका पदाधिकारी र बैंक व्यवस्थापनको रोहबरमा मण्डललाई हस्तान्तरण गरे। अध्ययनमा उत्कृष्ट, तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकाले अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले ५० हजार रुपैयाँबराबरको छात्रवृत्ति उपलब्ध गराएको बैंकले जनाएको छ।

छात्रवृत्ति हस्तान्तरण कार्यक्रममा बोल्दै राजेशबाबुले नेपालमै अवसर रहेको र यहीँ उत्पादित जनशक्तिले देशकै लागि योगदान पुऱ्याउनुपर्ने धारणा राखे। बैंकका प्रमुख कार्यकारी अधिकृत दीपेश लम्सालले बैंकले आगामी दिनहरूमा छात्रवृत्तिका कार्यक्रमलाई परिमार्जित गर्दै शिक्षा क्षेत्रमा थप टेवा पुऱ्याउने बताए।

काठ दाउरा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/२/१०

यस सामुदायिक वन क्षेत्रबाट २०८०/०८१ मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन गरी घाटगद्दीमा राखेको साल तथा अन्य जातको गोलिया काठ थान १७४३ को ९.२८१.७३ क्यु. फिट तथा साल तथा अन्य दाउरा १५ चट्टा र पुरानो काठ साल तथा अन्य जातको काठ थान १५५ को ८३४.३८ क्यु. फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र खरिद गरी २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
श्री साहारा सामुदायिक वन उपभोक्ता समूह
वाणगंगा न.पा-५, भलवाड, कपिलवस्तु

एनआइएमबी बैंकको नयाँ शाखा भद्रपुरमा

काठमाडौं/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले झापाको भद्रपुरमा नयाँ शाखा विस्तार गरेको छ।

बैंकले भद्रपुर नगरपालिका वडा- ५ मा बुधबारदेखि भद्रपुर शाखा सञ्चालनमा ल्याएको हो। योसहित बैंकको कुल शाखा संख्या २७२ पुगेको छ। नयाँ शाखाबाट बुधबारदेखि नै बैंकिङ सेवा सुरु भइसकेको बैंकले जनाएको छ।

एक कार्यक्रमबीच बैंकका प्रदेश प्रमुख राजीव गजुरेलले नयाँ शाखाको उद्घाटन गरे। सो कार्यक्रममा प्रदेश प्रमुख गजुरेलले नयाँ शाखाबाट ग्राहकलाई वित्तीय सेवा तथा सुविधा दिने प्रतिबद्धता जनाए।

Request for Proposals

First Published Date: 23/5/2024

Nabil Bank Ltd. invites sealed bid proposal from interested firms/companies for providing services related to Brand Protection and Dark Web Monitoring.

RFP documents with detailed Scope of works, Terms & Conditions can be purchase from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal** upon submission of a written request letter in the official letter head of the interested firm/vendor and non-refundable fee of **NPR 2000/- (In words Rupees Two Thousand Only)** for the bid.

The hard copy of RFP/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than **4:00 PM,6th June,2024 (Jestha 24, 2081).** RFP documents received after this deadline will not be accepted.

1. The received proposal shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00 AM** on **7th June, 2024 (Jestha 25, 2081).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the bid.
2. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening date as well.
3. The Bank reserves the ultimate rights to accept/ reject any proposal and shall not be required to disclose any reason whatsoever and will not be compelled to accept the lowest proposal.

NABIL BANK®
Nabil Bank Limited, Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

Invitation for Bids

Government of Nepal,
Ministry of Home Affairs
Department of Immigration
Kalikasthan, Dillibazar, Kathmandu, Nepal
Date of publication: 2081/02/10 BS (2024/05/23 AD)
Invitation for Bids No: DOI/G/NCB-09/2080-81

1. The **Department of Immigration** invites **electronic** bids from eligible bidders for the procurement of **Supply, Delivery, Installation and Support of License/Subscription of IT components** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Procurement Unit of Department of Immigration, Kalikasthan, Kathmandu.**
   Email: info@immigration.gov.np, it@immigration.gov.np
   Tel No: +977-01-4529659/4529660, Fax: +977-01-4433935/ 4433934.
   Or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office **Department of Immigration, Kalikasthan, Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs **3000** till **2081/03/06 BS (June 20, 2024)** during office hours.
   Or
   Bidders who choose to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Global IME Bank Ltd.**
   Name of Office: **Department of Immigration**
   Office Code no. **314033501(new)/27-314-16(old)**
   Office Account no.: **0004010000001**
   Rajaswa (revenue) Shirshak no. **14229**
4. Pre-bid meeting shall be held at **Department of Immigration, Kalikasthan, Kathmandu at 2081/02/20 (June 2, 2024) 1:00 PM.**
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 PM** on **2081/03/09 (June 23, 2024).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **2081/03/09 (June 23, 2024)** at the office of **Department of Immigration, Kalikasthan.** Bids must be valid for a period of **90 days** (i.e. till 2081/06/05 (Sept 21, 2024)) from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **5,00,000 (NRs. Five Lakh only)**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. till 2081/07/05 (Oct 21, 2024)).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such cases the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौं
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: घनगढी२, कैलाली
फोन नं.: ०९१-४१७३०१/०२/०७

शाखा कार्यालय: न्यूरोड पोखरा, कास्की
फोन नं.: ०६१-५२१८६१/६२/६३

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०२/१० गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: घनगढी२, कैलाली

१. ऋणीको विवरण

वसीर अहम्मदको बुहारी, नईम अहम्मदको पत्नी, धनुषा जिल्ला, हरिने गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **साहजान खातुन (ना.प्र.प.नं. १७३०११ /६१, धनुषा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. उजीर अहम्मदको नाति, वसीर अहम्मदको छोरा, धनुषा जिल्ला, हरिने गा.वि.स/न.पा.वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नईम अहम्मद (ना.प्र.प.नं. १७३०११/६०, धनुषा)**

२. वसीर अहम्मदको बुहारी, नईम अहम्मदको पत्नी, डोटी जिल्ला, दि.सि गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रिना सुरी (ना.प्र.प.नं. ६८१०२५/३२७०, डोटी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **साहजान खातुनको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ स्थित कि.नं. २४८ को क्षेत्रफल १५१.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **साहजान खातुनको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ स्थित कि.नं. ९२२ को क्षेत्रफल ६०४.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **साहजान खातुनको** नाममा मालपोत कार्यालय बेलौरी, कन्चनपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. ३३३ र १००० को जम्मा क्रमश क्षेत्रफल ३४०.०० र १२३.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७७/११/२८ मा दर्ता नं. २५८७०१/०७७/०७८ कायम भई दर्ता भएको कैलाली जिल्ला, कैलारी गा.वि.स/न.पा. वडा नं. १, हसुलिया स्थित **मोहित खाद्यान्न तथा फिड सप्लायर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. उजीर अहम्मदको नाति, वसीर अहम्मदको छोरा, धनुषा जिल्ला, हरिने गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नईम अहम्मद (ना.प्र.प.नं. १७३०११/६०, धनुषा)**

२. वसीर अहम्मदको बुहारी, नईम अहम्मदको पत्नी, धनुषा जिल्ला, हरिने गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **साहजान खातुन (ना.प्र.प.नं. १७३०११ /६१, धनुषा)**

३. वसीर अहम्मदको बुहारी, नईम अहम्मदको पत्नी, डोटी जिल्ला, दिपायल सिलगढी गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रिना सुरी (ना.प्र.प.नं. ६८१०२५/३२७०, डोटी)**

४. मंगीराम डगौराको नाति, खुशी राम डगौराको छोरा, कैलाली जिल्ला, थापापुर गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **अर्जुन चौधरी (ना.प्र.प.नं. ६७२०३८/१२७४५, कैलाली)**

५. खुशी राम डगौराको बुहारी, अर्जुन चौधरीको पत्नी, कैलाली जिल्ला, भजनी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **पुनम चौधरी (ना.प्र.प.नं. ६७-०२-७४-०३६६६, कैलाली)**

६. अनुप सिहं बमको नातिनी, लोक बहादुर बमको छोरी, कैलाली जिल्ला, चौमाला गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **कोपिला बम (ना.प्र.प.नं. ६७-१५-७०-००४०७, कैलाली)**

धितोमा रहेको सम्पतिको विवरण

१. **साहजान खातुनको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ स्थित कि.नं. १३८ को जम्मा क्षेत्रफल २७५.४० व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **साहजान खातुनको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, दरख्त गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. ४४१ को जम्मा क्षेत्रफल १०१५.९२ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **अर्जुन चौधरीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, महादेउली गा.वि.स/न.पा. वडा नं. २ स्थित कि.नं. ५८६ को जम्मा क्षेत्रफल ८९३५.८५ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. **मोहित खाद्यान्न तथा फिड सप्लायर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, महादेउली गा.वि.स/न.पा. वडा नं. ३ स्थित कि.नं. ५२३ को जम्मा क्षेत्रफल ५०२८.८० व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय: न्यूरोड पोखरा, कास्की

ऋणीको विवरण

गुमान ध्वज गुरुङको नाति, खडग बहादुर गुरुङको छोरा, स्याङ्जा जिल्ला, राडभाङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थाई ठेगाना भएको **तिल कुमार गुरुङ (ना.प्र.प.नं. २५४३, स्याङ्जा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

खडग बहादुर गुरुङको बुहारी, तील कुमार गुरुङको पत्नी स्याङ्जा जिल्ला, राडभाङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **गौर कुमारी गुरुङ (ना.प्र.प.नं.२७२९३, स्याङ्जा)**

धितोमा रहेको सम्पतिको विवरण

साबिक कैलाश विकास बैंक लिमिटेड हाल यस बैंकको नाममा यातायात व्यवस्था कार्यालय, गण्डकी, पोखरामा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:

सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
Tata Motors Tipper-SK407EX BS-3/31-2018	497SPTC39JTY633463	MAT455312G8J22583	Ga 1 Kha 8633

नोट : माथि उल्लेखित शाखा कार्यालय न्यूरोड पोखरा, कास्कीको यस बैंकको नाममा रहेको सवारीसाधनहरु तथा औजार उपकरणहरु हाल बैंकको कब्जामा नरहेकोले ऋण असुली प्रयोजनका लागि अधिलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौमा बुझाउनु हुन ऋणी/जमानतकर्ता तथा सम्बन्धित पक्षलाई सुचित गरिन्छ ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०२/१० गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय घनगढी२, कैलाली र न्यूरोड पोखरा, कास्कीबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०२/२४ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८१/०२/२५ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय घनगढी२, कैलाली र न्यूरोड पोखरा, कास्कीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अमेरिकी दूतावासले दिएन सन्दीपलाई भिसा

दूतावासले भिसा नदिएपछि सरकारका तर्फबाट पुनः पहल गर्दै क्यान



फाइल तस्बिर

नयाँ पत्रिका

नेपालस्थित अमेरिकी दूतावासले सन्दीप लामिछानेको भिसा दिएन। उनले जुन-जुलाईमा अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता जनाउन मंगलबार भिसाका लागि निवेदन दिएका थिए। दूतावासले बुधबार आफूलाई भिसा नदिएको सन्दीपले सोसल मिडियामार्फत जानकारी दिएका हुन्।

'विश्वकप खेल्न जाने तयारीमा रहँदा अमेरिकी दूवातासले भिसा अस्वीकृत गरेको छ,' उनले लेखेका छन्, 'मलाई दोस्रोपटक भिसा दिइएन।' सन् २०१९ मा पनि उनले अमेरिकाको भिसा पाएका थिएनन्। अमेरिकी दूतावासले यस सम्बन्धमा केही प्रतिक्रिया नदिने विज्ञप्तिमातर्फ जनाएको छ। 'अमेरिकी कानुनअनुसार भिसासम्बन्धी अभिलेख गोप्य हुने भएकाले भिसाको कुनै केस विशेषबारे टिप्पणी गर्न सक्दैनौं,' दूतावासले जारी गरेको विज्ञप्तिमा लेखिएको छ।

भिसा लाग्दा सन्दीपलाई बिहीबार अमेरिका पठाउने तयारी नेपाल क्रिकेट संघ (क्यान) को थियो। भिसा नपाए पनि उनलाई विश्वकपमा नेपाली टोलीसँगै सहभागी गराउने प्रक्रियामा पहल गर्ने क्यानले जनाएको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले राज्यस्तरबाटै भिसा दिलाउने प्रयासमा आफू रहेको बताएका छन्।

सोसल मिडियामा सन्दीप लेख्छन्-

अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने विश्वकपका लागि अमेरिकी दूतावासले मेरो भिसा अस्वीकृत गरेको छ। यसअघि सन् २०१९ मा पनि यस्तै भएको थियो। सबै समर्थकसामु माफी चाहन्छु। नेपाली टिमलाई शुभकामना।

'यो सन्दीपको मात्र नभएर राष्ट्रको विषय हो। जसरी पनि उनलाई नेपाली टोलीसँगै विश्वकपमा समावेश गराउने योजनामा छौं। एकपटक भिसा लागेन। अब, राज्यबाट नै प्रयास गर्नेछौं,' चन्दले भने। क्यानले मंगलबार सन्दीपलाई अमेरिका पठाउने भिसाका लागि आवश्यक प्रक्रिया मिलाएको थियो। क्यानकै पहलमा सन्दीपको अन्तर्वार्ता मिति बुधबार तोकिएको थियो।

'बिहीबार बुद्धजयन्तीको दिन सार्वजनिक बिदा भएकाले उनको अन्तर्वार्ता बुधबार मिलायौं, तर दूतावासले भिसा दिएन,' चन्दले भने, 'हामीले दूतावाससमक्ष अदालतको फैसला, क्यानको निर्णय र आइसिसीको स्वीकृति बुझाएका छौं, सबै कागजी प्रक्रिया पूरा हुँदा पनि सन्दीपले भिसा पाएनन्।' पाटन उच्च अदालतले बलात्कार मुद्दामा सफाइ दिएपछि क्यानले सन्दीपमाथिको प्रतिबन्ध फुकुवा गर्दै नेपाली टोलीमा समावेश गर्ने निर्णय गरेको थियो।

२५ मेसम्म खेलाडी परिवर्तन गर्न पाउने

आइसिसीको डेटलाइनअनुसार २५ मेसम्म घोषित खेलाडी हेरफेर गर्न मिल्छ। यसै प्रावधानअनुरूप नै क्यानले सन्दीपलाई नेपाली टोलीमा समावेश गर्न लागेको हो। यस्तो हुँदा क्यानले घोषणा गरेको १५ मध्येबाट एक खेलाडीको नाम हटाउनुपर्ने हुन्छ। सन् २०१९ मा पनि दूतावासले सन्दीपलाई अमेरिकाको भिसा दिएको थिएन। वेस्ट इन्डिजमा आयोजित क्यारेबियन लिग खेल्न अमेरिका हुँदै जाने तयारीमा लागेका उनले भिसाका लागि आवदेन दिएका थिए। त्यसवेला पनि उनले भिसा नपाएको जानकारी सोसल मिडियाबाट दिएका थिए।

विश्वकपमा नेपाल समूह 'डी'मा छ। नेपालले अमेरिका, नेदरल्यान्ड्स, क्यानडासँगै टेस्ट राष्ट्र दक्षिण अफ्रिका, श्रीलंका र बंगलादेशसँग खेल्नेछ। आइसिसीले विश्वकप तयारीका रूपमा अमेरिका र क्यानडासँग अभ्यास खेल सार्वजनिक गरेको छ। अहिले अमेरिकामै रहेको नेपाली टोलीले स्थानीय क्लबसँग अभ्यास खेलिरहेको छ।

दूतावास भन्छ-



अमेरिकामा आयोजना हुने टी-२० विश्वकपमा नेपालको पुरुष राष्ट्रिय क्रिकेट टोली, द राइनोजको सहभागिताबारे अमेरिकी दूतावास अत्यन्तै उत्साहित छ। वास्तवमा प्रस्थानपूर्व टोलीको सराहना र प्रोत्साहन गर्न यस दूतावासका केही अधिकारीले केही हप्ताअघि टोलीसँग भेट पनि गरेका थिए।

आउँदै गरेका खेलका निम्ति सम्पूर्ण टिमलाई हाम्रो शुभकामना छ।

भिसा वर्गका लागि योग्य हुने राष्ट्रिय क्रिकेट टोलीहरूका सदस्य विश्वकपमा प्रतिस्पर्धा गर्न समयमै अमेरिकाको यात्रा गर्न सक्षम होऊन् भन्ने सुनिश्चित गर्न काठमाडौंस्थित अमेरिकी दूतावास र विश्वभरका अन्य अमेरिकी कन्सुलर पोस्टहरूले एकजुट भई काम गरेका छन्। अमेरिकी कानुनअनुसार भिसासम्बन्धी अभिलेखहरू गोप्य हुने भएकाले हामी भिसाको कुनै केस विशेषबारे टिप्पणी गर्न सक्दैनौं।

राष्ट्रसँग जोडिएको विषय हो

चतुरबहादुर चन्द, अध्यक्ष, क्यान



सन्दीपले भिसा नपाएको सम्बन्धमा प्रधानमन्त्रीलाई पनि जानकारी गराएका छौं। युवा तथा खेलकुद मन्त्रालय र परराष्ट्र मन्त्रालयसम्म पुगेका छौं। जसरी पनि उनलाई पठाउने योजनामा छौं। सबै प्रक्रिया पूरा हुन एक-दुई दिन लाग्न सक्छ। यो विषय राष्ट्रसँग जोडिएको छ। एकपटक भिसा नलाग्दा अर्कोपटक पुनः प्रयास गर्न सकिन्छ। नेपाली टोलीमा सन्दीप विश्वकपमा हुनुपर्ने खेलाडी हुन्।

राखेपका पदाधिकारी पनि अमेरिका जाने तयारीमा

राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइरालासँगै अञ्जन धमलाले आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता हेर्न अमेरिकाको भिसा प्रक्रिया अगाडि बढाएका छन्। उनीहरू सहजतापूर्वक अमेरिकाको भिसा लगाउन बुधबार युवा तथा खेलकुद मन्त्रालयमा पुगेका थिए। 'भिसाका लागि सहज बनाउन उहाँहरूले मन्त्रालयमा मन्त्रीज्यूसँग भेट गर्नुभएको हो,' मन्त्रालयका एक अधिकारीले भने, 'मन्त्रीज्यूले उहाँहरूलाई के-कस्तो आश्वासन दिनुभयो थाहा भएन।'

नेपाल र युएईबीचको विश्वकप छनोट खेल साउदीमा



नयाँ पत्रिका

नेपाल र संयुक्त अरब इमिरेट्स (युएई)बीचको विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत एसियन छनोट खेल साउदी अरेबियामा हुने भएको छ। पूर्वनिर्धारित तालिकाअनुसार नेपाल र युएईबीच २४ जेठमा दशरथ रंगशालामा हुनुपर्ने थियो। तर, दशरथ रंगशाला अन्तर्राष्ट्रिय खेलका लागि अयोग्य भएपछि एसियन फुटबल महासंघ (एएफसी)ले फिफा विश्वकप २०२६ छनोट दोस्रो चरणको समूह 'एच'को खेल साउदीको दमामस्थित प्रिन्स मोहम्मद विन फहद रंगशालामा हुने निर्णय गरेको छ।

एएफसीले गत २० र २१ वैशाखमा दशरथ रंगशालाको निरीक्षण गरेको थियो। एएफसीका प्रतिनिधिले रंगशालाको मैदानको दुबो, माटोको सतह, फ्लड लाइट र सुरक्षाको कारण देखाउँदै खेल आयोजना गर्न नसकिने जनाए। त्यसपछि एएफसीले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई पत्र लेख्दै रंगशालामा विश्वकप छनोट खेल नहुने निर्णय सुनाएको थियो।

अन्तर्राष्ट्रिय खेलका लागि दशरथ रंगशाला अयोग्य भएपछि नेपाल र युएईबीचको विश्वकप छनोट खेल तटस्थ भूमि साउदी अरेबियामा खेलाउने एएफसीको निर्णय

एएफसीले युएईविरुद्धको खेल 'न्युट्रल भेन्यु'मा गराउन एन्फालाई अनुरोध गरेको थियो। एन्फाले तटस्थ भूमिका रूपमा साउदी रोजेको हो। नेपालले युएईसँग खेलेको पाँच दिनपछि नै यमनसँग खेल्ने तालिका छ। 'पाँच दिनपछि नै यमनसँग खेल्नुपर्ने र यमनले पनि साउदीमै खेल्ने भएपछि खेल साउदीमा गराउने निर्णय भएको हो। सोहीअनुसार एएफसीलाई जानकारी गराएका थियौं,' एन्फा प्रवक्ता सुरेश शाहले भने।

रंगशाला खेलका लागि अयोग्य

दशरथ रंगशालाको मैदानको दुबो, माटोको सतह, फ्लड लाइट र सुरक्षाको कारण जनाउँदै एएफसीले अन्तर्राष्ट्रिय खेल खेल्न नसकिने जनाएको हो। गत चैतमा नेपाल र बहराइनबीचको खेल यसै मैदानमा हुनुपर्ने थियो। त्यसवेला पनि एएफसीका प्रतिनिधिले तिनै कारण देखाउँदै नेपालबाट छनोट खेल सारेका थिए। यद्यपि, गत मंसिरमा नेपालले रंगशालामै विश्वकप छनोटअन्तर्गत यमनविरुद्ध खेल खेलेको थियो। एएफसीले पछिल्लो समयमा अन्तर्राष्ट्रिय खेल आयोजना गर्न दशरथ रंगशालाको विभिन्न पक्षमा सुधार गर्नुपर्ने जनाएको छ। रंगशालाको फ्लड लाइटमा समस्या भएको एएफसीले जनाएको छ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार फ्लड लाइटको ल्याप्स १२ सय हुनुपर्छ। अहिले रंगशालाको फ्लड लाइट सात सय ल्याप्स क्षमता छ।

यसैगरी, एन्फाले विश्वकप छनोटअघि गैरफुटबल आयोजना गर्न दिएपछि रंगशालाको मैदान बिग्रिएको थियो। रग्बी आयोजना हुँदा एन्फाले समयमै रंगशाला निर्माण गर्न नसकेको बताएको थियो। बहराइनसँगको खेल नभएपछि एन्फा र राखेपको चर्को विरोध भयो। त्यसपछि राखेपले मैदान बनाउने जिम्मेवारी आफैंले लिएको हो। तर, आफैंले बनाएको मैदानमा युएईविरुद्ध 'होम म्याच' गराउन राखेप असफल भयो।

एसियन कप खेल्ने सम्भावना कायमै

समूह 'एच'मा लगातार चार खेल हारेपछि अमेरिका, मेक्सिको र क्यानडामा आयोजना हुने विश्वकप खेल्नबाट नेपाल असफल भइसकेको छ। नेपाल समूहको पुछारमा छ। पहिलो लेगमा युएईविरुद्ध ४-० ले पराजित भएको थियो। यसअघि यमनविरुद्ध नेपाल २-० ले पराजित भएको थियो। नेपालले चार खेलमा १४ गोल बेहोरेको छ। एक गोल पनि गर्न सकेको छैन। यद्यपि, एएफसी एसिया कप छनोटको तेस्रो चरण खेल्ने सम्भावना कायम छ।

बंगलादेशमाथि अमेरिकाको सानदार जित

आइसिसी टी-२० विश्वकपअघि टेस्ट राष्ट्र बंगलादेशमाथि अमेरिकाले पाँच विकेटको सनसनी जित निकाल्यो



एजेन्सी

अमेरिकाले टेस्ट राष्ट्र बंगलादेशलाई पहिलो टी-२० क्रिकेट प्रतियोगितामा पाँच विकेटले स्तब्ध पारेको छ। आइसिसी टी-२० विश्वकपअघि अमेरिका भ्रमणमा रहेको बंगलादेश तीन बलअघि स्तब्ध भएको हो। अमेरिकाको प्रारिए मैदानमा पहिलो ब्याटिङ गरेको बंगलादेशले २० ओभरमा ६ विकेट गुमाएर १५३ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा अमेरिकाले १९.३ ओभरमा पाँच विकेटको क्षतिमा १५६ रन बनाएको थियो।

अमेरिकाले पहिलोपटक टेस्ट राष्ट्र बंगलादेशमाथि जित निकालेको हो। अमेरिकाको जितमा कोरी एन्डेसन र हमित सिंहले छैटौं विकेटका लागि ६२ रनको अविजित साझेदारी गरेका थिए। कोरीले २५ बलमा दुई छक्काको मद्दतमा ३४ रनको योगदान गरे। हमितले १३ बलमा तीन छक्का र दुई चौकाको सहयोगमा ३३ रन जोडे। अमेरिकाले १२ अतिरिक्त रन पाएको थियो। अमेरिकाको ब्याटिङमा ओपनर स्टेभन टेलरले २९ बलमा एक चौका र छक्का प्रहार गरी २८ रन बटुले। मध्यक्रमका एन्ड्रस गोउसले १८ बलमा चार चौकाको सहयोगमा २३ रन बनाए। बंगलादेशका लागि मुस्ताफिजुर रहमानले ४१ रन खर्चेर दुई विकेट हात पारेका थिए।

बंगलादेशको मध्यम योगफल

विश्व क्रिकेटकै अनुभवी खेलाडीले भरिएको बंगलादेशले अमेरिकाविरुद्ध मध्यम ब्याटिङ प्रदर्शन गरेको थियो। ओपनर लिटन दास र सौम्य सरकारले पहिलो विकेटका लागि ४.३ ओभरमा ३४ रनको साझेदारी गरेका थिए। दासले १५ बलमा समान एक चौका र छक्का प्रहार गरी १४ रन बनाए। इनिङ्सको ५.१ ओभरमा सौम्यले विकेट गुमाए। उनले १३ बलमा तीन चौका प्रहार गरी २० रनको योगदान दिए।

त्यसपछि हिडोयले अर्धशतकीय इनिङ्स खेल्दा बंगलादेशको ब्याटिङमा सुधार आयो। इनिङ्सको एक समय बंगलादेश ११.२ ओभरमा ६८-४ को अवस्थामा थियो। हिडोय र महमुदुल्लाहबीच पाँचौं विकेटका लागि ६७ रनको साझेदारी भएपछि बंगलादेश १८.४ ओभरमा १३५-६ को स्थितिमा रह्यो। हिडोयले ४७ बलमा दुई छक्का र चार चौकाको सहयोगमा सर्वाधिक ५८ रनको योगदान दिए। महमुदुल्लाहले २२ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३१ रन बनाए।

नौ महिला खेलाडी राष्ट्रिय खेलमा छनोट

नयाँ पत्रिका

नेपाल बुद्धिचाल महासंघको आयोजनामा सञ्चालन भइरहेको नवौं महिला राष्ट्रिय 'बी' चेस च्याम्पियनसिपबाट नौजना महिला खेलाडी राष्ट्रिय खेलका लागि छनोट भएका छन्। प्रतियोगिताको सातौं चरणपछि कोशी प्रदेशकी च्याम्पियन कृतिसरा अधिकारीले सर्वाधिक ६ अंक प्राप्त गरिन्। पूर्वनेपाल च्याम्पियन सिन्दिरा जोशी ५.५ अंक, काठमाडौंकी रिया श्रेष्ठ र पोखराकी पूजा भण्डारी ४.५ अंकसहित छनोटमा भएका छन्।

क्लासिकल ९० मिनेट खेलमा काठमाडौंकी बिनिता कपाली, भक्तपुरकी अंशुदिल प्रजापति, झापाकी पुनम प्रसाईं, भक्तपुरका श्रेषा दुवाल र सविना गुजले समान ४ अंक जोड्दै राष्ट्रिय प्रतियोगिताका लागि स्थान पक्का गरेका छन्। ३.५ अंक जोडेका भक्तपुरकी प्रश्ना किबानायो र रुपन्देहीकी नमन सेढाईं वैकल्पिक खेलाडीका रूपमा रहेका छन्।

खुला छनोटको आठौं चरण सकिँदा युवा खेलाडी पुरुषोत्तम सिलवाल ६.५ अंकका साथ शीर्ष स्थानमा छन्। काभ्रेका क्यान्डिडेड मास्टर मिलन लामा र एरिना इन्टरनेसनल मास्टर शुश्रुत दाहाल ६ अंकका साथ संयुक्त दोस्रो स्थानमा छन्। राष्ट्रिय च्याम्पियनसिपमा स्थान पक्का गर्ने उद्देश्यका साथ प्रेमकृष्ण महर्जन, सिएम केशव श्रेष्ठ, सुशील चौधरी, प्रकाशचन्द्र नेपाल, सिएम पुरुषोत्तम चौलागाईं, लोकसागर साम्भा, रिसोन थापा, राजीव कार्की र सुरोज महर्जनले ५.५ अंक जोड्दै संयुक्त रूपमा तेस्रो स्थानमा कब्जा जमाएका छन्।

राजस्थानले हैदराबादविरुद्ध खेल्ने

एजेन्सी



१७औं इन्डियन प्रिमियर लिग (आईपिएल)को फाइनल प्रवेशका लागि राजस्थान रोयल्सले सनराइजर्स हैदराबादविरुद्ध प्रतिस्पर्धा गर्ने भएको छ। आइपिएलअन्तर्गत बुधबार राजस्थानले रोयल्स च्यालेन्जर्स बेंग्लोरलाई चार विकेटले हराउँदै हैदराबादसँगको भिडन्त पक्का गरेको हो। मंगलबार भएको पहिलो प्लेअफमा हैदराबाद कोलकाता नाइटराइडर्ससँग पराजित भएको थियो।

अहमेदाबादमा भएको इलिमिनेटर खेलमा पहिलो ब्याटिङ गरेको बेंग्लोरले २० ओभरमा आठ विकेट गुमाएर १७२ रनको योगफल बनायो। प्रत्युत्तरमा राजस्थानले १९ ओभरमा ६ विकेट गुमाएर १७४ रन बनाएको थियो। राजस्थानलाई अन्तिम १२ बलमा १३ रन आवश्यक थियो। रोभम्यान पावेलले लोकी फर्गुसनको ओभरमा १४ रन जाड्दा बेंग्लोर बाहिरियो।

पावेलले ९ बलमा एक छक्का र दुई चौका प्रहार गरी १६ रन बटुले। राजस्थानको जितमा यशस्वी जयसवाललले सर्वाधिक ४५ रनको योगदान दिए। उनले ३० बलमा आठ चौका प्रहार गरे। ओपनर टोम कोहलेरले १५ बलमा २० रन बनाए। रियान परागले २६ बलमा ३६ तथा सिम्रन हेटमेयरले २६ रनको योगदान दिए। आइपिएलमा बेंग्लोरका पूर्वकप्तान विराट कोहलीले आठ हजार रन पूरा गरेका छन्। उनले इनिङ्सको छैटौं ओभरमा सन्दीप शर्माविरुद्ध एक रन लिँदै आइपिएलमा आठ हजार रन पूरा गरेका हुन्। यस क्रममा उनले दुई सय ५२ खेल खेले।

यसअघि बेंग्लोरका लागि कुनै ब्याट्समयानले अर्धशतकीय योगदान दिन सकेनन्। तर, फर्ममा रहेका ओपनर विराट कोहली र कप्तान फा डु प्लेसिसले पहिलो विकेटका लागि ४.४ ओभरमा ३७ रनको साझेदारी गरे। प्लेसिसले १४ बलमा एक छक्का र दुई चौकाको सहयोगमा १७ रन जोडे। कोहलीले क्यामरुन ग्रिनसँग दोस्रो विकेटका लागि १९ रनको साझेदारी गरे।

आइपिएलमा सर्वाधिक रनको दौडमा शीर्ष स्थानमा रहेका कोहलीले ३३ रन जोडे। उनले २४ बलमा तीन चौका र एक छक्का प्रहार गरे। मध्यक्रममा ग्रिनले रजत पतिदारसँग तेस्रो विकेटका लागि ४१ रनको साझेदारी गरे। ग्रिनले २१ बलमा २७ रन बनाए। रजतले टोलीका लागि सर्वाधिक ३४ रनको योगदान दिन २२ बलमा समान दुई चौका र छक्का प्रहार गरेका थिए।

बेंग्लोरको टोलीमा महँगा खेलाडीमध्ये ग्लेन म्याक्सवेल पुनः एकपटक गोल्डेन डकआउट भए। रविचन्द्रन आश्विनले म्याक्सवेललाई जुरेलबाट क्याच आउट गराए। उनी आउट हुँदा बेंग्लोर ९७-४ को स्थितिमा रह्यो। महिपाल लोम्रोरले १७ बलमा समान दुई चौका र छक्का प्रहार गर्दै ३२ रन बनाए।

खेल संक्षेप


ज्ञानोदयलाई बास्केटबल उपाधि

काठमाडौं/ मोडर्न इन्डियन स्कुल (मिस)को आयोजनामा भएको भएको मिस कप इन्टरस्कुल प्रतियोगिताको महिला टेनिसमा मिस महिला टोलीले उपाधि जितेको छ। पुरुषतर्फ डिएभीले मिसलाई हरायो। १९ मेबाट सुरु प्रतियोगितामा चाँदबाग, ज्ञानोदय, रूपी, डिएभी, त्रियोग, केन्द्रीय विद्यालय र आयोजकको मिसले भाग लिएका थिए। बास्केटबल, फुटसल, क्रिकेट, ब्याडमिन्टन, टेबुलटेनिस र बुद्धिचालमा सात सयभन्दा बढी खेलाडीले भाग लिएका थिए। बास्केटबल उपाधि ज्ञानोदय र चाँदबागले जितेका छन्। पुरुषको फाइनलमा ज्ञानोदयले मिसलाई ३०-२४ तथा महिलातर्फ चाँदबागले त्रियोगलाई ११-८ ले हराएको छ। फुटसलको उपाधि डिएभीले जित्यो।

नेपालको पहिलो जित

काठमाडौं/ एटिएफ यू-१२ टेनिस टिम प्रतियोगिता (दक्षिण एसियाली क्षेत्रीय छनोट)को पुरुषतर्फ नेपालले बुधबार जित हात पारेको छ। चार राष्ट्र रहेको समूह 'बी'को लिग खेलमा नेपालले भुटानलाई ३-० को सोझो सेटमा हराएको हो। नेपाल यसअघि श्रीलंका र पाकिस्तानसँग पराजित भएको थियो। नेपाल प्रतियोगिताबाट बाहिरिएको छ। पहिलो एकलमा नेपालका विश्वविशेष डल्लाकोटीले डुडु तेन्जिङलाई ६-० र ६-३ ले हराए। निश्चल ज्ञवालीले पेल्थोप छिरिङलाई ६-२ र ६-३ को सोझो सेटमा पराजित गरे। डबल्समा नेपालका विश्व र साहनाबाज आलमको जोडीले पेल्थोप र मिफाम छिरिङको जोडीलाई ६-० र ६-२ को सेटमा हरायो। नेपाल टेनिस संघद्वारा आयोजित प्रतियोगिताको पुरुषमा पाकिस्तानले श्रीलंका तथा भारतले बंगलादेशलाई समान ३-० ले पन्छाए।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com